नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष ३१, अंक ११ काठमाडौं | २०८२ पुस २१ सोमबार | माघ कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Monday 5 January 2026 | पृष्ठ ८+२ | मूल्य रु ५।-

● चुनावी गठबन्धनको प्रयासमा शीर्ष तीन दल

## एमाले अध्यक्ष ओलीले गरे देउवापछि दाहालसँग भेट

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, २० पुस

मुलुकका प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच चुनावी तालमेलको प्रयास तीव्र भएको छ। आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै नयाँ र आफूलाई वैकल्पिक राजनीतिक शक्ति दाबी गर्ने दल तथा समूह एक ठाउँमा आइसकेका छन्। गत भदौ २३ र २४ गते भएको 'जेन-जी' विद्रोहपछिको प्रमुख शक्ति बन्ने उद्देश्यका साथ काठमाडौं महानगरका प्रमुख बालेन्द्र (बालेन) साह र अन्तरिम सरकारका मन्त्रीसमेत रहनुभएका कुलमान घिसिङको उज्यालो नेपाल पार्टी (उनेपा) राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा समाहित भइसकेका छन्। आफूलाई वैकल्पिक शक्ति भन्दै आएको दल तथा समूहबीच भएको एकताले परम्परागत दलहरूमाथि ठूलो दबाब सिर्जना भएको छ।

नयाँहरू दल तथा समूहहरू एकठाउँ आएपछि पुराना दलहरू पनि मोर्चाबन्दीको गृहकार्यमा जुटेका छन्। खासगरी 'जेन-जी' आन्दोलनकै कारण सत्ताबाट बहिर्गमित भएका नेपाली कांग्रेस र नेकपा एमालेले चुनावी गठबन्धनको प्रयास तीव्र बनाएका छन्। पछिल्ला दिनहरूमा कांग्रेस र एमालेबीचको चुनावी तालमेलको प्रयासमा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी सहितका घटक एकीकरण भएर बनेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) पनि जोडिएको छ। परम्परागत प्रमुख तीन दलका नेताहरूबीच औपचारिक र अनौपचारिक ढंगले संवाद भइरहेको छ।

» पृष्ठ २ मा क्रमशः



### ■ प्रमुख तीन दलबीच मिलेर जान गृहकार्य भइरहेको छ : भट्ट



नेकपा एमालेका उपमहासचिव लेखराज भट्टले गणतन्त्र पक्षधर राजनीतिक दलहरू एक भएर निर्वाचनमा जाने विषयमा छलफल चलिरहेको जानकारी दिनुभएको छ। परम्परागत राजनीतिक दलहरू कांग्रेस, एमाले र नेकपा मिलेर चुनावमा जाने सम्भावना छ कि ? भन्ने प्रश्नमा उपमहासचिव भट्टले भन्नुभयो, 'नेतृत्वका बीचमा छलफल चलिरहेको छ। सम्पर्क गाढा भइरहेको छ। राजनीति हो, सम्भावनालाई नकार्न सकिँदैन।' सकेसम्म गणतन्त्र पक्षधरहरूले संविधानको रक्षाका लागि मिल्नुपर्छ भन्नेमा एमालेको जोड रहेको उहाँको भनाइ छ।

### अर्थपूर्ण 'वान टु वान' वार्ता

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहालबीच विकसित पछिल्लो राजनीतिक घटनाक्रमबारे समीक्षा भएको छ। आइतबार ललितपुरको च्यासलस्थित एक घरमा भएको भेटमा दुवै नेताले सरकारले चुनावको वातावरण बनाउन नसकेको निष्कर्ष निकालेका छन्। दाहालका स्वकीय सचिव गोविन्द आचार्यले चुनाव गर्ने भने पनि सरकारले वातावरण बनाउन नसकेको बारेमा छलफल भएको जानकारी दिनुभएको छ। राष्ट्रपतिसँग भएको सामूहिक छलफल र प्रधानमन्त्री सुशीला कार्कीसँग भएको भेटमा चुनावका लागि वातावरण बनाउने कुरा भए पनि सोही अनुसारको काम सरकारले नगरेको बारेमा दुवै नेताले चिन्ता व्यक्त गरेको जानकारी दिँदै आचार्यले भन्नुभयो, 'सुरक्षा चुनौती बढेका बेला नेताका सुरक्षाकर्मी काटिएको छ।

**संयोजक दाहाल नयाँदिल्ली भ्रमणमा**

» पृष्ठ २ मा क्रमशः

### ■ एमाले-कांग्रेस गठबन्धन गरेर चुनाव लड्न सक्छन् : महासेठ



नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठले एमाले र कांग्रेस मिलेरै चुनाव लड्न सक्ने बताउनुभएको छ। आइतबार बिहान जनकपुरस्थित आफ्नै निवासमा पत्रकार सम्मेलन आयोजना गर्नुभएका उपमहासचिव महासेठले देशको परिस्थितिअनुसार कांग्रेससँग मिलेर चुनाव लड्न असम्भव नरहेको उल्लेख गर्दै भन्नुभयो, 'देशमा पछिल्लो समय भइरहेको षड्यन्त्र विरुद्धमा गठबन्धनको कुरा राजनीतिमा असम्भव होइन। हुनसक्छ भोलि कांग्रेस-एमालेसँगै चुनाव लड्न सक्छन्। देश, संविधान, गणतन्त्र र संघीयताको रक्षाको लागि कांग्रेस एमाले गठबन्धन हुनसक्छ।'

## भेनेजुएलामा अमेरिकी कारबाहीले विश्व राजनीतिमा नयाँ तनाव



भेनेजुएलाका राष्ट्रपति निकोलास मादुरोलाई पक्राउ गरी अमेरिका लग्दै अधिकारीहरू। तस्वीर : एबिसी न्युज

**नारायण भण्डारी/हिटा**

काठमाडौं, २० पुस

- ■ तेल भण्डारमाथि अमेरिकी नजर
- ■ विश्व दुई ध्रुवमा बाँडियो
- ■ अमेरिकी हमलाविरुद्ध काठमाडौंमा प्रदर्शन

भेनेजुएलाका राष्ट्रपति निकोलास मादुरोलाई अमेरिकाले एक 'नाटकीय' सैन्य कारबाहीमार्फत नियन्त्रणमा लिएपछि विश्व राजनीति गम्भीर मोडमा पुगेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार सार्वजनिक रूपमा मादुरो र उहाँकी पत्नी सिलिया फ्लोरेसलाई भेनेजुएला भित्रैबाट नियन्त्रणमा लिइएको घोषणा गरेपछि ल्याटिन अमेरिका मात्र होइन, विश्व शक्ति सन्तुलन र ऊर्जा बजारमा समेत ठूलो हलचल उत्पन्न भएको छ। कराकासस्थित भेनेजुएलाको सर्वोच्च अदालतले उपराष्ट्रपति डेल्सी रोड्रिगेस देशको सर्वोच्च नेता रहने आदेश जारी गरेको छ। उहाँले अब अन्तरिम राष्ट्रपतिका रूपमा काम गर्ने ठानिएको छ। ट्रम्पले भेनेजुएलामाथि आफ्नो देशले आक्रमण गरेर राष्ट्रपति मदुरोलाई नियन्त्रणमा लिइएको बताउनुभएको थियो।

मदुरो र उहाँकी पत्नीलाई न्युयोर्क ल्याइँदै गरिएको तस्वीर उहाँले सामाजिक सञ्जाल ट्रुथमार्फत सार्वजनिक गर्नुभएको थियो।

» पृष्ठ २ मा क्रमशः

● गैरदलीय सरकारमा दलीय मन्त्री

## चुनावमा अर्जुनदृष्टि, नजर सत्ता र संसद्तर्फ

**डिबी शर्मा/हिटा**

काठमाडौं, २० पुस



गत भदौ २३ र २४ गतेको 'जेन-जी' आन्दोलनले नेपालको राजनीतिक परिदृश्य नै उल्टाइदियो। सडकमा उर्लिएको आक्रोश, भदौ २४ को हिंसात्मक प्रदर्शन र त्यसपछिको असहज अवस्थाले दलहरूलाई तत्कालीन अवस्थामा सार्वजनिक रूपमा देखिन नसक्ने बनायो। दलका नेताहरू नेपाली सेनाको सुरक्षामा सीमित हुनुपर्‍यो। राजनीतिक शून्यताबाट जन्मियो गैरदलीय चुनावी सरकारको अवधारणा अनि पूर्व-प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गैरदलीय चुनावी सरकार बन्यो। नागरिक सरकारमा मन्त्रीहरू दलबाहिरबाट छानिए। राजनीतिक दलसँग औपचारिक आबद्धता नभएका तर, पेसागत पहिचान बोकेका व्यक्तिहरू मन्त्री बने। 'जेन-जी' आन्दोलनको दबाबका कारण केपी शर्मा ओली प्रधानमन्त्रीले राजीनामा दिएपछि २७ भदौमा पूर्व-प्रधानन्यायाधीश कार्की प्रधानमन्त्री बन्नुभएको थियो।
६ महिनाभित्र चुनाव गराउने म्याण्डेटसहित प्रधानमन्त्री हुनुभएकी उहाँले पूर्वप्रशासक, पूर्वसुरक्षा अधिकारी, कानुन व्यवसायी, प्राध्यापक, वैज्ञानिकलगायत पृष्ठभूमिका व्यक्तिलाई मन्त्री बनाउनुभएको थियो।

अन्तरिम सरकारको एक मात्र म्याण्डेट हो, फागुन २१ मा निष्पक्ष, स्वच्छ र धाँधलीरहित निर्वाचन गराउनु। तर, समय बित्दै जाँदा गैरदलीय सरकारभित्रै दलीय रंग मिसिएको छ। गैरदलीय सरकारका मन्त्रीहरू दलीय गतिविधिमा लाग्ने मात्रै होइन, दल नै खोलेर नेता बनेका छन्। यसैमध्येको सबैभन्दा ठूलो नाम हो ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ। गैरदलीय सरकारमा प्रवेश गर्दा उहाँ कुनै दलमा हुनुहुन्थेन।

तर, मन्त्री भएपछि उहाँले आफ्नै संरक्षकत्वमा उज्यालो नेपाल पार्टी घोषणा गर्नुभयो। त्यतिबेलै दलमा लागेपछि उहाँले मन्त्री पदबाट राजीनामा दिनुपर्ने आवाज उठेको थियो। अहिले त्यो प्रश्न अझ गम्भीर बनेको छ।

» पृष्ठ २ मा क्रमशः

### ■ दलमा आबद्ध मन्त्रीहरूलाई प्रधानमन्त्रीले तत्काल बर्खास्त गर्नुपर्छ : महासेठ

नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठले राजनीतिक दलसँग आबद्ध अन्तरिम सरकारका मन्त्रीहरूलाई प्रधानमन्त्रीले तत्काल बर्खास्त गर्नुपर्ने बताउनुभएको छ। आइतबार जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै उपमहासचिव महासेठले चुनावी सरकारमा गएका मन्त्रीहरू आफ्नो नैतिकताविपरीत राजनीतिक क्रियाकलापमा सक्रिय रहेकाले राजीनामा दिनुपर्ने बताउनुभयो। राजीनामा नआए प्रधानमन्त्रीले तत्काल बर्खास्त गर्नुपर्ने उहाँको भनाइ थियो। पार्टी गठन गर्ने र प्रधानमन्त्री बन्ने सपना देखेर सरकारमा बस्नेहरूले राजीनामा दिएर चुनावी मैदानमा आउनुपर्ने उहाँले बताउनुभयो। फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने वातावरण सरकारले बनाउन नसकेको महासेठले आरोपसमेत लगाउनुभयो।




**महेश बस्ताकोटी**

## सामाजिक सञ्जाल मार्फतको निरन्तर आक्रमणप्रति न्यायालय चिन्तित



प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतलगायत सर्वोच्चका न्यायाधीशहरू आइतबार विभिन्न सञ्चार माध्यमका प्रधानसम्पादक र सम्पादकहरूसँग छलफल गर्दै। तस्वीर : रत्न श्रेष्ठ/रासस

**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, २० पुस

सामाजिक सञ्जालमार्फत न्यायालयविरुद्ध भ्रम फैलाइएकोमा न्यायालयले चिन्ता प्रकट गरेको छ। पछिल्लो समय सामाजिक सञ्जालका माध्यमबाट न्यायालयप्रति अनर्गल प्रचार गर्ने र सञ्चार माध्यमहरूले समेत कतिपय विषयमा भ्रम सिर्जना हुने गरी समाचार सम्प्रेषण गरेको भन्दै न्यायालयले गुनासो गरेको हो।

आइतबार सर्वोच्च अदालतमा विभिन्न मिडियाका सम्पादकहरूसँग अन्तरक्रिया गर्दै प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले सामाजिक सञ्जालहरूमा न्यायपालिका र न्यायाधीश लक्षित गरी अराजक तथा अश्लील सामग्री प्रसारण भइरहेको भन्दै चिन्ता प्रकट गर्नुभएको हो।

» पृष्ठ २ मा क्रमशः

● नेपालको वैदेशिक व्यापारमा ठूलो खाडल

## १८ खर्बको आयात, दुई खर्ब ७७ अर्बको निर्यात

**किरण ढकाल/हिटा**

काठमाडौं, २० पुस




नेपालको वैदेशिक व्यापारमा ठूलो असन्तुलन देखिएको छ। नेपालले आयातको तुलनामा निर्यात व्यापार बढाउन नसक्दा आयात-निर्यातबीचको खाडल बर्सेनि बढ्दै गएको हो। नेपाल राष्ट्र बैंकका अनुसार गत आवमा १८ खर्ब चार अर्ब १२ करोड २७ लाख ३० हजारको वस्तु तथा सेवा आयात गर्दा नेपालले भने कुल दुई खर्ब ७७ अर्ब रुपैयाँको मात्र निर्यात गर्न सफल भएको छ। नेपालको निर्यात व्यापार पछिल्लो समय क्रमशः बढ्दै गएको भए पनि आयातको तुलनामा निर्यात व्यापारको आकार ज्यादै न्यून छ। जसका कारण नेपालको वैदेशिक व्यापार सन्तुलन कायम गर्न नसकेको राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकका अनुसार गत आवमा वैदेशिक व्यापार सन्तुलन १५ खर्ब २७ अर्ब नौ करोड २५ लाख ३० हजारभन्दा बढी छ। यो अघिल्लो वर्षको तुलनामा ६ प्रतिशतले बढेको हो। भारतसँग मात्र आठ खर्ब ४६ अर्ब ५१ करोड ४५ लाख ४० हजार व्यापार घाटा छ। यो अघिल्लो वर्षको तुलनामा भने ५ दशमलव २६ प्रतिशतले घटेको छ। विलासिताका वस्तु तथा सेवाको आयातमा भएको वृद्धि र नेपालको निर्यातजन्य वस्तुको बजारीकरण अभाव लगायतका विषय आयात-निर्यातबीचको असन्तुलनका प्रमुख कारक हुन्।

उद्योग व्यवसाय सञ्चालनका लागि राज्यको नीति समयानुकूल नहुनु, स्वदेशमा ठूला कलकारखाना तथा उद्योग धन्दा सञ्चालन नहुनु, भएका पनि विभिन्न कारणले रुग्ण बन्दै जानु, निर्यातजन्य वस्तु उत्पादन हुने उद्योगको क्षमता विस्तार नहुनु, लगानी, कच्चा पदार्थ, दक्ष कामदार र बजारीकरणमा समेत समस्या रहेकाले निर्यात व्यापार फस्टाउन नसकेको व्यवसायीहरूको भनाइ छ। नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्य राज्यको संस्थागत नीति मजबुत नहुँदा निर्यात व्यापार फस्टाउन नसकेको र आयात बढ्दै गएको बताउनुहुन्छ। 'राज्यको नीति उत्पादन र निर्यात वृद्धि गर्ने खालको हुनुपर्छ', उपाध्यक्ष वैद्यले हिमालय टाइम्ससँग कुराकानीमा भन्नुभयो, 'जबसम्म राज्यको नीति स्पष्ट हुँदैन, तबसम्म निर्यात व्यापार बढाउन र आयात कम

» पृष्ठ २ मा क्रमशः

### ■ समग्र वैदेशिक व्यापारमा भने सुधार

आयात-निर्यातमा अन्तर फराकिलो भए पनि समग्र वैदेशिक व्यापारमा भने थोर बहुत सुधार देखिएको छ। औद्योगिक क्षेत्रमा लगानीको अभाव, कच्चा पदार्थ, मजदुर र बजारको सधैं समस्या हुने गरेको भए पनि पछिल्लो समय वैदेशिक व्यापारमा भने सुधार देखिएको राष्ट्र बैंकले जनाएको छ।

गत भदौमा भएको 'जेन-जी' आन्दोलनका कारण अहिले उद्योग व्यवसाय क्षेत्र धराशायी अवस्थामा रहेको व्यवसायीहरूको बताइरहेका छन्। लगानीको वातावरण नरहेको तथा पुँजी पलायनको अवस्थासमेत बढेको उनीहरूले सार्वजनिक मञ्चमै बताउने गरेका छन्।

» पृष्ठ २ मा क्रमशः

### ■ पाँच अर्ब ३४ करोड रुपैयाँ भुक्तानी हुने

यता, सरकारले निर्यातजन्य वस्तुमा उपलब्ध गराइँदै आएको नगद प्रोत्साहन बापतको पाँच अर्ब ३४ करोड रुपैयाँ भुक्तानी गर्ने भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा आर्थिक वर्ष २०८०/८१ सम्म नगद प्रोत्साहन अनुदान बापतको बक्यौता रकम उपलब्ध गराउन अर्थ मन्त्रालयले पाँच अर्ब ३४ करोड रुपैयाँ निकासा गर्ने भएको हो। विभिन्न तीन दर्जन वस्तु निर्यातमा उपलब्ध गराउँदै आएको नगद अनुदानको विषयमा आएको लामो अन्योलतापछि सो निर्णय भएको हो।

उद्योग विभागका अनुसार आर्थिक वर्ष २०८/८१ सम्मको करिब साढे पाँच अर्ब रुपैयाँको हाराहारीमा भुक्तानी गर्नुपर्ने देखिए पनि नेपाल राष्ट्र बैंकबाट दुई अर्ब रुपैयाँ बराबरको भुक्तानी गर्नुपर्ने विषयमा प्रमाणीकरण गर्ने काम सम्पन्न भएको छ। मन्त्रालयले नयाँको हकमा भने उत्पादनको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराउने तयारी भइरहेको जनाएको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा 'उत्पादनमा आधारित प्रोत्साहन प्रणाली' भनेर आएको थियो।



## एमाले अध्यक्ष...

« पृष्ठ १ बाट क्रमशः

चुनावी तालमेलको प्रयासमा प्रमुख तीन दल कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरूले छलफल तीव्र पारेका छन् । त्यसो त कांग्रेसमा सभापति शेरबहादुर देउवा पक्ष तथा महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाहरूबीचको शक्ति संघर्षले विभाजनको रेखा कोरिएका बेला एमालेसँग सहकार्यको सम्भावना कमजोर बनेको छ । आइतबार बिहान एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहालबीच 'वान टु वान' भेटवार्ता भएको छ । दुई दलका शीर्ष नेताहरूबीच आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनमा तालमेल गर्ने विषयमा छलफल भएको बताइएको छ । संयोग त के छ भने नेकपाका संयोजक दाहालले आइतबार नयाँदिल्ली भ्रमणमा जानुअघि एमाले अध्यक्ष ओलीसँग भेटवार्ता गर्नुभएको हो । यसअघि ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासँग पनि 'वान टु वान' भेटवार्ता गरिसक्नु भएको छ । नेकपाका नेता वर्षमान पुनले राष्ट्रियसभा निर्वाचनको सन्दर्भमा प्रमुख दलहरूबीच छलफल चलिरहेको जानकारी दिँदै तालमेलको टुंगो लागिनसकेको जानकारी दिनुभएको छ ।

राष्ट्रिय सभाका १९ जना सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिँदै छ । कार्यकाल सकिन लागेकामध्ये एकजना वामदेव गौतम राष्ट्रपतिबाट मनोनीत हुन् । राष्ट्रपतिबाट मनोनीतको हकमा सरकारको सिफारिशमा फेरि राष्ट्रपतिबाटै मनोनीत हुन्छन् । बाँकी १८ सिटका लागि आगामी ११ माघमा निर्वाचन हुँदै छ । प्रमुख तीन दल एक्लाएक्लै लड्ने अवस्था नभएकाले तालमेलको प्रयास भएको नेताहरूको भनाइ छ । राष्ट्रियसभा निर्वाचनको सन्दर्भमा नेपाली कांग्रेसका तर्फबाट कार्यवाहक सभापति पूर्णबहादुर खड्का, रमेश लेखक, डा.प्रकाशशरण महत, एमालेका तर्फबाट शंकर पोखरेल र माओवादीका नेता वर्षमान पुन लगायतका नेताहरू दुई पक्षीय र बहुपक्षीय छलफलमा रहनुभएको छ । यही पुस २३ गते मनोनयन दर्ताको समय छ । यसकारण पनि नेताहरूबीच संवाद बाक्लिएको छ । कांग्रेस नेता रमेश लेखकले राष्ट्रिय सभाको निर्वाचनका सन्दर्भमा दलहरूबीच छलफल चलिरहेको जानकारी दिनुभएको छ । राष्ट्रिय सभाको निर्वाचनमा प्रमुख तीन दल मिले भने अर्को प्रतिस्पर्धी दल नै हुने छैन । किनभने सातै प्रदेशको मतभारमा तीन दल मिल्दा धेरै नै बलिया हुनेछन् ।

## अर्थपूर्ण 'वान टु...

« पृष्ठ १ बाट क्रमशः

चुनावी सरकारका मन्त्रीहरू नै कुनै पार्टीको पक्षधरता लिएर हिँडिरहेका छन् । पुराना पार्टीलाई हराउनुपर्छ भनेर सरकारका मन्त्रीले भाषण गरिरहेका छन् । यसले चुनावी वातावरण बनाएको छ कि बिगारिरहेको छ भन्नेबारे कुरा भयो ।' भदौ २३-२४ को घटनापछि पहिलोपटक ओली र दाहालबीच एक्लाएक्लै भेटवार्ता भएको हो । आगामी निर्वाचनमा प्रमुख दलबीच घोषित-अघोषित तालमेलका लागि कुराकानी भइरहेको चर्चाबीच दाहाल र ओलीबीचको भेटवार्तालाई राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा लिइएको छ । २०७७ फागुनमा नेकपा विघटित भएपछि एक नदीका दुई किनारा भएका एमाले अध्यक्ष ओली र नेकपाका संयोजक दाहालबीच फेरि संवाद हुन थालेको हो । 'जेन-जी' आन्दोलनपछि बिलखबन्दमा परेका यी दुई दलबीच फागुन २१ को प्रतिनिधिसभा निर्वाचन र त्यसअघि माघ १२ गतेको राष्ट्रियसभा सदस्य निर्वाचनमा मिल्ने विकल्प खोजी हुन थालेको हो । 'जेन-जी' आन्दोलनपछि हुन लागेको निर्वाचनमा रास्वपासहितका नयाँ शक्तिले सिर्जना गर्नसक्ने चुनौतीलाई लिएर पुराना दल तर्सिएका छन् । सोही कारण पुराना दलबीच सहकार्यको लागि विभिन्न ढंगले आन्तरिक छलफल भइरहेको छ ।

### संयोजक दाहाल नयाँदिल्ली भ्रमणमा

नेकपाका संयोजक पुष्पकमल दाहाल भारतको राजधानी नयाँदिल्लीको भ्रमणमा रहनुभएको छ । संयोजक दाहाल आइतबार साँझ नयाँदिल्ली जानुभएको हो । 'जेन-जी' आन्दोलनपछि एकीकृत समाजवादी सहितका दलहरू समेटेर नेकपा गठन गरेपछि दाहालको यो पहिलो दिल्ली यात्रा हो । तत्कालीन माओवादी केन्द्र र तत्कालीन एकीकृत समाजवादीलगायत दलनिकट प्रवासी संगठनहरूको एकता सन्देश सभालाई सम्बोधन गर्न दाहाल दिल्ली भ्रमणमा जानुभएको जानकारी दिँदै प्रमुख स्वकीय सचिव गोविन्द आचार्यले भन्नुभयो, 'एक महिनाअघि नै तय भएको सन्देश सभा कार्यक्रम हो, त्यही कार्यक्रमलाई सम्बोधन गर्न दिल्ली जानुभएको हो ।' सन्देश सभालाई सम्बोधन गरेर दाहाल आज (सोमबार) नै स्वदेश फर्किने कार्यक्रम छ । फागुन २१ गते हुन लागेको चुनाव अगाडि दाहालको नयाँदिल्ली यात्रालाई राजनीतिक वृत्तमा अर्थपूर्ण ढंगले हेरिएको छ । दाहालको सचिवालयले भने नयाँदिल्लीमा सन्देश सभालाई सम्बोधन गर्नेबाहेक अन्य राजनीतिक भेटघाटका कार्यक्रम नरहेको दाबी गरेको छ ।

## भेनेजुएलामा अमेरिकी...

« पृष्ठ १ बाट क्रमशः

ट्रम्पले 'युएसएस इवो जिमा' युद्धपोतभित्र आँखामा पट्टी बाँधिएको अवस्थामा मदुरोको तस्वीर सार्वजनिक गर्नुभएको थियो । न्युयोर्कको स्टुवर्ट एअर न्याशनल गार्ड बेसमा अवतरणपछि उहाँलाई हेलिकप्टरमार्फत म्यानहटन पुऱ्याइएको थियो । त्यहाँबाट मदुरो दम्पतीलाई ब्रुकलिनको मेट्रोपोलिटन डिटेन्सन सेन्टर लगिएको छ । यद्यपि, अधिकारीहरूले यसको आधिकारिक पुष्टि गरेका छैनन् ।

ट्रम्पका अनुसार भेनेजुएलामा 'ठूलो स्तरको सैन्य अपरेसन' सञ्चालन गरिएको थियो, जसअन्तर्गत राष्ट्रपति मादुरो दम्पतीलाई सुरक्षित आवासबाट पक्राउ गरिएको हो । 'अपरेसन एब्सोल्युट रिजोल्भ' नाम दिइएको उक्त कारबाही शीतयुद्धपछिको दक्षिण अमेरिकामा भएको सबैभन्दा ठूलो अमेरिकी सैन्य हस्तक्षेप भएको अमेरिकी अधिकारीहरूको दाबी छ । अमेरिकी अधिकारीहरूका अनुसार यो कारबाही आकस्मिक होइन । सिआइएलगायत जासुसी निकायहरूले महिनौँदेखि मादुरोको गतिविधिमा सूक्ष्म निगरानी गरिरहेका थिए । उनी कहाँ बस्छन्, कसरी आवतजावत गर्छन् भन्ने विवरणदेखि लिएर आन्तरिक सुरक्षा संरचनासम्म अध्ययन गरिएको थियो । काराकासस्थित मादुरो बस्ने सेफ हाउसको हुबहु नमुना बनाएर अमेरिकी एलिट फोर्सले लामो समय अभ्यास गरेको बताइएको छ । राष्ट्रपति ट्रम्पले चार दिनअघि नै अपरेसनको अनुमति दिए पनि मौसमका कारण अन्तिम आदेश शुक्रबार राति मात्रै दिइएको थियो । ट्रम्पले यो अपरेसन ह्वाइट हाउसको 'सिचुएसन रुम'बाट नभई फ्लोरिडास्थित आफ्नै निवास मार-ए-लागोबाट प्रत्यक्ष रूपमा हेरेको खुलेको छ ।

### तेल भण्डारमाथि अमेरिकी नजर

यस घटनाको केन्द्रमा भेनेजुएलाको विशाल तेल भण्डार रहेको विश्लेषकहरूको निष्कर्ष छ । भेनेजुएलासँग करिब तीन खर्ब तीन अर्ब ब्यारेल प्रमाणित कच्चा तेल रहेको अमेरिकी ऊर्जा सूचना प्रशासनको तथ्यांक छ, जुन विश्व कुल तेल सञ्चितिको करिब पाँचौं हिस्सा हो । ट्रम्पले अमेरिकी कम्पनीहरूलाई भेनेजुएलामा अर्बौं डलर लगानी गराएर ढलेको तेल पूर्वाधार पुनर्निर्माण गर्ने र देशलाई अमेरिकी नेतृत्वमा ठूलो तेल निर्यातकर्ता बनाउने घोषणा गर्नुभएको छ । 'भेनेजुएलाले आफ्नो क्षमताको तुलना गर्दा अत्यन्तै कम तेल उत्पादन गरिरहेको छ', ट्रम्पले भन्नुभयो, 'हामी विश्वकै ठूला अमेरिकी कम्पनीहरू त्यहाँ लैजान्छौं ।'

हाल भेनेजुएलाले प्रतिदिन करिब १० लाख ब्यारेल मात्र तेल उत्पादन गरिरहेको छ, जुन विश्व उत्पादनको एक प्रतिशतभन्दा पनि कम हो । मादुरो सत्तामा आउनुअघि यो संख्या २० लाखभन्दा बढी थियो भने ह्युगो चाभेज शासनअघि ३५ लाख ब्यारेलसम्म पुग्थ्यो । राज्यस्वामित्वको तेल कम्पनी पिडिभिएसएका अनुसार ५० वर्षदेखि नफेरिएका पाइपलाइन र जर्जर पूर्वाधार मर्मत गर्न मात्रै करिब ५८ अर्ब डलर आवश्यक छ । अन्तर्राष्ट्रिय प्रतिबन्ध, लगानी अभाव र व्यवस्थापन कमजोरीले भेनेजुएलाको तेल उद्योग गम्भीर संकटमा परेको छ ।

मादुरो नियन्त्रणको खबरपछि केही समयका लागि तेलको मूल्य प्रतिब्यारेल ६० डलर नाघे पनि फेरि ५७ डलरमा झरेको छ । विश्लेषकहरूका अनुसार भेनेजुएलाको तेल तत्काल विश्व बजारमा ठूलो प्रभाव पार्ने अवस्थामा छैन, तर दीर्घकालीन रूपमा भने यो 'गेमचेन्जर' हुन सक्छ । वरिष्ठ ऊर्जा विश्लेषक फिल फ्लिन भन्नुहुन्छ, 'यदि अमेरिकी कम्पनीहरू फर्किएर भेनेजुएलाको तेल उद्योग पुनर्निर्माण गर्न पाए भने यसले विश्व तेल आपूर्तिको समीकरण नै बदल्न सक्छ ।'

भेनेजुएलाका राष्ट्रपतिको नियन्त्रणको दाबीले अन्तर्राष्ट्रिय कानुन, राष्ट्रिय सार्वभौमिकता र अमेरिकी हस्तक्षेपको विषयलाई पुनः केन्द्रमा ल्याएको छ । ल्याटिन अमेरिकी राष्ट्रहरू, रुस र चीनले यस घटनालाई कसरी प्रतिक्रिया दिनेछन् भन्ने चासो तीव्र बनेको छ । भेनेजुएलाको संकट अब केवल घरेलु विषय रहेन, यो विश्व शक्ति र ऊर्जा राजनीतिसँग गाँसिएको निर्णायक मोडमा प्रवेश गरिसकेको छ ।

### विश्व दुई ध्रुवमा बाँडियो

अमेरिकाको यस कदमलाई अधिकांश देशहरूले अन्तर्राष्ट्रिय कानुन र एक सार्वभौम राष्ट्रको सार्वभौमिकता माथिको खुला उल्लंघन भन्दै कडा निन्दा गरेका छन् । रुस र चीनले अमेरिकी कारबाहीलाई 'आपराधिक हस्तक्षेप' र 'दबदबापूर्ण बल प्रयोग'को संज्ञा दिएका छन् । रुसले यदि मादुरोलाई जबरजस्ती देशबाहिर लगिएको पुष्टि भए यो 'डकैतीसरह' हुने चेतावनी दिएको छ भने चीनले संयुक्त राष्ट्रसंघको चार्टर उल्लंघन भएको बताएको छ । ल्याटिन अमेरिकी मुलुकहरू पनि विभाजित देखिएका छन् । ब्राजिल, क्युबा, चिली र मेक्सिकोले अमेरिकी सैन्य आक्रमणको कडा विरोध गर्दै वार्ता र कूटनीतिक समाधानको माग गरेका छन् । ब्राजिलका राष्ट्रपति लुलाले यसलाई 'खतरनाक नजिर' भनेका छन् । क्युबाले 'आपराधिक हमला'को संज्ञा दिएको छ । तर, अर्जेन्टिनाले भने ट्रम्पको कदमको समर्थन गरेको छ । संयुक्त राष्ट्रसंघले घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै क्षेत्रीय अस्थिरताको जोखिम बढेको चेतावनी दिएको छ । महासचिव एन्टोनियो गुटेरेसले अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न आग्रह गर्नुभएको छ । भेनेजुएलाभित्र सैन्य हलचल बढेको छ । रक्षा मन्त्रालयले देशभर सेना तैनाथ गरेको छ । हताहत र क्षतिको विवरण अझै सार्वजनिक भएको छैन । अमेरिकाले मादुरो दम्पतीविरुद्ध न्युयोर्कमा मुद्दा चलाउने तयारी गरिरहेको छ । भेनेजुएलाले संयुक्त राष्ट्र सुरक्षा परिषद्को आकस्मिक बैठक बोलाएको छ, भने छिमेकी देश कोलम्बियाले शरणार्थी संकटको सम्भावनालाई मध्यनजर गर्दै सीमामा सेना परिचालन गरेको छ ।

### अमेरिकी हमलाविरुद्ध काठमाडौंमा प्रदर्शन

भेनेजुएलामाथि अमेरिकाले गरेको सैन्य हमलाविरुद्ध काठमाडौंको महाराजगञ्जस्थित अमेरिकी दूतावास अगाडि युवाहरूले प्रदर्शन गरेका छन् । काठमाडौं प्रहरीका एसपी, प्रवक्ता पवन भट्टराईका अनुसार संयुक्त विद्यार्थी समूहबाट भन्दै विद्यार्थीहरूले प्रदर्शन गरेका हुन् । प्रदर्शनमा नेत्रविक्रम चन्द नेतृत्वको माओवादी, नेकपा बहुमत र अखिल क्रान्तिकारीका विद्यार्थीहरू रहेका थिए । प्रदर्शनमा आएकामध्ये केही विद्यार्थीहरू पक्राउ परेको समेत उहाँले बताउनुभयो । अमेरिकी सेनाले भेनेजुएलाको राजधानी काराकासमा अप्रत्याशित हमला गर्दै राष्ट्रपति निकोलस मदुरो र पत्नी सिलिया फ्लोरेसलाई कब्जामा लिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलामा 'सुरक्षित र सही रूपमा सत्ता हस्तान्तरण नभएसम्म अमेरिकाले शासन चलाउने' घोषणा गर्नुभएको छ ।

*(अन्तर्राष्ट्रिय एजेन्सीहरूको सहयोगमा)*

---

**आज वि.सं. २०८२ पुस २१ गते, सोमबार, ई.स. २०२६ जनवरी ५, तिथि- माघ कृष्णपक्ष द्वितीया, तिष्य- नक्षत्र, विष्कम्भ- योग, गर- करण, चन्द्रराशि- कर्कट, सूर्योदय- ६:५७, सूर्यास्त- १७:२१ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

- मेष : मातृसुख, घरपरिवार वा अचल सम्पत्तिमा चासो ल्याउनेछ । अत्यधिक भावुकता वा घरपरिवारमा मनोवैज्ञानिक चापको सम्भावना देखिन्छ । पारिवारिक सन्तुलन र धैर्य कायम राख्नु उपयुक्त हुनेछ ।
- वृष : सञ्चार, लेखन, भाइबहिनी सम्बन्ध, साहस र सृजनात्मक क्षमतामा वृद्धि गर्नेछ । छोटो दूरीको यात्रा वा महत्त्वपूर्ण संवादका माध्यमबाट लाभ प्राप्त हुने दिन हो ।
- मिथुन : पारिवारिक सुख, आहार-विहार, वाणी माधुर्य र सम्पत्तिमा केन्द्रित तुल्याउँछ । आजको दिन आत्मीयता र मितव्ययिता दुवै अपनाउनु लाभदायक हुनेछ । आर्थिक निर्णयमा सोचविचार गरेर अघि बढ्नु उपयुक्त हुनेछ ।
- कर्कट : आत्मविश्लेषण, भावुकता र संवेदनशीलताको वृत्ति बढ्नेछ । गृहस्थ सुख, आत्मीय सम्बन्ध र मनोबलमा विशेष प्रभाव देखिनेछ । महत्त्वपूर्ण निर्णयहरूमा स्थायीत्व र परिपक्वता आवश्यक हुनेछ । आत्मिक शान्तिको लागि ध्यान वा ध्यानगर्भी क्रियाकलाप लाभदायक बन्न सक्छ ।
- सिंह : मानसिक थकान, खर्चको अधिकता वा टाढाको यात्रा सम्भावित छ । गोप्य योजना वा अध्यात्मिक अभ्यासमा मन जाने सम्भावना छ । अनावश्यक चिन्ताबाट बच्न ध्यानाकर्षण केन्द्रित गर्नुहोला ।
- कन्या : सामाजिक क्षेत्रमा सम्मान, आर्थिक लाभ र योजनागत सफलता दिनेछ । पुराना सम्पर्कहरू सक्रिय हुनेछन् । साथीभाइ वा समर्पित सहयोगीहरूबाट लाभ मिल्ने सम्भावना छ । आजको दिनले पुरस्कार, सम्मान वा पदोन्नतिको अवसर ल्याउन सक्छ ।
- तुला : कार्यक्षेत्रमा विशेष व्यस्तता रहनेछ । कर्तव्यबोध, उत्तरदायित्व र नेतृत्व क्षमताको परिक्षा हुने दिन हो । वरिष्ठ व्यक्तित्वको सहयोग र सल्लाहले सफलता प्राप्त हुनसक्छ । योजनाबद्ध कार्यले दीर्घकालीन लाभ दिलाउने सम्भावना देखिन्छ ।
- वृश्चिक : आध्यात्मिक चिन्तन, धार्मिक क्रियाकलाप तथा यात्राको सम्भावना छ । गुरु वा ज्येष्ठ व्यक्तिहरूसँगको संवाद लाभदायक हुनेछ । भाग्य वृद्धि तथा नयाँ ज्ञान प्राप्तिको सम्भावना प्रबल रहन्छ ।
- धनु : मानसिक अशान्ति, पारिवारिक गोप्यता वा स्वास्थ्यसंग सम्बन्धित विषयमा सचेत रहनुपर्ला । गहिरो अनुसन्धान, तपस्या वा आत्मचिन्तनमा समय दिनु उपयुक्त हुने छ । अनावश्यक वादविवादबाट जोगिनु श्रेयस्कर हुनेछ ।
- मकर : साझेदारी, दाम्पत्य सम्बन्ध वा सार्वजनिक जीवनमा स्थिरता ल्याउने प्रयास सफल हुनेछ । व्यावहारिक दृष्टिकोण र भावनात्मक समझदारीद्वारा सम्बन्धहरू मजबुत पार्न सकिने दिन हो ।
- कुम्भ : प्रतिस्पर्धा, रोग वा ऋणसम्बन्धी विषयहरूमा सफलता दिलाउने योग छ । आलोचकहरूको प्रभाव कम हुनेछ, कामप्रति लगाव र परिश्रमको प्रतिफल पाउन सकिनेछ । स्वास्थ्यप्रति ध्यान दिनु श्रेयस्कर हुनेछ ।
- मीन : सन्तान सुख, शिक्षा तथा प्रेम सम्बन्धी विषयहरूमा ध्यान केन्द्रित हुनेछ । भावनात्मक निर्णयमा विवेक प्रयोग गर्न आवश्यक देखिन्छ । सिर्जनात्मक कार्य वा कलात्मक प्रयासमा सफलता प्राप्त हुनसक्छ ।

---

## गैरदलीय सरकारमा...

« पृष्ठ १ बाट क्रमशः

उज्यालो नेपाल पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बीच एकता भएको छ । एकतापछि घिसिङ स्वयं रास्वपाको उपसभापति बन्नुभएको छ । गैरदलीय सरकारका मन्त्री दलको उपसभापति बन्नुले नागरिक सरकारको निष्पक्षतामाथि नै प्रश्न खडा गरेको छ ।

घिसिङ मात्रै होइन, युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको पनि दलीय राजनीतिमा चासो देखिएको छ । गुप्ता रास्वपाको गतिविधिमा खुलेर संलग्न हुनुहुन्छ भने खरेलका अभिव्यक्तिलाई पनि आसन्न निर्वाचनसँग जोडेर हेरिएको छ । गुप्ता रास्वपा-उज्यालो नेपाल एकता सहमतिमा सक्रिय सहभागी हुनुहुन्थ्यो । मन्त्री खरेलले रास्वपा र बालेनबीच सहमति भएलगत्तै सामाजिक सञ्जालमा लेख्नुभएको थियो, 'नयाँ दिन, नयाँ सुरुआत । सुन्दर र समुन्नत नेपालको सपना । गन्तव्य तय हुँदै छ ।'

गैरदलीय सरकारका मन्त्रीहरूका यी गतिविधिलाई राजनीतिक विश्लेषकहरूले नैतिक विचलनको रूपमा व्याख्या गरेका छन् । अहिले गम्भीर प्रश्न उठेको छ- मन्त्रीहरूले राजीनामा दिएर दल रोज्ने कि सरकारमै बसेर राजनीतिक तटस्थता कायम गर्ने ? राजनीतिक गतिविधिमा सक्रिय मन्त्रीहरूले राजीनामा दिनुपर्ने वा प्रधानमन्त्री कार्की स्वयंले उनीहरूलाई बर्खास्त गर्नुपर्ने आवाज पनि उठेको छ । सरकारको अर्जुनदृष्टि चुनाव भनिए पनि मन्त्रीहरूको नजर सत्ता र संसद्तर्फ मोडिँदा गैरदलीय सरकार स्वयं नैतिक संकटमा फसेको छ ।

सरकारलाई निर्वाचन गराउने मात्र म्याण्डेट रहेकाले कुनै दलमा सहभागी भएपछि मन्त्रीहरूले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने दलका नेताहरू बताउँछन् । एमाले महासचिव शंकर पोखरेलले वैकल्पिक शक्ति दाबी गर्नेहरूले गैरदलीय सरकारका मन्त्रीलाई उपसभापति बनाएको प्रति प्रश्न उठाउनुभएको छ । 'वैकल्पिक शक्ति दाबी गर्नेहरूले गैरदलीय चुनावी सरकारका मन्त्रीलाई राजीनामा नदिई उपसभापति बनाउनु कति उचित हो ?' उहाँको प्रश्न छ ।

यसअघि २०६९ साल जेठ १४ गते तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले संविधानसभा विघटन गरी निर्वाचन घोषणा गर्नुभएको थियो । त्यतिबेला विपक्षमा रहेका कांग्रेस र एमालेले निष्पक्ष निर्वाचनप्रति गम्भीर प्रश्न उठाएका थिए । सत्ताधारी माओवादी र विपक्षी दलहरूबीच अविश्वास गहिरिँदै जाँदा निष्पक्ष, स्वच्छ र धाँधलीरहित निर्वाचन गराउन पूर्व-प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा गैरदलीय सरकार बनेको थियो । रेग्मी सरकारले २०७० साल मंसिरमा दोस्रो संविधानसभा निर्वाचन सम्पन्न गरी सत्ता हस्तान्तरण गरेको थियो ।

### प्रधानमन्त्रीकै सल्लाहकार दलको उम्मेदवार

गैरदलीय सरकारका मन्त्री मात्र होइन, प्रधानमन्त्री सुशीला कार्कीको सचिवालयमा रहेका सदस्य नै पार्टीको तर्फबाट समानुपातिक उम्मेदवार बनेका छन् । प्रधानमन्त्रीका जनसम्पर्क सल्लाहकार गोविन्द नारायण तिमिल्सिना रास्वपाको तर्फबाट निर्वाचन आयोगमा बुझाइएको समानुपातिक सूचीमा उम्मेदवार रहनुभएको छ । आयोगमा बुझाइएको सूचीमा उहाँको नाम खस आर्य पुरुषतर्फ क्रम संख्या आठमा रहेको छ । प्रधानमन्त्री कार्कीले आफ्नो सचिवालयका सदस्यहरूको नियुक्ति प्रक्रियामा प्रश्न उठेपछि ६ जना मात्र रहने गरी अरू सबैलाई हटाउनुभएको थियो । त्यसो हुँदा पनि जनसम्पर्क सल्लाहकारमा गोविन्द नारायणले निरन्तरता पाउनुभएको थियो ।

## सामाजिक सञ्जाल...

« पृष्ठ १ बाट क्रमशः

उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका नाममा मिडियाले समेत कतिपय विषय, खासगरी विचाराधीन मुद्दाका सन्दर्भमा अदालत र न्यायाधीशको हुर्मत लिने काम गरेको भन्दै गुनासो प्रकट गर्नुभयो ।

### अभिव्यक्ति स्वतन्त्रताको नाममा अदालत र न्यायाधीशको हुर्मत लिने छुट कसैलाई छैन : प्रधानन्यायाधीश राउत

प्रधानन्यायाधीश राउतले अभिव्यक्ति स्वतन्त्रताको नाममा अदालत र न्यायाधीशको हुर्मत लिने छुट कसैलाई नभएको जिकिर गर्नुभयो । 'लोकतन्त्र, बहुलवादमा स्वच्छ आलोचना गर्न पाइन्छ,' प्रधानन्यायाधीश राउतले भन्नुभयो, 'हामीबाट कुनै कमी-कमजोरी र गल्ती भएको रहेछ भने तथ्यमा आधारित रहेर गरिएका आलोचनालाई हामी स्वागत नै गर्छौं र हामी सच्चिन्छौं तर, अभिव्यक्ति स्वतन्त्रताको नाममा अदालत र न्यायाधीशको हुर्मत लिने छुट कसैलाई छैन ।'

पछिल्लो समय न्यायालय र न्यायाधीशहरूलाई लक्षित गर्दै भइरहेका नकारात्मक टिप्पणीका सन्दर्भमा आफूहरूले गम्भीर भएर समीक्षा गरेको पनि उहाँले सुनाउनुभयो । यद्यपि, यस्ता अधिकांश आलोचना तथ्यहीन र भ्रामक रहेको पाइएपछि मिडियासामु आफ्ना धारणा सार्वजनिक गरी समाजलाई ध्यानाकर्षण गराउन चाहेको उहाँको भनाइ थियो ।

प्रधानन्यायाधीश राउतले न्यायालय र न्यायाधीश डराएको खण्डमा नागरिक हक उपभोग हुन नसक्ने र राज्यको चौथो अंगले समेत आफ्नो हक उपभोग गर्न नसक्ने दाबी गर्नुभयो । उहाँले न्यायाधीश निर्भिक भएमा नागरिक निश्चिन्त हुनसक्ने प्रष्ट पार्नुभयो । अदालतले आफ्नो काम-कारबाही विधि र प्रक्रियाअनुसार गर्नुपर्ने प्रधानन्यायाधीश राउतले बताउनुभयो । 'अदालतमा जे पायो त्यो गर्न पाइँदैन,' उहाँले भन्नुभयो, 'विधि, प्रक्रिया, तथ्य, प्रमाण हेरेर मात्र न्यायाधीशले कुनै पनि मुद्दामा फैसला गर्छ ।' यति हुँदाहुँदै पनि कहिलेकाहीँ गल्ती भइहाल्यो भने संविधानले नै त्यसलाई सच्याउन सकिने गरी व्यवस्था गरेको उनको जिकिर थियो । 'जिल्ला अदालतले गल्ती गरेको छ भने उच्च अदालतमा पुगेर सच्याउन सकिन्छ र उच्च अदालतले पनि गल्ती गऱ्यो भने सर्वोच्च अदालतमा पुगेर सच्याउन सकिन्छ,' उहाँले भन्नुभयो । प्रधानन्यायाधीश राउतले अदालतप्रति नै घृणा फैलाउने हो भने नागरिक सर्वोच्चता नै संकटमा पर्ने दाबीसमेत गर्नुभयो । उहाँले बदनियत वा प्रतिशोध साँधेर गरिने आलोचना सह्य नहुने चेतावनीसमेत दिनुभयो । कार्यक्रममा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लसहित अन्य न्यायाधीशहरूको समेत उपस्थिति थियो ।

त्यसो त यसअघि पनि प्रधानन्यायाधीश राउतले सामाजिक सञ्जाल र केही सञ्चार माध्यमहरूबाट न्यायाधीश र न्यायपालिकालाई लक्षित गरी भ्रमपूर्ण प्रचार र भौतिक आक्रमणको धम्की आएको भन्दै चिन्ता व्यक्त गर्नुभएको थियो । शुक्रबारसमेत विभिन्न सञ्चार माध्यमहरूमा उहाँले न्यायाधीशहरूको सुरक्षा र मनोबलमा परेको असरबारे सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । पछिल्लो समय सामाजिक सञ्जालमा एआई निर्मित सामग्रीहरू प्रयोग गरेर न्यायाधीशहरूको चरित्रहत्या गर्ने, अदालतप्रति घृणा र द्वेष फैलाउने काम भइरहेको उहाँले गुनासो गर्नुभएको थियो ।


## मरिण गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

**वोलपत्र आह्वानको सूचना**

(सूचना प्रकाशित मिति: २०८२/०९/२१)

यस कार्यालयको तपसिल बमोजिमको कार्य विद्युतीय बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www.marinmun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

तपसिल

| क्र. सं. | कार्य विवरण | ठेक्का नं. | अनुमानित लागत (रु.) | जमानत रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) | बोलपत्र मान्य हुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Supply of HDPE Pipe as per Specification | MRM/Sindhuli/Goods/NCB/ ०१/२०८२-०८३ | ७,४२०,२६९.००।- (मू.अ. कर समेत) | १,८६,०००।- | ३,०००।- | ९० दिन | २०८२/१०/२१ गते दिनको १२ बजे भित्र | २०८२/१०/२१ गते दिनको १ बजे | |
| २ | Supply of Gabion Crates | MRM/Sindhuli/Goods/NCB/ ०२/२०८२-०८३ | २,०९८,३२३।२२ (मू.अ. कर समेत) | ५३,०००।०० | ३,०००।- | ९० दिन | २०८२/१०/२१ गते दिनको १२ बजे भित्र | २०८२/१०/२१ गते दिनको १ बजे | |
| ३ | Marin Gunastariye Saichhik Bikash Tatha Sachhyarata Sudhar Pariyojana | MRM/Sindhuli/Works/NCB/ ०३/२०८२-२०८३ | १७९७२१०३।०७ (मू.अ. कर र कन्टिजेन्सी समेत | ४,४१,०००।०० | ३,०००।- | ९० दिन | २०८२/१०/२१ गते दिनको १२ बजे भित्र | २०८२/१०/२१ गते दिनको १ बजे | |

प्रमुख प्रशासकीय अधिकृत


## नेपालको वैदेशिक...

« पृष्ठ १ बाट क्रमशः

गर्न सकिने अवस्था रहँदैन ।' उहाँका अनुसार राज्यले निर्यात व्यापार वृद्धि गर्न निर्यातजन्य उद्योग व्यवसायलाई सहुलियतपूर्ण कर्जा, निर्यातअनुसार तथा निर्यातमुखी कानुनी व्यवस्थाको प्रत्याभूति गर्नुपर्ने समेत बताउनुभयो । अहिले सरकारले केही निर्यात उद्योगलाई अनुदान दिएको भए पनि त्यो पर्याप्त नरहेको उहाँको भनाइ छ । छिमेकी मुलुक भारतले महिनैपिच्छे निर्यात व्यापारको पोलेसी परिवर्तन गर्ने र हरेक महिना निर्यात वृद्धिमा जोड दिने गरेको भए पनि नेपालको भने निर्यात वृद्धिका लागि संस्थागत नीतिको अभाव, निर्यातजन्य उद्योगको क्षमता ज्यादै न्यून रहनु र निर्यात व्यापारमा संलग्न व्यवसायीलाई आवश्यक तालिमको अभाव रहेको उपाध्यक्ष वैद्यको भनाइ छ ।

## समग्र वैदेशिक...

« पृष्ठ १ बाट क्रमशः

आन्दोलनका कारण अर्बौं लगानी नोक्सानी भएको र सरकारले लगानीमैत्री वातावरण बनाउन नसकेको सर्वत्र गुनासो भइरहेको छ । यद्यपि, आर्थिक वर्ष २०८१-०८२ को असार मसान्तसम्मको अवधिमा भने नेपालको वैदेशिक व्यापार १९ दशमलव ३४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा एक दशमलव ३३ प्रतिशतले ऋणात्मक रहेको वैदेशिक व्यापार गत असार मसान्तसम्मको अवधिमा भने वृद्धि भएको राष्ट्र बैंकले जनाएको छ ।

गत अवमा २० खर्ब ८१ अर्ब १५ करोड २९ लाख ४० हजारको वैदेशिक व्यापार भएको थियो । अघिल्लो आवमा भने १७ खर्ब ४५ अर्ब ३६ करोड ६१ लाख ४० हजारको वैदेशिक व्यापार थियो । नेपालले सबैभन्दा बढी भारतसँग वैदेशिक व्यापार गर्ने गरेको छ । गत आवमा पनि भारतसँग १२ खर्ब ९५ अर्ब ८८ करोड ३३ लाख ४० हजार रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको थियो । यो अघिल्लो वर्षको तुलनामा १७ दशमलव ८२ प्रतिशतले बढी हो । अघिल्लो वर्ष १० खर्ब ९९ अर्ब ८५ करोड ९२ लाख २० हजारको व्यापार भारतसँग भएको थियो ।

भारत विश्वका अन्य मुलुकको तुलनामा नेपालको प्रमुख वैदेशिक व्यापार केन्द्र हो । भारतसँग नेपालले औद्योगिक कच्चा पदार्थ, पेट्रोलियम, सवारी, मेसिनरी तथा पार्टपुर्जा, खाद्यान्न, लत्ताकपडा, औषधि, फलफूल, जडीबुटी लगायतका सयौं वस्तु तथा सेवाको व्यापार गर्ने गरेको छ । भारतसँग नेपालको व्यापारिक सम्बन्ध वर्षौं पुरानो भए पनि नेपालले भारतबाट आयात गर्ने वस्तु तथा सेवाको तुलनामा निर्यात व्यापार भने न्यून रहेको छ । जसले भारतसँगको वैदेशिक व्यापारमा ठूलो असन्तुलन कामय छ । कुल वैदेशिक व्यापारमा नै भारतको हिस्सा बढी रहँदा नेपालको निर्यात व्यापार क्रमशः वृद्धि भइरहेको भए पनि आयात-निर्यातको सन्तुलन कायम हुन सकेको छैन ।

नेपालले भारतबाहेक चीनसँगको व्यापार पनि गत आवमा वृद्धि गरेको छ । गत आवमा नेपालले चीनसँग तीन खर्ब ४३ अर्ब ७३ करोड ४६ लाख ३० हजारको वैदेशिक व्यापार गरेको छ । यो अघिल्लो वर्षको तुलनामा १४ दशमलव ०६ प्रतिशतले बढी हो । अघिल्ललो वर्ष पनि चीनसँगको व्यापार ३४ दशमलव २५ प्रतिशतले वृद्धि भएको थियो । नेपाल राष्ट्र बैंकका अनुसार पछिल्लो समय नेपालको चीनसँगको वैदेशिक व्यापार क्रमशः उकालो लागेको छ । चीनबाट आयातसँगै निर्यातसमेत वृद्धि हुँदै गइरहेको राष्ट्र बैंकले जनाएको छ ।

अन्य मुलुकसँगको व्यापार पनि वृद्धि भएको छ । असार मसान्तसम्मको अवधिमा अन्य मुलुकसँगको व्यापार २८ दशमलव ३० प्रतिशतले वृद्धि भएको छ । यो अवधिमा अन्य मुलुकसँगको व्यापार चार खर्ब ४१ अर्ब ५३ करोड ४९ लाख ७० हजारको व्यापार भएको छ ।

# बूढीगंगाका तत्कालीन नगर प्रमुखसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**हिमालय टाइम्स**

काठमाडौं, २० पुस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाजुराको बूढीगंगा नगरपालिकाका तत्कालीन नगर प्रमुख दीपकविक्रम शाहसहित १४ जना व्यक्ति तथा एक निर्माण कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। आयोगले आइतबार विशेष अदालत, काठमाडौंमा तत्कालीन नगर प्रमुख शाहसहित १४ व्यक्ति र जागृति एम.के.र नेपाल जेभी, धनगढी, कैलालीलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो।

आर्थिक वर्ष २०७८/०७९ मा नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्यको ठेक्का प्रक्रियामा सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन विपरीत कार्य भएको आयोगको आरोप छ।

लक्षित बोलपत्रदातालाई ठेक्का दिन योग्यताको सर्त तथा मापदण्ड बदनियतपूर्वक परिवर्तन गरी बढी कबोल गर्ने बोलपत्रदातालाई स्वीकृत गरिएको भन्दै आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको हो।




मुद्दामा तत्कालीन नगर प्रमुख शाहसँगै तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रेमकाजी महर्जन, अधिकृत नरेन्द्रनाथ, इन्जिनियर पारस खाती, सब-इन्जिनियर गणेशराज रेग्मीलाई प्रतिवादी बनाइएको छ। त्यसैगरी तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत कल्पना कुमारी ठकुल्ला, लेखापाल नवराज जोशी, खरिदार श्यामबहादुर खत्री, शिक्षा अधिकृत जयराज न्यौपाने, असिस्टेन्ट सब-इन्जिनियर भीमराज गिरी, नायब प्राविधिक सहायक सिद्धराज जैसी तथा प्रशासन सहायक बसन्तबहादुर थापालाई पनि प्रतिवादी कायम गरिएको छ।

यस्तै, जागृति निर्माण सेवाका प्रबन्ध सञ्चालक पुष्कर रोकाया र आधिकारिक प्रतिनिधि सुरतबहादुर शाहविरुद्ध पनि मुद्दा दायर गरिएको छ। सबै प्रतिवादीहरूविरुद्ध जनही तीन करोड २७ लाख ७८ हजार १७७ रुपैयाँ बिगो मागदाबी गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।


## वर्गीकृत डिस्प्ले

**Convocation (Degree) Certificate हरायो**

मिति Nov 5, 2025 गते गट्ठाघरबाट नयाँ बानेश्वरसम्म जाने क्रममा मेरो निम्न ब्यहोरा भएको पोखरा यूनिभर्सिटि अन्तर्गत Bachelor of Computer Information System (BCIS) को डिग्री सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यलय वा उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : Madan Adhikari**
**रजिष्ट्रेशन नं: 2000204000229**
**College Name: Apex College**
**ठेगाना : Mahendranagar Shakuwa - Ward no. 1, Dhanusha**
**सम्पर्क नं : 9841623501**

वर्गीकृत डिस्प्लेको लागि सिधा सम्पर्क : ०१-४५७८१७७

विज्ञापनको लागि हाम्रा सिधा सम्पर्क नम्बरहरू:

काठमाण्डौं : ०१-४५७८१७७

विराटनगर : ९८४२०५९११०

गौर, रौतहट : ९८४५१३५२३४

मलंगवा : ९८०४८२३४११

e-mail: hitanewz@gmail.com

Website : ehimalayatimes.com.np


# छथर गाउँपालिकामा सामुदायिक नेतृत्वमा भू-परिदृश्य पुनर्जीवन परियोजना सुरु

**प्रकाश पाक्साँवा/हिटा**

तेह्रथुम, २० पुस

संयुक्त राष्ट्र विकास कार्यक्रमअन्तर्गतको सातोयामा पहल कार्यक्रमबाट स्वीकृत सामुदायिक नेतृत्वमा भू-परिदृश्य पुनर्जीवन परियोजनाको औपचारिक शुभारम्भ गरिएको छ। फेकोफन तेह्रथुम र छथर गाउँपालिकाको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममार्फत् परियोजनाको सुरुवात गरिएको हो। परियोजनाको कार्यान्वयन फेकोफन तेह्रथुमले गर्नेछ।

शुभारम्भ कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधि, कृषि ज्ञान केन्द्र, सञ्चारकर्मी, गैरसरकारी संस्था, विभिन्न स्थानीय समिति तथा समुदायका प्रतिनिधिसहित ३५ जना सरोकारवालाको सहभागिता रहेको थियो। कार्यक्रममा परियोजनाप्रति सरोकारवालाहरूको चासो र सक्रिय प्रतिबद्धता देखिएको थियो।

परियोजनाको कुल बजेट ४१ हजार अमेरिकी डलर रहेको छ, जसमध्ये छथर गाउँपालिकाबाट आठ हजार अमेरिकी डलर बराबरको सह-वित्तीय सहयोग उपलब्ध गराइनेछ। परियोजना आगामी ११ महिनासम्म सञ्चालन हुनेछ। कार्यक्रमको अध्यक्षता छथर गाउँपालिका अध्यक्ष सन्तवीर लिम्बूले गर्नुभएको थियो। त्यस्तै, कार्यक्रमको सहजीकरण तुलसी संग्रौला र डा. नवीन भट्टराईले गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै तुलसी संग्रौलाले परियोजनाको पृष्ठभूमि, उद्देश्य तथा अपेक्षित उपलब्धिबारे जानकारी गराउँदै सामुदायिक नेतृत्वमा पारिस्थितिक प्रणाली पुनर्स्थापना र स्थानीय जीविकोपार्जन सुधार नै परियोजनाको मुख्य लक्ष्य रहेको बताउनुभयो। त्यसैगरी डा. नवीन भट्टराईले परियोजनाका क्रियाकलाप, कार्यान्वयन प्रक्रिया तथा प्राविधिक पक्षबारे विस्तृत प्रस्तुतीकरण गर्नुभयो। उहाँले परियोजनाले वातावरण संरक्षण र दिगो जीविकोपार्जनलाई सँगसँगै अघि बढाउने विश्वास व्यक्त गर्नुभयो।

परियोजनाका मुख्य गतिविधिहरूमा जल पुनर्भरणका लागि रिचार्ज पोखरी निर्माण, जैविक कृषि प्रवर्द्धन, सामुदायिक वन उपभोक्ता समूहका कार्ययोजना नवीकरण, स्वच्छ ऊर्जा प्रविधिमा पहुँच विस्तार तथा लालीगुराँस संरक्षण निर्देशिका निर्माणमार्फत् पर्यटन प्रवर्द्धन रहेका छन्। तेह्रथुम जिल्ला लालीगुराँसको जैविक विविधताका लागि प्रसिद्ध मानिन्छ। नेपालमा पाइने ३२ प्रजातिका लालीगुराँसमध्ये २८ प्रजाति तेह्रथुम क्षेत्रमा पाइने तथ्य यस जिल्लाको विशेषता हो। परियोजनाले लालीगुराँस संरक्षणलाई पर्यटनसँग जोड्दै स्थानीय अर्थतन्त्र सुदृढ गर्ने लक्ष्य लिएको छ।

कार्यक्रममा छथर गाउँपालिका अध्यक्ष लिम्बूले स्थानीय सरकारले परियोजनालाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै सामुदायिक प्रयासबाट वातावरण संरक्षण र आर्थिक समृद्धि सम्भव हुने धारणा राख्नुभयो। समग्रमा यो परियोजनालाई छथर क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, पारिस्थितिक प्रणाली पुनर्जीवन तथा समुदायको जीविकोपार्जन सुधारतर्फको महत्त्वपूर्ण पहलका रूपमा हेरिएको छ। सरोकारवालाहरूले परियोजनाबाट दिगो र सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गरेका छन्।

जिल्ला वन कार्यालय तेह्रथुमका प्रमुख बद्री शाह र छथर गाउँपालिका उपाध्यक्ष तारा खरेल ढकालले परियोजनाले स्थानीय जीविकोपार्जन, जैविक कृषि प्रवर्द्धन, सामुदायिक वन उपभोक्ता समूहका कार्ययोजनामा टेवा पुऱ्याउने बताउनुभयो। परियोजनाले यहाँका स्थानीयहरू लाभान्वित हुने भएका छन्।

## मुल्य सूचि

**पूर्वाञ्चल ह्युमपाईप एण्ड कंक्रिट इण्डष्ट्रिज**
**कोशी गा.पा.-७, हरिपुर सुनसरीबाट उत्पादित**
**ह्युमपाईप तथा इन्टरलकिङ्ग पेभिङ्ग ब्लक्सको**
**मुल्य सूची आ.व. २०८२/०८३**
**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२१ गते**

| साईज | लम्बाई | NP2 | NP3 |
|---|---|---|---|
| २० सेमी | २.५ मिटर | ३५०० | - |
| ३० सेमी | २.५ मिटर | ४,५०० | १०,००० |
| ४५ सेमी | २.५ मिटर | ७,५०० | १२,५०० |
| ६० सेमी | २.५ मिटर | ९,००० | १६,००० |
| ७५ सेमी | २.५ मिटर | १३,००० | २१,००० |
| ९० सेमी | २.५ मिटर | १५,००० | २६,००० |
| १२० सेमी | २.५ मिटर | ३०,००० | ४३,००० |

४० मि.मि. ईन्टरलकिङ्ग पेभिङ्ग ब्लक्स रु. ८६ प्रति व.फि.
६० मि.मि. ईन्टरलकिङ्ग पेभिङ्ग ब्लक्स रु. १०४ प्रति व.फि.
८० मि.मि. ईन्टरलकिङ्ग पेभिङ्ग ब्लक्स रु. १३४ प्रति व.फि.
कर्भस्टोन १०mm x २५mm x ३० mm प्रतिगोटा रु.१८०
२५mm x ३०mm x ३८mm प्रतिगोटा रु.२३०

**विक्रेता फार्मको नाम :** पूर्वाञ्चल ह्युमपाईप एण्ड कंक्रिट इण्डष्ट्रिज
**ठेगाना :** कोशी गा.पा.-७, सुनसरी
**स्थाई लेखा नं.** ६०८५०५९६७
**फोन नं.:** ९८५२०३४०७३, ९८१२३६७३०५, ९८४२०५७३९७, ९८०३१०८१९१
**नोट : माथि उल्लेखित दर रेटमा मू.अ. कर तथा ढुवानी भाडा समावेश गरिएको छैन।**

## नेपाल हिमाल मैत्री एग्रो लिमिटेड

**नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।९।१९**

मिति २०८२ साल पौष महिनाको ४ गते बसेको यस नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुदाँ संस्थापकहरु तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति समय र स्थान**
सभा हुने मिति : २०८२ साल पौष ३० गते, बुधबार
सभा हुने समय : विहान १०:०० वजे
स्थान : नेपाल हिमाल मैत्री एग्रो लिमिटेड को रजिर्ष्टडको कार्यालय, काठमाण्डौ जिल्ला शंखरापुरा न.पा वडा नं. ४।

**छलफलको विषय :**
**(क) सामान्य प्रस्ताव**
१. आर्थिक वर्ष २०८१।०८२ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. आर्थिक वर्ष २०८१।०८२ को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने।
३. आर्थिक वर्ष २०८२/२०८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा।
**(ख) विविध**

सञ्चालक समितीको आज्ञाले
सञ्चालक अध्यक्ष

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**कारागार व्यवस्थापन विभाग**
## कारागार कार्यालय, सिन्धुली

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२१**

कारागार कार्यालय, सिन्धुलीको बन्दीगृहमा रहेका कैदीबन्दीहरुको लागि २०८२ माघ १ देखि २०८३ पौष मसान्तसम्मको राशन ठेक्काको लागि मिति: २०८२।०८।१५ गते हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रित पुर्वक विद्युतिय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मूल्यांकित सारभूत प्रभावग्राही तपसिल बमोजिम बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | जम्मा एकाइ/परिमाण | कबोल अंक प्रति कि.ग्रा | मु.अ.कर बाहेक जम्मा कबोल अंक |
|---|---|---|---|---|---|
| १ | IFB/RFP/EOI/PQ No-1/2082/83PO | स्नेहा गल्ला भण्डार (Sneha Galla Bhandar) | १२१६१८कि.ग्रा. | ३९.४० | ४७,९१,७४९.२० |

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## सिंहदरबार बैद्यखाना विकास समिति
**अनामनगर, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०९/२१ गते**

यस समितिबाट मिति २०८२/०८/०५ मा बोलपत्र आव्हानको प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र विद्युतिय खरिद प्रणाली मार्फत् प्राप्त हुन आएका तपसिल बमोजिमको बोलपत्र न्यूनतम् मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहर भई बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको विवरण | जम्मा कबोल अंक (मू.अ.कर बाहेक) ने.रु. |
|---|---|---|---|
| IFB No. 2/2082/83/SDVK NCB-03/2082/83/SDVK | Procurement of Plastic Bottles/ Plastic Batta | GST Trading Pvt. Ltd. Butwal-12, Rupandehi | 47,20,050.00 |

## Invitation for EOI

**Jagadulla Rural Municipality**
**Office of Rural Municipal Executive**
**Majhgaun, Dolpa**
**Karnali Province**
**Notice No. 7-082/83/JRM/NCB**
**First Date of Publication: 2082/09/21 (5th Jan, 2026)**

1. Government of Nepal (GoN) has allocated fund from ***Local level*** toward the intends to apply a portion of this ***Grant*** to eligible payments under the Contract for which this Expression of Interest is invited for **National consulting service.**
2. The ***Jagdulla Rural Municipality*** now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: ***Preparation of CD PLAN OF EDUCATIONAL INSTITUTE OF JAGDULLA RURAL MUNICIPALITY of Jagdulla Rural Municipality. EOi NO: JRM/NCB/EOI-1/2082-83***
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address ***Jagdulla Rural Municipality, Jagdulla, Dolpa*** during office hours on or before **2082/10/06** or visit e-GP system www.bolpatra.gov.np/egp or visit rural municipal website www.Jagdullamun.gov.np
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered Before 2082/10/06 , 12:00 PM e-GP system www.bolpatra.gov.np/egp or visit rural municipal website www.Jagdullamun.gov.np and will be opened at **2082/10/06, 12:30 PM.**
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on ***Qualification, Experience, and Capacity*** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposals through a request for proposals.
8. Minimum score to pass the EOI is ***70.***

**Chief administraitive officer**

## Chaudandigadhi Municipality

**Office Of Municipal Executive**
**Beltar, Udayapur**
**Koshi Province, Nepal**

**Invitation for Bids No: 09/CGM/Works/082/083**

**Date of publication: 2082/09/21 (Jan 5, 2026)**

1. **Chaudandigadhi municipality office** invites electronic bids from Nepalese eligible bidders for the construction of **Construction of 2 nos of 2 storey 4 room school building, Ward no. 4 & 9**, under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs 1,36,27,000 (One crore, thirty six lakhs and seventeen thousands only) including VAT & P.S**.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **chaudandigadhi municipality, beltar, udayapur, Contact no. 035440247** and **email address chaudandigadhimun@gmail.com** or may visit **PPMO website www.bolpatra.gov.np/egp**.
3. Bidder may download the bidding documents for e-submission from **PPMO's Web Site www.bolpatra.gov.np./egp,**. Bidders, submitting their bid electronically, should deposit the cost **NRs. 3,000 (Three thousands)** of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Rastriya Banijya Bank**
   Name of office: **Chaudandigadhi-NA.PA.(GA-1-1)-AANTA**
   Office Code no. : **14229**
   Account no.: **2370100301010002**
4. Pre-bid meeting shall be held at the office of **Chaudandigadhi municipality, beltar, udayapur** at **1:00pm** on **2082/10/11 (Jan 25, 2026)**.
5. Electronic bids must be submitted to the office **chaudandigadhi municipality, beltar, udayapur** by hand/courier or through **PPMO website www.bolpatra.gov.np/egp** on or before **12:00pm** on **2082/10/21 (Feb 4, 2026)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00pm** at **2082/10/21 (Feb 4, 2026)** at the office of **Chaudandigadhi municipality, beltar, udayapur**. Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **3,50,000 (Three lakh and fifty thousands)**, which shall be valid for **30 days** beyond the validity period of the bid **(2083/02/21 or Jun 4, 2026).**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## सम्पादकीय

# अमेरिकी हस्तक्षेपले विश्व तरंगित

अमेरिकाले भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोलाई सैन्य अपरेसनमार्फत नियन्त्रणमा लिएको भन्ने समाचार सार्वजनिक भएसँगै अन्तर्राष्ट्रिय राजनीतिमा ठूलो तरंग पैदा भएको छ । यो घटनाले केवल ल्याटिन अमेरिकाको राजनीतिलाई मात्र होइन, विश्व शक्ति सन्तुलन, अन्तर्राष्ट्रिय कानुन र सार्वभौमसत्ताको अवधारणामाथि नै गहिरो प्रश्न खडा गरेको छ । एक सार्वभौम राष्ट्रको निर्वाचित राष्ट्र प्रमुखलाई अर्को कुनै देशले बलात् प्रयोगमार्फत नियन्त्रणमा लिएको दाबीले विश्व समुदायलाई गम्भीर चिन्तामा पारेको छ ।

अमेरिकाको यस कदमप्रति अर्को महाशक्ति राष्ट्र रुस र आजको शक्तिशाली राष्ट्र चीनसहित अनेक ल्याटिन अमेरिकी र एसियाली राष्ट्रहरूले कडा प्रतिक्रिया जनाएका छन् । रुसले यसलाई अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लंघन र विश्व व्यवस्थालाई अस्थिर बनाउने खतरनाक कदम भनेको छ । चीनले अमेरिकाको व्यवहारलाई 'दबदबापूर्ण' भन्दै ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रमा शान्ति र सुरक्षामाथि गम्भीर खतरा उत्पन्न भएको आरोप लगाएको छ । ब्राजिलले यसलाई स्वीकार्न नसकिने हदको हस्तक्षेप भनेको छ भने क्युबाले 'आपराधिक हमला' को संज्ञा दिँदै अन्तर्राष्ट्रिय समुदायलाई तत्काल प्रतिक्रिया दिन आह्वान गरेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पनि सैन्य कारबाहीले क्षेत्रीय अस्थिरता निम्त्याउन सक्ने चेतावनी दिएका छन् ।

विरोध र समर्थनका सन्दर्भमा युरोपको शक्ति राष्ट्रहरू बेलायत र फ्रान्सले भने अमेरिकी कदम जायज ठहराएको अवस्था छ । अमेरिकी समूहसँग निकट रहेका राष्ट्रहरूले मदुरोविरुद्धको कारबाहीलाई उचित भन्दै टिप्पणी गरेका छन् । अमेरिकाले भने यस अपरेसनलाई 'नार्को-आतंकवाद' र अवैध लागू औषध कारोबारविरुद्धको कदमका रूपमा प्रस्तुत गरेको छ । विगत केही महिनायता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुलियाली राष्ट्रपतिको प्रत्यक्ष संलग्नतामा नाकोर्टिक्सको व्यापार चलेको र यसले अमेरिकी समाजदेखि अन्यत्र मुलुकलाई पनि असर पारिरहेको टिप्पणी गरिरहनुभएको थियो । क्यारिवियन क्षेत्रबाट हिँड्ने भेनेजुलियन जहाजहरूलाई खानतलासी गर्ने, रोक्ने जस्ता कामहरू अमेरिकीबाट भइरहेका थिए । एक प्रकाले अमेरिकाले लागू औषध व्यापार र तस्करीविरुद्ध चेतावनी दिइरहेको थियो । अमेरिकी चेतावनीले पहिले नै केही न केही कारबाहीको संकेत दिइरहेको धेरैको अनुमान थियो । पूर्वानुमान जस्तै भेनेजुयेलामा सैनिक हस्तक्षेप गरी राष्ट्रपतिलाई अपदस्त गर्ने र पक्राउ गर्ने काम अमेरिकी सुरक्षादस्ताबाट गरिएको छ । यतिखेर मदुरो र उनकी पत्नीविरुद्ध न्यूयोर्कको अदालतमा मुद्दा चलाउने तयारीसमेत सार्वजनिक गरिएको छ ।

तर, अमेरिकी कांग्रेसको स्पष्ट स्वीकृति बिना गरिएको भनिएको यो सैन्य हस्तक्षेपको कानुनी आधार अस्पष्ट छ । कानुन विज्ञहरूले यसलाई अन्तर्राष्ट्रिय कानुनमात्र होइन, अमेरिकी आन्तरिक कानुनका दृष्टिले पनि विवादास्पद मानिरहेका छन् । सन् २००३ मा इराकमा गरिएको अमेरिकी आक्रमणपछि देखिएको 'शासन परिवर्तन'को अभ्याससँग तुलना हुनथालेको यस घटनाले विगतका पीडादायी स्मृतिहरू पुनः ताजा बनाएको छ । यसैकारण अमेरिकामा नै ट्रम्प कदमको तीव्र विरोध हुनलागेको छ । गत निर्वाचनमा डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिको उम्मेदवार कमला ह्यारिसले यो कदम सही नभएको टिप्पणी गरेकी छिन् भने न्यूयोर्क सिटीका मेयरले भेनेजुयेलामा अमेरिकी कारबाहीप्रति निकै रोष प्रकट गरेका छन् । एसियाको पारमाणविक शक्ति भएको उत्तरकोरियाको प्रतिक्रिया त सबैभन्दा कठोर रहेको छ । अमेरिका विरुद्ध विगतमा आक्रामक उत्तरकोरियाली राष्ट्रपतिको प्रतिक्रियालाई स्वाभाविक मान्नुपर्ने हुन्छ ।

यस घटनाको पृष्टमा महत्त्वपूर्ण पक्ष भेनेजुएलाको विशाल तेल भण्डार हो भन्ने सबैको धारणा रहेको छ । विश्वकै सबैभन्दा ठूलो कच्चा तेल सञ्चिति भएका मुलुकमध्ये भेनेजुएलाले करिब तीन खर्ब तीन अर्ब ब्यारेल तेल भण्डारण गरेको अमेरिकी ऊर्जा सूचना प्रशासन (ईआईए)को तथ्यांकले देखाउँछ, जुन विश्व कुल तेल सञ्चितिको झण्डै पाँच भागमध्ये एक हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अस्थायी रूपमा भेनेजुएलाको प्रशासनमा प्रभाव राख्ने र तेल भण्डारलाई अन्तर्राष्ट्रिय बजारमा बेच्ने योजना रहेको संकेत गर्नुले यस हस्तक्षेपको आर्थिक र रणनीतिक पृष्ठभूमि झनै स्पष्ट बनाएको छ । यो केवल सुरक्षा वा कानुनी विषयमात्र नभएर ऊर्जा राजनीति र भूराजनीतिक प्रतिस्पर्धासँग प्रत्यक्ष रूपमा जोडिएको मुद्दा हो ।

काराकासमा भएको छोटो समयको सैन्य आक्रमण, विष्फोट र त्यसपछि सिर्जित त्रासको वातावरणले भेनेजुएलाका आमनागरिकको जीवन प्रत्यक्ष रूपमा प्रभावित भएको छ । सडकमा विरोध प्रदर्शन, बिजुली अवरुद्ध क्षेत्रहरूमा फैलिएको आतंक र अनिश्चितताले देशलाई गहिरो संवैधानिक संकटतर्फ धकेल्न सक्छ ।

यस घटनाले दक्षिण अमेरिकी राष्ट्रहरूमा मात्र होइन, विश्वव्यापी कूटनीतिक वृत्तमा पनि गहिरो असर पारेको छ । कोलम्बियाको आग्रहमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपत्कालीन बैठक बोलाउने तयारी हुनु यसैको प्रमाण हो । यस्तो संवेदनशील परिस्थितिमा एकपक्षीय सैन्य कदमभन्दा बहुपक्षीय संवाद, कूटनीतिक पहल र अन्तर्राष्ट्रिय कानुनी मापदण्डको पालना अत्यन्त आवश्यक हुन्छ ।

इतिहासले बारम्बार देखाएको छ- बाह्य शक्तिद्वारा जबर्जस्ती गरिने नेतृत्व परिवर्तनले अल्पकालीन रणनीतिक लाभ त दिनसक्छ, तर दीर्घकालीन रूपमा राजनीतिक स्थिरता, सामाजिक एकता र आर्थिक विकासमा गम्भीर नकारात्मक प्रभाव पार्ने सम्भावना बढी हुन्छ । इराक, लिबिया र अफगानिस्तानका अनुभवहरू यसका ज्वलन्त उदाहरण हुन् ।

भेनेजुएलामा अमेरिकी हस्तक्षेप कुनै एक राष्ट्रको आन्तरिक मामिलामा सीमित विषय होइन । यो अन्तर्राष्ट्रिय कानुन, सार्वभौमिकता, मानवअधिकार, क्षेत्रीय स्थिरता र विश्व ऊर्जा बजारसँग गाँसिएको जटिल मुद्दा हो । त्यसैले अमेरिका र अन्तर्राष्ट्रिय समुदायले यस घटनालाई शक्ति प्रदर्शनको आँखाले होइन, जिम्मेवार विश्व नेतृत्वको दृष्टिकोणबाट मूल्यांकन गर्नुपर्छ । लोकतान्त्रिक प्रक्रिया, संविधान र जनताको आत्मनिर्णयको अधिकारको सम्मान नगरी गरिएको हस्तक्षेपले दीर्घकालमा विश्व शान्ति र स्थिरतालाई नै कमजोर बनाउने खतरा रहन्छ ।

अन्ततः, अमेरिकी हस्तक्षेपले विश्व तरंगित भएको यो क्षणमा आवश्यक कुरा बहुपक्षीय संवाद, कानुनी मापदण्डको कडाइका साथ पालन र राजनीतिक समाधानतर्फको इमानदार प्रयास हो । भेनेजुएलाको भविष्यमात्र होइन, सम्पूर्ण दक्षिण अमेरिकी क्षेत्र र विश्व व्यवस्थाको स्थायित्व यसैमा निर्भर रहनेछ ।

# पुराना भर्सेज नयाँ दल र आगामी निर्वाचन

**माओवादीको राजनीतिक उत्थान २०५२ मा सशस्त्र विद्रोहबाट भएको हो । त्यसैगरी राप्रपा २०४६ सालको राजनीतिक परिवर्तन राजानिकट र माओवादीको शान्तिपूर्ण अवतरण अलि फरक कलेबर राजनीतिमा रहेको दल हो । तराईलाई राजनीतिको मैदान बनाएर सुरू भएका जसपा, रासपालगायत दलको व्युत्पत्ति २०६३ सालको राजनीतिक परिवर्तनपछि भएको पाइन्छ ।**



● मेघनाथ दाहाल

राणा शासनलाई मुलुकबाट धपाउने पवित्र उद्देश्यले विसं २००६ सालमा नेपाली कांग्रेस र लगभग सँगसँगै कम्युनिष्ट दलको स्थापना भारतमा भएको थियो । मुलकको सामाजिक-आर्थिक परिवर्तन र जनतामाझ प्रजातान्त्रि पद्धतिको विकास एवं सहज जीवनयापनका लागि सुरु भएको राजनीतिक क्रान्ति सात सालमा सफल भयो तर यसले संस्थागत निरन्तरता भने पाउन सकेन । दलहरूबीचको रडाकोको फाइदा राजा महेन्द्रले २०१७ सालमा उठाउन सफल भए । तत्कालीन राजालाई जतिसुकै सत्तोसराप गरेर गाली गरे तापनि गल्ती दलहरूकै देखियो । तत्कालीन राजाले आन्तरिक एवं बाह्य राजनीति तथा कूटनीतिलाई सहजताका साथ मिलाउन सफल भएकै कारण तीस वर्षसम्म पञ्चायती एकदलीय शासन प्रणाली सफलताका साथ चलेको थियो ।

दलहरूबीचको आपसी गाईजात्राले जनतामा एक किसिमको छटपटी सुरु भएको तत्लकालीन घटनाक्रमले देखाएका छन् । स्वयं दलका शीर्षस्थ नेताहरूले यस कुरालाई स्वीकार गरेका छन् । हाल राष्ट्रिय राजनीतिको उच्च स्थानमा रहेका कांग्रेसको जरो सात सालभन्दा निकै अघिबाट भएको देखिन्छ भने एमालेले विभिन्न कालखण्डमा धेरै संख्याका कम्युनिष्ट दलहरूको एकताबद्ध स्वरूप भने स्व.मदन भण्डारीको बहुदलीय जनवाद दलको मुख्य कार्यदिशाको रूपमा पारित गरेपछि २०४९ सालदेखि भएको पाइन्छ ।

माओवादीको राजनीतिक उत्थान २०५२ बाट सशस्त्र विद्रोहबाट भएको हो । त्यसैगरी राप्रपा २०४६ सालको राजनीतिक परिवर्तन राजानिकट र माओवादीको शान्तिपूर्ण अवतरण अलि फरक कलेबरमा राजनीतिमा रहेको दल हो । तराईलाई राजनीतिको मैदान बनाएर सुरु भएका जसपा, रासपालगायत दलको व्युत्पत्ति भने २०६३ सालको राजनीतिक परिवर्तनपछि भएको पाइन्छ ।

राजनीतिको मुख्य विषय भनेको सत्ता, शक्ति र राज्य स्रोतमाथिको विजय हो । आ-आफ्नो राजनीतिक घोषणापत्रमार्फत निर्वाचनद्वारा प्राप्त जनताको म्यान्डेटको आधारमा सरकारमा सामेल भएपछि र सरकार बनाएपछि उक्त दलले जनतामाझ निर्वाचनताका गरेको विविध वचनबद्धताको आधारमा गरिएको शासन समय आधारमा सकारको मूल्यांकन गरिन्छ । सोही मूल्यांकनलाई मूर्तरूप अर्को आवधिक निर्वाचनले गर्ने गर्दछ । यो प्रजातन्त्रको सबैभन्दा सहज रूप हो तर निर्वाचनलगायत काममा सर्वसाधारणको उपस्थिति निर्वाध एवं पूर्ण सुरक्षित रूपमा हुने वातावरण सरकारले निर्माण गर्नु पर्दछ ।

२०४६ सालमा नेपाली कांग्रेस र वाममोर्चाको संयुक्त आन्दोलनको माध्यमले पञ्चायतलाई बिदा गरेपछि प्रजातान्त्रिक अभ्यासको ३५ वर्षको समयमा आशातित काम गर्न नकसेकाले पुराना दलहरूप्रति आममानिसमा नकारात्मक सोच विकास भएको पाइन्छ । तत्कालीन समयको सामाजिक र आर्थिक अवस्था थोरैमाथि जाने कोसिस भएको छ । तर, सर्वसाधारणको जीवनयापनमा महसुस गर्न सकिने किसिमको सुधार नभएको बुझाइ सवत्र छ । जति हुनुपर्ने थियो त्यसको दाँजोमा न्यूनमात्र छ ।

यस बुझाइलाई नजिकैका भारत र चीनले गएको दुई दशकमा गरेको चमत्कारी विकास निर्माणका कामहरूबाट आजको विश्व सुसूचित रहेका कारण यस बुझाइमा बल मिलेको हो । अझ सम्भावनाको हिसाबमा अब्बल थियो । पाखुरीमा बल भएको सक्रिय जनसंख्या थियो । सक्रिय जनशक्तिलाई उपयुक्त तालिम र सीपले उत्पादनशील बनाउन सक्नुमात्र परेको थियो । सुशासन कायम गर्न सकेको भए लगानीका लागि अफ्ठ्यारो भने थिएन ।

तर, अवस्था भने उल्टो दिशातर्फ जान थाल्यो । राजनीतिमा प्रत्यक्ष जोडिएको एउटा समूहले राज्यशक्तिको आडमा स्रोतमाथिको सहज पहुँचले अनियमितता र भ्रष्टाचारको माध्यमले जसरी अकूत धन थुपार्न सफल भएको देखिन्छ । यसमा सर्वसाधारण रुष्ट छन् । सामाजिक क्षेत्रमा विगत पैंतीस वर्षमा नेपालले फड्को मार्न सकेको छ तर आर्थिक परिवेश भने अझ जर्जर हुन थालेकादे समाजको तल्लो तहका मानिसमा सरकारका कामकारबाहीप्रति नकारात्मकताको पारो चढेर गएको हो । जनताका काममा सरकारले चासो नदिएको भन्ने आममानिसको बुझाइ पाइन्छ । समाजको मध्यम वर्ग र उच्च मध्यम वर्ग जो राजनीतिक परिवर्तनको हकमा सबैभन्दा महत्त्वपूर्ण मानिन्छ, उनीहरूमै राजनीतिक दलहरूप्रति नकारात्मकता प्रस्तुत हुँदा हालको राजनीति संस्थागत रूपमा अघि बढ्न नसकेको हो ।

> दलहरूको निर्माण पछिल्लो एक महिना द्रुततर गतिमा भइरहेको छ । नयाँ दलहरूको कार्यक्षमता, कार्यकर्ता र इमानदारिताले निर्धारण गर्ने विषय हो । नेपालको वस्तुगत भूधरातलीय कूटनीतिमा पछिल्ला वर्षमा चीन, अमेरिका र भारतीय गतिविधिमा देखिएको उतारचढावले कसरी स्थिरता ल्याउन सकिन्छ भन्नेमा नयाँ दल सुसूचित छन् त ?

नेपाली समाजको बृहत्तर रूपमा हुनुपर्ने र सम्भावना भएको आर्थिक रूपान्तरण ढिलो र भुँइमान्छेबाट टाढा हुन पुग्यो । आन्तरिक रूपमा उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन नसक्दा विद्यमान कृषिक्षेत्रको उच्च सम्भावना श्रमशक्ति पलायनले विस्तारै दोस्रो प्राथमिकताको क्षेत्र हुन पुग्यो । हालका वर्षमा वार्षिक चार खर्बमाथिको कृषीजन्य वस्तु तथा सेवाको आयातमा निर्भर रहनुपरेको नेपाली अर्थतन्त्रले भोगिरहेको छ । पुँजीगत निर्माणसँग सम्बद्ध अधिकाधक वस्तु तथा सेवाको हकमा आयातमै आजका दिनसम्म निर्भर रहनुपरेको छ । उच्च सम्भावना भएको पर्यटन, ऊर्जा, वनपैदावारसँग सम्बन्ध राख्ने औषधीजन्य कच्चापदार्थको व्यावसायिक उत्पादन तथा निर्यातको हकमा तीन दशक यसै बितेर गयो ।

पूर्वाधारको हकमा सडकसञ्जाल गुणस्तरीय हुन नसक्दा बजार र गाउँहरूको उत्पादनले व्यावसायिकता अपनाउन नसकेको हो । एकातिर काम गर्नसक्ने युवाजनशक्तिको पलायन साथमा मूल्य तथा बजारीकरणका विषयमा उत्पादकभन्दा माथि बिचौलिया समूहको निर्णायक भूमिकाका कारण कृषिमा मानिसहरू पलायनको बाटो रोज्न थालेका हुन् । उदारीकरणले सुरु गरेको स-सानो किसिमको व्यावसायिकतामा समस्या देखिए । सरकारी निकायबाट हुनुपर्ने सही अनुगमन, नीतिगत पक्षहरूको कार्यान्वयनमा देखिएको कमजोरीको फाइदा गलत व्यक्ति, समूहहरूले मात्र उठाउन सके । अर्धशहरी तथा ग्रामीण क्षेत्रमा व्यावासयिक कारणले गाउँ छोडेर शहर पसेका मानिसको गन्तव्य भने विदेशतिर हुन गयो ।

यस क्रमले निरन्तरता पाउँदा तराईका सुन फल्ने फाँटहरूमा जसोतसो धान र पहाडी क्षेत्रका बेंसीहरूले सोही समस्याको सामना हालका वर्षमा गरिरहेका छन् । शहर केन्द्रित केही व्यावसायिक घरानाहरू निरन्तरताका लागि उत्पादनभन्दा व्यापारमा संलग्न हुँदा अर्थतन्त्रले सही दिशा समात्न नसकेन । ग्रामीण कृषि क्षेत्रले भोगेको अर्को पीडा उत्पादन लागत, ज्याला धेरै तर उत्पादित वस्तुहरूले सही मूल्य नपाउँदा संलग्न व्यक्तिले विदेश रोज्न थालेका हुन् । अझ पनि नेपालको जनसंख्याको ठूलो हिस्सा ग्रामीण परिवेशमा आधारित अनौपचारिक आर्थिक गतिविधिमा संलग्न छ ।

विगत तीन दशकमा चाहेर वा नचाहेर सरकारले नेपाली युवाहरूको आकांक्षामा कुठाराघात गर्दै गए । सुशासन र सार्वजनिक संस्थाहरूको संस्थागत विकासमा सही काम गर्न नसक्दा लगानी तथा व्यावासायिकतामा कमी हुन गयो । प्रत्यक्ष असर रोजगारीको विस्तार तथा प्रविधि विकासमा पऱ्यो । मुलुकबाट श्रममात्र नभएर ब्रेन, सीप र पछिल्लो समय पुँजीको पलायन हुन पुगेको छ । साथमा दलहरूका विज्ञ एवं कार्यकर्तामाझ कूटनीति र राजनीतिको फरकपन छुट्याउन नसक्दा नेपालको अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्ध एवं प्रतिष्ठामा आँच आएको छ ।

भदौ २३ र २४ गतेको विद्रोहपश्चात् सुरु भएको राजनीतिक ध्रुवीकरण र आसन्न आमनिर्वाचनमा मतदाताताहरूको मनोविज्ञान कता सोभिने हो सो कुराको अभिव्यक्ति निर्वाचनपछि मात्र स्पष्ट हुनेछ । पुराना भनाउँदा दलहरूले गर्न नसकेका कामको समाधान गर्न नयाँ दल सक्षम छन् ? दलहरूको निर्माण पछिल्लो एक महिना द्रुततर गतिमा भइरहेको छ । नयाँ दलहरूको कार्यक्षमता, कार्यकर्ता र इमानदारिताले निर्धारण गर्ने विषय हो । नेपालको वस्तुगत भूधरातलीय कूटनीतिमा पछिल्ला वर्षमा चीन, अमेरिका र भारतीय गतिविधिमा देखिएको उतारचढावले कसरी स्थिरता ल्याउन सकिन्छ भन्नेमा नयाँ दल सुसूचित छन् त ? नयाँ दलहरूले नेपाल र नेपालीको हित हुने किसिमका परियोजनामा लगानी अभिवृद्धि गर्ने विषयमा अन्तर्राष्ट्रिय कम्पनीहरू विश्वस्त रहन सक्लान् कि नसक्लान् यो महत्त्वपूर्ण छ ।

नेपालको जातीय सामाजिक सांस्कृतिक एवं भौगोलिक विविधतासँगै २०६३ सालबाट समान्य नागरिकको हैसियतमा बस्न बाध्य बनाइएका राजपरिवार तथा उनीहरूसँग जोडिएका विषयमा नयाँ दल, तिनका शीर्षस्थ नेताहरूको स्पष्ट अडान, कृषि उद्योग पर्यटन ऊर्जालगायत व्यावसायिक वातावरणका निर्माणका लागि तयगरिएका दस्तावेज कार्यन्वयनमुखी छन् कि छैनन् ? ती विषयहरूले भोलिका दिनमा महत्त्वपूर्ण भूमिका राख्दछ ।

रवि, बालेन र कुलमानको त्रिकोणात्मक मिलनले नेपाली राजनीतिमा देखिएको गोलचक्करलाई सही दिशा दिने हैसियत राख्ला त ? नेपाल र नेपालीले कल्पना गरेको सुन्दर शान्त तथा उन्नतस्तरको समाज निर्माणमा सुशासनसहित संस्थागत रूपमा काम गर्नसक्ने कुरामा नेपाली मतदातामात्र विश्वस्त हुने समय छैन । राजनीतिको नाममा पछिल्लो समय भुसको आगोको रूपमा मौलाउँदै गएको जातीय विषयमा यो सम्बन्ध कति अघिसम्म सही बाटोमा जानसक्छ भन्नेमा टिप्पणी गरिहाल्ने समय भएको छैन । तर के भन्न सकिन्छ भने कांग्रेस, एमाले र माओवादीभित्र पनि यिनीहरूभन्दा कम होनाहार मानिस थिए भन्न सकिँदैन ।

नेपाली राजनीतिमा पुरानो एवं परिपक्व भएर पनि कांग्रेस अरूका कारण नभई आफ्नै कारण जग हसाउँने काम गरिरहेको छ । एमालेमा केपी ओलीको वैधानिकता भर्खरै अनुमोदन भएको छ । माओवादीहरूमा प्रचण्डको तिक्डमको अघि कसैको केही नलाग्ने समयले प्रमाणित गरिदिइसकेको छ । राजनीतिले निकाश नपाइरहेको आजको समयमा नेपाली समाजले नयाँ विकल्पको खोजी गर्ने सम्भावना देखिएको छ तर कत्तिको भरपर्दो हुने हो चासोको विषय छ ।

# समृद्ध डोटीका 'सुइना' र रूपान्तरणका आधार

**डोटीका धेरै भूगोल कठिन भएकाले आवागमन चुनौतीपूर्ण छ । बाटोघाटोको अझैं डोटीमा ठूलो समस्या छ । बाटोघाटो समृद्धिको आधार पनि हो । त्यसैले बाटोघाटोको विकासमा सबै राजनीतिक दलका नेताहरू एक ठाउँमा उभिनुपर्छ । आवागमन समस्या हुने भएकाले हरेक पालिकामा सुविधासम्पन्न विद्यालय, प्रविधिमार्फत गुणस्तरीय शिक्षण प्रणाली अपनाउन सक्यौं भने हामीले हाम्रा बालबालिकालाई शिक्षा र प्रविधिको ज्ञान सँगसँगै दिन सक्छौं ।**



● आनन्द विष्ट

डोटी आफैंमा सुन्दर जिल्ला हो । यसले थुप्रै सम्भावना बोकेको भए पनि राज्यबाट किनाराकृत छ । कुनै बेला सुदूरपश्चिमको मुटुका रूपमा रहेको डोटी माओवादी द्वन्द्व र संघीयतापछि किनाराकृत हुँदै गयो । क्षेत्रीय सदरमुकाम रहेको डोटी संघीयतापछि अस्थायी राजधानी धनगढी तोकिएसँग ओझेलमा पर्दै गएको हो । क्षेत्रीय सदरमुकाम हुँदा त्यहाँ थुप्रै सरकारी संरचना रहे पनि अहिले ती रित्तिँदै गएका छन् । यस्तो अवस्थामा हामीले डोटीको खोसिएको खुशी फर्काउनुपर्छ । र, त्यसका लागि त्यहाँका सम्भावनालाई आर्थिक समृद्धिमा रुपान्तरण गर्दै जनताको जीवनस्थर उकास्न केन्द्रित हुनुपर्छ । डोटीलाई राजनीतिक, आर्थिक र सामाजिक समृद्धि हासिल गराउन स्थानीय क्षमता, भौगोलिक विशिष्टता र मानव संसाधनलाई केन्द्रमा राखेर दीर्घकालीन, समन्वित र व्यावहारिक रणनीति अपनाउनुपर्छ ।

राजनीतिक समृद्धिका लागि सबैभन्दा पहिले स्थानीय तहदेखि प्रदेश र संघसम्म उत्तरदायी, पारदर्शी र जवाफदेही शासन निर्माण आवश्यक छ । त्यसका लागि नीतिनिर्माण गर्दा स्थानीय बासिन्दाको आवश्यकता, भूगोल र संस्कृतिको अनुरूप तयार गरिनुपर्छ । पार्टीगत स्वार्थभन्दा विकासोन्मुख नेतृत्व, स्थानीय नागरिक सहभागिता, युवा-केन्द्रित नीति र दीगो योजना कार्यान्वयनमा सरोकारवाला सबैले जोड् दिनुपर्छ । यस्तो गर्न सके मात्र डोटीमा राजनीतिक स्थिरता र विकासमैत्री वातावरण निर्माण गर्न सकिन्छ ।

आर्थिक समृद्धिका लागि डोटीको ठूलो सम्भावना कृषि, पशुपालन, वन-जंगल, जडिबुटी, पर्यटन र श्रम-उद्यमशीलताका क्षेत्रमा छ । परम्परागत कृषि प्रणालीलाई आधुनिक प्रविधिसँग जोडेर, सिँचाइ विस्तार गरेर, बजार पहुँच सुधारेर, जडिबुटी-प्रसंस्करण उद्योग, पहाडी कृषि उद्योग, लघु तथा घरेलु उद्योग, स्थानीय उत्पादन-ब्रान्डिङ, खप्तड, ठूला केदारलगायत क्षेत्रको प्रवर्द्धन गर्दै आन्तरिक/बाह्य पर्यटन, होमस्टे र स्थानीय हस्तकला प्रवर्द्धनले डोटीको आर्थिक मुहार बदल्न सकिन्छ । दिपायल विमानस्थल, सडक ढाँचागत विकास, विद्युत् उत्पादन-वितरण, डिजिटल पहुँच विस्तारले पनि आर्थिक गतिविधि सशक्त बनाउन सकिन्छ । विदेशमा रहनु भएका डोटेलीको सीप र पुँजीलाई विभिन्न मोडलमार्फत् आकर्षित गर्न सकेमा दिगो विकासको आधार अझ मजबुत बनाउन सकिन्छ ।

सामाजिक समृद्धिका लागि गुणस्तरीय शिक्षा, सीपमूलक तालिम, स्वास्थ्य सेवा पहुँच, महिला-युवा सशक्तीकरण, सामाजिक समावितान मुख्य आधार हुन् । विभेदरहित र समतामूलक समाज नै समृद्धिको सूचक हो । स्थानीय संस्कृति, भाषा र परम्परालाई जोगाउँदै सामाजिक पुँजी बलियो बनाउन सकिन्छ । छुवाछूत, लैंगिक विभेद, गरिबीलाई अन्त्य गर्न विभिध कार्यक्रम सञ्चालन गरेर डोटेली जनताको मनमा परिवर्तनको परिष्कृत चेत भर्ने सके त्यसले बन्धुत्वको भावनामा विकास गर्छ ।

शिक्षा-स्वास्थ्य, रोजगारी र सेवाप्रवाह सहज भएपछि सामाजिक संरचना स्वतः मजबुत बन्छ । अन्ततः राष्ट्रिय स्रोतसाधन उपयोगमा समान भागीदारी, डोटीलाई केन्द्रसँग जोड्ने ठूला परियोजनामा प्राथमिकता, सुशासन, लगानीमैत्री वातावरण र स्थानीय नेतृत्वको लामो-दृष्टियुक्त योजनालेमात्र डोटी काचुली फेर्न सक्छ । यसरी डोटीले राजनीतिक स्थिरता, आर्थिक उन्नति र सामाजिक रूपान्तरण गरेर वास्तविक समृद्धिको दिशामा स्थायी कदम चाल्न सक्छ ।

डोटीमा शिक्षा, स्वास्थ्यलगायत मानवका आधारभूत अधिकारको सुनिश्चितता गर्न राज्यको उत्तरदायित्व, स्थानीय शासनको क्षमता र समुदायको सक्रिय सहभागिता एकैसाथ अघि बढ्नु अत्यावश्यक छ । सबैभन्दा पहिले शिक्षा क्षेत्रमा गुणस्तर सुधार गर्न शिक्षकको स्थायी व्यवस्था, विषयगत दक्षता अभिवृद्धि, ग्रामीण बस्तीसम्म टेक्नोलोजी-मैत्री शिक्षाको पहुँच, विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक, पोषण कार्यक्रम, छात्रवृत्ति र विद्यालय-समुदाय समन्वयलाई संस्थागत बनाउनु जरुरी छ । राजपूरस्थित प्राविधिक कलेजलाई पनि गुणस्तरीय तुल्याउँदै लैजानुपर्छ ।

डोटीका धेरै भूगोल कठिन भएकाले आवागमन चुनौतीपूर्ण छ । बाटोघाटोको अझैं डोटीमा ठूलो समस्या छ । बाटोघाटो समृद्धिको आधार पनि हो । त्यसैले बाटोघाटोको विकासमा सबै राजनीतिक दलका नेताहरू एक ठाउँमा उभिनुपर्छ । आवागमन समस्या हुने भएकाले हरेक पालिकामा सुविधासम्पन्न विद्यालय, प्रविधिमार्फत गुणस्तरिय शिक्षण प्रणाली अपनाउन सक्यौं भने हामीले हाम्रा बालबालिकालाई शिक्षा र प्रविधिको ज्ञान सँगसँगै दिन सक्छौं ।

> डोटीमा राजनीतिक दलहरू सुशासन, सेवा प्रवाह, स्थानीय पहिचानको सम्मान र दिगो विकासमा केन्द्रित हुनुपर्छ । पार्टीभित्रको आन्तरिक लोकतन्त्र र उत्तरदायित्व मजबुत पार्न नेताहरू प्रतिबद्ध हुनुपर्छ । पार्टीभित्र पद, जिम्मेवारी र उम्मेदवारी छुट्याउने प्रक्रियालाई पारदर्शी बनाउनुपर्छ । स्थानीय सदस्य, कार्यकर्ता र नागरिकको आवाजलाई प्राथमिकता दिने लोकतान्त्रिक संरचना निर्माण गर्नुपर्छ ।

स्वास्थ्यका कुरा गर्दा जिल्ला अस्पतालदेखि स्वास्थ्यचौकीसम्म आवश्यक जनशक्ति स्थायी पदपूर्तिका साथ सुनिश्चित गर्नुपर्छ । स्वास्थ्यकर्मी र कर्मचारी अभावले सेवा नरोकियोस् भन्नेमा सबै पक्ष सचेत हुनुपर्छ । बेसिक स्वास्थ्य केन्द्रहरूमा औषधि उपलब्धता, गर्भवती तथा बाल स्वास्थ्य सेवा, आकस्मिक सेवा, मोबाइल हेल्थ क्याम्प, टेलिमेडिसिन र स्थानीय स्वास्थ्य स्वयंसेवकको सशक्तीकरणले डोटीको आधारभूत स्वास्थ्य पहुँचमा ठूलो परिवर्तन ल्याउन सक्छ । पीडामा परेका नागरिकले समयमै सेवा पाउन रिफरल एम्बुलेन्स, सडक सुधार र दिपायल विमानस्थलमार्फत आपत्कालीन उद्धार प्रणाली जस्ता संयन्त्रहरूलाई नियमित रूपमा सञ्चालन गर्नुपर्छ ।

मानव अधिकारको सुनिश्चितताका लागि स्थानीय तहले पारदर्शी बजेट प्रयोग, सेवा प्रवाहको सामाजिक लेखापरीक्षण, जनताको गुनासो सुन्ने प्रणाली, अपांगता भएका तथा विपन्न परिवारका लागि लक्ष्यित कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसका साथै लैंगिक हिंसा रोकथाम, बालविवाह नियन्त्रण र सीप, रोजगारी, सामाजिक सुरक्षा योजना लागू गर्नुपर्ने हुन्छ । डोटीमा राजनीतिक दलहरू सुशासन, सेवा प्रवाह, स्थानीय पहिचानको सम्मान र दिगो विकासमा केन्द्रित हुनुपर्छ । पार्टीभित्रको आन्तरिक लोकतन्त्र र उत्तरदायित्व मजबुत पार्न नेताहरू प्रतिबद्ध हुनुपर्छ । पार्टीभित्र पद, जिम्मेवारी र उम्मेदवारी छुट्याउने प्रक्रियालाई पारदर्शी बनाउनुपर्छ । स्थानीय सदस्य, कार्यकर्ता र नागरिकको आवाजलाई प्राथमिकता दिने लोकतान्त्रिक संरचना निर्माण गर्नुपर्छ ।

सडक, पानी, सिँचाइ, बिजुली, अस्पताल, विद्यालयलगायत आधारभूत पूर्वाधारलगायत क्षेत्रमा दीर्घकालीन बनाउँदै कार्यान्वयनका लागि पहल गर्नुपर्छ । ती योजना जुनसुकै सरकार आए पनि रोकिनु हुँदैन । ठेक्का-प्रक्रियामा राजनीतिक प्रभाव हटाई प्रतिस्पर्धात्मक, प्राविधिक मूल्यांकन अनिवार्य बनाउन नेताहरू नै अग्रसर हुनुपर्छ । युवालाई मात्र नभई सीप तालिम, उद्यमशीलता कर्जा, स्टार्टअप इन्क्युबेसन र स्थानीय उद्यम सञ्चालनमा जोड्नुपर्छ । वैदेशिक रोजगारमा जाने युवाका लागि सुरक्षित मार्गदर्शन, फिर्ता आएको सीप उपयोग गर्ने कार्यक्रम लागू गर्नुपर्छ ।

डोटीको भाषा, संस्कृति, परम्परा र इतिहासलाई स्थानीय नीति-कार्यक्रममा समावेश गर्नुपर्छ । पर्यटन र सांस्कृतिक विरासत संरक्षणमा सर्वदलीय सहमति बनाउनुपर्छ । यी क्षेत्रलाई राजनीतिक स्वार्थभन्दा टाढा राख्नुपर्छ । गाउँ-बस्तीसम्म पुगेर समस्यालाई प्रत्यक्ष सुन्ने र तत्काल समाधानका पहल गर्ने गर्नुपर्छ । महिला, दलित, जनजाति, अपांगता भएका र विपन्न समुदायका अधिकारलाई योजनाको केन्द्रमा राख्ने गर्नुपर्छ । डोटीका साझा मुद्दाहरू सडक, अस्पताल, शिक्षा, उद्योग, पर्यटनलगायत विषयमा दलहरूले साझा विकास एजेण्डा बनाउन सक्नुपर्छ । राजनीतिक प्रतिस्पर्धा भए पनि विकासका विषयमा सहमतिबाट अघि बढ्ने संस्कृतिको विकास गर्नुपर्छ ।

यसका साथै जेन-जी समूहको भावना सम्बोधन गर्न गुणस्तरीय शिक्षा र डिजिटल सीपको विस्तार गर्नुपर्छ । जेन-जीलाई वास्तविक परिवर्तन चाहिएको छ । आजको पुस्ता अनलाइन स्रोत, डिजिटल उपकरण र सीपमार्फत एकैपटक विश्वसँग जडिन चाहन्छ । उनीहरूलाई त्यो अधिकारबाट बञ्चित गर्नु हुँदैन । जेन-जी पारदर्शिता, सुशासन र परिणाममुखी प्रणाली चाहन्छन् । स्थानीय तहमा ई-गभर्नेन्स, अनलाइन सेवा, खुला तथ्यांक, जनसहभागिता र नीतिनिर्माणमा युवाको आवाज सुनिश्चित हुन थालेमा स्थानीय सरकारप्रति विश्वास बढ्छ । राजनीतिक संस्कृतिमा योग्यता, इमानदारिताको सम्मान हुन थालेपछि जेन-जी नेतृत्वमा आउने बाटो खुलेर नयाँ पुस्ताले नीति-निर्माणलाई आधुनिक धारमा पुऱ्याउन सक्छ ।

यसले राजनीतिक स्थिरता, विकास गतिशीलता र दीर्घकालीन सोचलाई बढावा दिन्छ । जेन-जी आफ्नो मानसिक अवस्था, आत्मपहिचान र जीवनगुणस्तरप्रति सजग हुन्छ । डोटीमा काउन्सेलिङ, युवा-मैत्री स्वास्थ्य सेवा, खेलकुद, कला-संस्कृति, संवाद, मञ्चहरू विस्तार हुँदा समाजमा तनाव, निराशा र पलायनको भावना घट्छ । हामीले यी र यस्ता विषयमा ध्यान दिएर काम गऱ्यो भने हाम्रो समृद्ध डोटीको सपना साकार हुनेछ ।

*(विष्ट नेपाली कांग्रेसका निवर्तमान आ.केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# दिवंगत प्राडा.बाबुराम पोखेलका दुई पुस्तक विमोचित



**हिमालय टाइम्स**
काठमाडौं, २० पुस

दिवंगत प्राडा.बाबुराम शर्मा पोखेलका दुई कृति 'हिमवत्खण्डको समीक्षात्मक अध्ययन' र 'स्तुति पुष्पाञ्जली' विमोचन गरिएको छ। नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति प्राडा.वासुदेव त्रिपाठी, प्राडा.विद्यानाथ उपाध्याय, प्राडा.जीवेन्द्रदेव गिरी, प्रा.नीलमणि ढुंगाना, प्रा.केदार न्यौपाने तथा डा.दिनेशचन्द्र पोखेलले संयुक्तरूपमा पुस्तक विमोचन गर्नुभएको हो।

नेपाल संस्कृत विश्वविद्यालयका पूर्वशिक्षाध्यक्ष एवं त्रिभुवन विश्वविद्यालयका पुराण विभागका संस्थापक डा.पोखेलको निधनको ११ वर्षपछि उहाँका छोरा, पूर्वप्रहरी महानिरीक्षक एवं वरिष्ठ चिकित्सक डा.दिनेशचन्द्र पोखेलले पुस्तक प्रकाशन गर्नुभएको हो।

डा.पोखेलले पिएचडीका क्रममा संस्कृतमा लेख्नुभएको अनुसन्धानलाई प्रा.नीलमणि ढुंगानाले नेपालीमा अनुवाद गरी प्रकाशित गरिएको हो। ढुंगानाका अनुसार, स्कन्द पुराणमा ८१ हजार श्लोक छन् र त्यसको उपपुराणमा ५० खण्डमध्ये हिमवत्खण्ड एक हो। वरिष्ठ समालोचक प्राडा.त्रिपाठीले नेपालमा पुराणका प्रवर्तक नै प्राडा.पोखेल भएको र हिमवत्खण्डमा मूलरूपमा नेपालखण्ड पाइने उल्लेख गर्नुभयो। प्राडा.उपाध्यायले भन्नुभयो, 'पुराणको शिक्षाले जीवन अगाडि बढाउन र मार्गदर्शन गर्न सहयोग गर्छ र प्राडा.पोखेल पुराण इतिहासको स्तम्भ हुनुहुन्छ।' स्तुति पुष्पाञ्जलिले भने स्तुति गर्न सिकाउने काम गर्ने बताउनुभयो।

प्राडा.गिरी र प्रा.न्यौपानेले पुस्तक प्राचीन विषयको अध्ययन गर्न चाहनेहरूका लागि महत्त्वपूर्ण दस्तावेज भएको बताउनुभयो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा हिमवत्खण्डसम्बन्धी दुई सम्मेलन भइसकेका थिए, र प्राडा.पोखेलको यो पुस्तकले उक्त विषयमा अझ गहिराइ प्रदान गर्ने विश्वास व्यक्त गरिएको छ।

पञ्चकुमारी सामाजिक गुठीको आयोजना तथा भरोसा अस्पतालको सहआयोजनामा भएको कार्यक्रममा डा.दिनेशचन्द्र पोखेलले आगामी वर्ष पिता प्राडा.पोखेलको अर्को पुस्तक प्रकाशित हुने जानकारी दिनुभयो। उहाँले नेपाली साहित्य लेखनमा सम्मानको कमी रहेको उल्लेख गर्दै सबै लेखकले यथोचित सम्मान पाउनुपर्नेमा जोड दिनुभयो।

# लीलाध्वज थापा स्रष्टा सम्मान नरनाथ लुइँटेललाई



**हिमालय टाइम्स**
काठमाडौं, २० पुस

लीलाध्वज थापा साहित्य प्रतिष्ठानको आयोजनामा सम्पन्न विशेष कार्यक्रममा हाँस्यव्यंग्यकार तथा 'फित्कौली'का नरनाथ लुइँटेललाई लीलाध्वज थापा स्रष्ट सम्मान तथा १० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको छ।

प्रतिष्ठानका संस्थापक अध्यक्ष विजयध्वज थापाको सभापतित्वमा काठमाडौंमा सम्पन्न कार्यक्रममा प्राडा.अर्जुनदेव भट्ट, कवि नरेन्द्रराज पौडेल, अध्यात्म चिन्तक तथा कवि हरिभक्त सिग्देल, प्राडा. गोविन्दमानसिंह कार्की, आख्यानकार रामप्रसाद पन्तलगायतको उपस्थिति रहेको थियो। सभापति थापाले दोसल्ला ओढाई सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको थियो।

वृन्दा ढुंगानाले सहजीकरण गरेको कार्यक्रममा स्वागत मन्तव्य आख्यानकार रामप्रसाद पन्तले राख्नुभएको थियो भने सम्मान वितरणपछि दोस्रो सत्रमा रचना वाचन र शुभकामना मन्तव्यहरू प्रस्तुत गरिएका थिए।

कार्यक्रममा प्रमोद नेपाल, मदनप्रसाद नेपाल, मधुसूदनप्रसाद घिमिरे, मीरा पोखेल काफ्ले, शुभद्रा अधिकारी, एन.पी.जगपुरी, भानुप्रकाश जोशी, मदनराज थापा, महेश रिजाल, राज रजक, रामशरण न्यौपाने, आवेश मिश्र, सुशान्त केसी, शालिग्राम दाहाल, उमा दाहाल, रूपा रिसाल, भोजराज रेग्मी 'मुखाले', जित कार्की, नानु राना थापा, वृन्दा ढुंगाना, राजेन्द्र खनाल, भागीरथी ज्ञवाली, कर्णदयाल सोडरीलगायत स्रष्टाले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो।

यस्तै, प्राडा.अर्जुनदेव भट्ट, हरिभक्त सिग्देल, नरेन्द्रराज पौडेल र प्राडा.गोविन्दमानसिंह कार्कीले साहित्य र सर्जकको भूमिकामाथि मन्तव्य राख्नुभएको थियो। कार्यक्रमको समापन सभापति विजयध्वज थापाको मन्तव्यसँगै गरिएको थियो।


## मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### खिमडी कैलाली
### सुदुर पश्चिम प्रदेश नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/९/२१

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८२/०७/०३) गते आर्थिक अभियान रास्टिय दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु सार्वजिक खरिद ऐन २०६३ को दफा २७ को नियम १ बमोजिम सारभुत रुपमा प्रभावग्राही भएको र बोलपत्र स्विकृतको लागी छनोट भएकोले ऐनको दफा २७ को उपदफा (२) प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. बाहेक) | घटि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| 1. | Repair and Maintenance of Ragamalekha Lift Irrigation Project. (MRM/NCB/WORKS/04/2082/083 ) | प्रकाश निर्माण सेवा बाण गंगा ७ कपिलबस्तु | २५,८२,०१७.२० | ४९.५८ | |
| 2. | Repair and Maintenance of Rajirekcha Lift Irrigation Project. (MRM/NCB/WORKS/05/2082/083 ) | प्रकाश निर्माण सेवा बाण गंगा ७ कपिलबस्तु | ४०,२७,३९५.०० | ४९.३७ | |

**प्रमुख प्रशासकिय अधिकृत**



## लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति पुन: लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०९/२१**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा धितो लिलाम बिक्रीको १५ तथा ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा पुनः धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०९/२८ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको सम्बन्धित शाखा कार्यालयमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : धनगढी (लक्ष्मी नारायण चोक), कैलाली**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग वाणिज्य कार्यालय धनगढी, कैलालीमा दर्ता नं. २४७६८/०७४/७५, मिति २०७४/०८/०५ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय, धनगढी कैलाली पान नं. ६०७२२४४०५ भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ स्थित **कुश्माईती ट्रेड कन्सर्न**।

**प्रोप्राइटर तथा धितो जमानतकर्ता :** राम प्रसाद बिष्टको बुहारी, इन्द्रदेव बिष्टको पत्नी, दार्चुला जिल्ला, गोकुलेश्वर गा.पा. वडा नं. ८ भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **नारायणी देवी बिष्ट** (ना.प्र.नं. ९१५, जि.प्र.का. दार्चुला, जारी मिति २०४४/१२/१३)।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** राम प्रसाद बिष्टको नाति, इन्द्रदेव बिष्टको छोरा, दार्चुला जिल्ला, ग्वानी गा.वि.स. वडा नं. १ भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **जनक राज बिष्ट** (ना.प्र.न. २६७४१, जि.प्र.का. दार्चुला, जारी मिति २०६१/३/२०)।

**ख.** राम प्रसाद बिष्टको नाति, इन्द्रदेव बिष्टको छोरा, दार्चुला जिल्ला, ग्वानी गा.वि.स. वडा नं. २ भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **बासु देव बिष्ट** (ना.प्र.नं. ७२/१/०२९/७४८०/१९३५५, जि.प्र.का. दार्चुला, जारी मिति २०५७/८/२३)।

**ग.** राम प्रसाद बिष्टको नाति, इन्द्रदेव बिष्टको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ५ बस्ने **राजेन्द्र प्रसाद बिष्ट** (ना.प्र.नं. ६७१०२०/८८३७, जि.प्र.का. कैलाली, जारी मिति २०६६/१/२४)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **ऋणी फर्मका प्रोप्राइटर तथा धितो जमानतकर्ता नारायणी देवी बिष्ट**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, चौमाला गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ०२७/०५८२ स्थित कित्ता नं. ६७ को क्षेत्रफल ६,२२०.५५ बर्ग मी. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालय : सिमरा, बारा**
**(उल्लेखित सम्पत्तिको सम्पूर्ण लिलाम सम्बन्धीको कार्य बैंकको शाखा कार्यालय लिंक रोड, वीरगंजबाट हुनेछ)।**

**ऋणीको नाम :** भोला मियाँ अंसारीको नाति, अब्दुल रहमन मियाँ अंसारीको छोरा, पर्सा जिल्ला, बेल्वा गा.वि.स. वडा नं. ३ भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३१ बस्ने **फैयाज मिया अंसारी** (ना.प्र.नं. १०८७२५५८, जि.प्र.का. पर्सा, जारी मिति २०५८/०८/१०)।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** अब्दुल रहमन मिया अंसारीकी बुहारी, फैयाज मिया अंसारीकी पत्नि, पर्सा जिल्ला, बेल्वा गा.वि.स. वडा नं. ३ भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ३१ बस्ने **जनत रानी खातुन** (ना.प्र.नं. ३४१०१३/२१८, जि.प्र.का. पर्सा जारी मिति २०६५/०१/३०)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : व्यक्तिगत तथा धितो जमानतकर्ता जनत रानी खातुन**को नाममा मालपोत कार्यालय बीरगंज, पर्साको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, बेल्वा गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ६४८ को क्षेत्रफल ०-०-१० (बिगाहा) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो। जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

**पुनश्च :** बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।**

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com



## Kamalamai Municipality
### Office Of The Municipal Executive
### Bagmati Province, Nepal
### Sindhuli

**Re-Invitation for Sealed Quotations for the works specified in the table here under.**

**Second Date of publication: 5th January, 2026**

1. **Kamalamai Municipality, Office of The Municipal Executive** invites electronic sealed quotations from Nepalese eligible bidders for the works specified in the table herewith under Sealed Quotations procedures. The estimated amounts for the works are as stated in the table herewith.
2. Eligible bidders may obtain further information and inspect the Sealed Quotations Documents at the **PPMO website www.bolpatra.gov.np/egp.**
3. Bidder to submit their sealed quotation electronically may download the sealed quotation documents for e-submission from **PPMO's Web Site www.bolpatra.gov.np./egp,**. Bidders submitting their sealed quotations electronically only, should deposit the cost **Nrs. 1,000.00 (Nrs. One Thousand)** non-refundable and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the sealed quotations at the time of electronic submission of the sealed quotations. **Information to deposit the cost of sealed quotations document in Bank:**
   Name of the Bank: **Rastriya Banijya Bank, Sindhuli**
   Name of Office: **Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli**
   Office Code No: **80325401300**
   Rajaswa Shishak: **Anya Dastur** Rajaswa Code No: **14249**
   Account Name: - **Ga.1.1 Antarik Rajaswa Khata** Account no.: **1060100301010003**
4. Electronic sealed quotations must be submitted to the office **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli** by **PPMO website www.bolpatra.gov.np/egp** on or before **12:00 P.M.** on **21st January, 2026**.
5. The electronics Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at **21st January, 2026 13:00 hours** at the office of **Kamalamai Municipality, Office of the Municipal Executive**, Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified in the table herewith, which shall be valid for **30 days** beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding Contingencies (NRs.) | Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Works/SQ/10/082/083 | Gaumati S.S. Infrastructure Development Work, Kamalamai Municipality-6, Sindhuli | 17,41,520.47 | 50,000.00 |
| KMU/SIN/Works/SQ/11/082/083 | Shivanagar Main Road Upgrading Work, Kamalamai Municipality-6, Sindhuli | 17,49,311.73 | 50,000.00 |
| KMU/SIN/Works/SQ/12/082/083 | Bus Park Truss Building Construction Work, Kamalamai Municipality-6, Sindhuli | 11,64,134.88 | 35,000.00 |

**Chief Administrative Officer**

■ गजलका धड्कनमा स्वर र संगीत

# सर्वनाममा गुञ्जिए नारायण नेपाल

**हिमालय टाइम्स**
काठमाडौं, २० पुस




मोफसल दाङमा रहेर साहित्य सिर्जना गरिरहनुभएका गजलकार नारायण नेपालका गजल राजधानी काठमाडौंमा गुञ्जिएका छन् । शनिबार काठमाडौंको सर्वनाम थिएटरमा आयोजित कार्यक्रममा नेपालका दशवटा गजल प्रस्तुत गरिएका थिए । तीमध्ये पाँचवटा गजल संगीतिक रूपमा प्रस्तुत गरियो भने बाँकी पाँचवटा गजल गजलकार नेपाल स्वयंले तरन्नुममा वाचन गर्नुभएको थियो ।

कार्यक्रममा प्रस्तुत गजलहरूमध्ये तीनवटा गजलमा विश्व कीर्तिमानी संगीतकार तथा गायक सन्तोष श्रेष्ठको संगीत रहेको थियो । तीमध्ये दुईवटामा श्रेष्ठ स्वयंले स्वर दिनुभएको थियो भने एउटामा गायिका जलजला परियारले स्वर भर्नुभएको थियो । यसैगरी, दुईवटा गजलमा गजलकार नारायण नेपालको धूनमा गायक तथा संगीतकार भूपू पाण्डेले स्वर दिनुभएको थियो । वाद्यवादनतर्फ तबलामा शम्भु श्रेष्ठ र भ्वाइलिनमा यतिराज अधिकारीले साथ दिनुभएको थियो ।

गजलमा अभिव्यक्त प्रेम, जीवन, सामाजिक यथार्थ र मानवीय संवेदनाले श्रोताहरूलाई कतिवेला रोमाञ्चक र कतिवेला भावुक बनाएको सहभागीको प्रतिक्रिया थियो । कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली गजल मञ्चका अध्यक्ष घनेन्द्र ओझाले स्रष्टा, संगीतकार तथा गायक-गायिकाको परिचय प्रस्तुत गर्दै 'नेपाली गजल गायनको स्वर्ण दशक (विसं २०८०-२०९०)' अभियानबारे जानकारी गराउनुभएको थियो । उहाँले आफू र सन्तोष श्रेष्ठले दुई वर्षअघि सुरु गरेको उक्त अभियानअन्तर्गत हालसम्म देशका विभिन्न स्थानमा दर्जनभन्दा बढी प्रत्यक्ष गजल गायन कार्यक्रम सम्पन्न भइसकेको बताउनुभयो ।

ओझाका अनुसार, अभियानकै क्रममा आगामी २७ पुसमा कोशी प्रदेशको झापा जिल्लाको बिर्तामोडमा गजलकार रश्मि असफलका गजलहरूमा सन्तोष श्रेष्ठको एकल संगीत र स्वरमा प्रत्यक्ष गायन कार्यक्रम आयोजना हुने छ । यसअघि राधा कँणेल र घनेन्द्र ओझाका शब्दमा श्रेष्ठकै संगीत र स्वर रहेको 'नसोधी' एल्बम सार्वजनिक भइसकेको र ३ माघमा 'मतला' गजल एल्बम भारतको दार्जिलिङका संगीतकार जीवनप्रकाश प्रधानको संगीतमा सार्वजनिक हुने उहाँले जानकारी गराउनुभयो ।

कार्यक्रममा गजलकार नेपालका प्रस्तुत गजलहरूमाथि प्राडा.कृष्णहरि बरालले सूक्ष्म टिप्पणी राख्नुभएको थियो । बरालले गजल गायनका शैली र प्रविधि भाषा, भूगोल, माटो, साजबाज तथा सर्जकअनुसार फरक हुनसक्ने उल्लेख गर्दै अरबी, हिन्दी र नेपाली गजल गायनका शैलीहरू समान नहुन सक्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा विभिन्न साहित्यकार, गजलप्रेमी तथा सांस्कृतिक व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो । नारायण नेपालका गजलहरूमा देखिने भावनात्मक गहिराइ, भाषिक सरलता र समसामयिक चेतनाले नेपाली गजल विधालाई समृद्ध बनाएको उनीहरूको भनाइ थियो । अनाममण्डलीको आयोजना तथा अन्तर्राष्ट्रिय नेपाली गजल मञ्च र गोल्डेन क्रियसनको सहकार्यमा सम्पन्न उक्त कार्यक्रम अनाममण्डलीका अध्यक्ष रूपक अलंकारको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रमको सहजीकरण गजलकार ज्ञानु विद्रोहीले गर्नुभएको थियो ।

# वरिष्ठ संगीतकार शम्भुजित बास्कोटालाई मातृशोक

**काठमाडौं/हिटा ।** वरिष्ठ संगीतकार शम्भुजित बास्कोटाकी आमा मिटु बास्कोटाको आइतबार बिहान निधन भएको छ । स्वास्थ्यमा समस्या देखिएपछि चावहिलस्थित ओम अस्पताल लगिएकी उहाँको उपचारका क्रममा निधन भएको हो । उहाँको १०६ वर्षको उमेरमा निधन भएको हो । आमाको निधनप्रति शोक व्यक्त गर्दै बास्कोटाले सामाजिक सञ्जालमा लेख्नुभएको छ, 'मेरी आमाले मलाई एक्लै छोडेर यो संसारबाट सधैंका लागि बिदा लिनुभयो ।' मिटको आइतबारै अन्तिम संस्कार गरिएको छ । मिटुका एक छोरा शम्भुजित र तीन छोरी हुनुहुन्छ ।

**नेपाल सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन, ललितपुर**
**हरिहरभवन, ललितपुर**

**ठेक्का सम्झौता अन्त्य गर्नु पूर्व जारि गरिएको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२/०९/२१

तपसिल बमोजिमका निर्माण व्यवसायीहरुले सम्झौता बमोजिम काम शुरु गरी बिचैमा छोडी ठेक्काको म्याद समाप्त हुन लाग्दा समेत कार्य सम्पन्न गर्नेतर्फ कुनै चासो नदेखाएकोले सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र, ठेक्का सम्झौता अन्त्य गरि कारवाही प्रकृया अगाडि बढाउनु नपर्ने कुनै ठोस कारण भएमा प्रमाण सहित सम्बन्धित आधिकारिक व्यक्ति डिभिजन कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । पेश गरिएको प्रमाण नियम संगत भरपदी वा चित्त बुझ्दो नभएमा सम्झौतामा भएको प्रावधान तथा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम ठेक्का सम्झौता अन्त्य गरि कलो सूचिमा राख्ने प्रकृया अधि बढाइने छ साथै कार्य सम्पादन जमानत तथा धरौटी वापत राखिएको रकम जफत गरिने छ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीहरुबाट सरकारी बाँकी मानि असुल उपर गर्नेतर्फ कारबाही अधि बढाइने समेत जानकरी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नम्बर | निर्माण व्यवसायीको नाम | कामको विवरण | सम्झौता मिति | ठेक्का म्याद कायम रहेको मिति (सा.ख.नि १४ औं संशोधनवाट थप) |
|---|---|---|---|---|---|
| 1 | DROLTP/3373101 1-3/077/78-054Re | P.M./Maharjan JV, Lalitpur. | Upgrading & Rehabilitation Works along Lubhu-Lakuribhanjyang-Manedovan Road. | 2078/03/27 | 2082/12/30 |
| 2 | DROLTP/3373101 1-3/077/078-053 | Maharjan Nirman Sewa, Lalitpur. | Periodic Maintenance of Rehabilitation & Upgrading works along Champi Tikabhairab (KVRR) Road., Lalitpur. | 2078/01/03 | 2082/12/30 |
| 3 | DROLTP/3371574/ 071/72-283 | Maharjan Nirman Sewa, Lalitpur. | Construction of RCC bridge over Nakkhu khola,lalitpur | 2072/06/22 | 2082/09/30 |

डिभिजन प्रमुख

# गीतकार संघ नेपालको साधारणसभमा रोयल्टी र बौद्धिक सम्पत्तिमा जोड

**हिमालय टाइम्स**
काठमाडौं, २० पुस

गीतकार संघ नेपालको १६औं वार्षिक साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ । संघका अध्यक्ष वसन्तवित्यासी थापाको सभापतित्व तथा सम्मानित गीतकार राजेन्द्र थापाको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो ।

कार्यक्रममा संघका सल्लाहकार एवं पूर्वमन्त्री वरिष्ठ गीतकार शंकरप्रसाद कोइराला (एसपी), प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयकी रजिष्ट्रार सबिता कार्की, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्य सचिव श्याम तमोट, संघका संस्थापक अध्यक्ष डा.कृष्णहरि बराल, संगीतकार संघ नेपालका अध्यक्ष अष्ट लामा, गीतकार संघका पूर्वअध्यक्ष चूडामणि देवकोटा, शुभ मुकारुङ, सल्लाहकार डा.भोला रिजाल, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नारायणगोपाल संगीतकोषका अध्यक्ष दीपक केसीलगायतको उपस्थिति थियो ।

कार्यक्रमको प्रारम्भमा संघका उपाध्यक्ष रमेश कोइरालाले उपस्थित स्रष्टाहरूलाई स्वागत गर्दै बौद्धिक सम्पत्तिको संरक्षणमा स्रष्टाहरू स्वयं सचेत हुनुपर्नेमा जोड दिनुभयो । साधारणसभालाई शुभकामना दिँदै पूर्वअध्यक्ष चूडामणि देवकोटाले गीतकारहरूको हकहित र अधिकारका पक्षमा संघ निरन्तर क्रियाशील रहेको बताउनुभयो । संघले अग्रजदेखि अनुज स्रष्टासम्मलाई सम्मान गर्दै कार्यालय सञ्चालन र विभिन्न पुरस्कार स्थापना गर्दै आएको उहाँले उल्लेख गर्नुभयो ।

प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयकी रजिष्ट्रार सबिता कार्कीले बौद्धिक सम्पत्तिको संरक्षणमा संघसँग निरन्तर सहकार्य रहने बताउनुभयो । गीतकारका सिर्जनाले सामाजिक चेतना निर्माणमा गहिरो प्रभाव पार्ने उल्लेख गर्दै रोयल्टीका विषयमा गीतकारहरू सचेत हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संघका सल्लाहकार तथा पूर्वमन्त्री एसपी कोइरालाले संघले १६औं वसन्त पार गरेकोमा शुभकामना दिँदै यसको उपस्थिति अब देशभित्रमात्र नभई डायस्पोरामा समेत सशक्त रहेको बताउनुभयो । उहाँले गीतकारहरूको एकल साँझ आयोजना गरी फन्डराइजिङ तथा सरकारसँग सहकार्य गर्दै बौद्धिक सम्पत्तिको संरक्षणमा अघि बढ्नुपर्ने सुझाव दिनुभयो ।

प्रमुख अतिथि राजेन्द्र थापाले गीतकार संघलाई मातृसंस्थाका रूपमा व्याख्या गर्दै यसको गरिमामय स्थान स्थापित भइसकेको बताएउनुभयो । आफूले रोयल्टी नपाएको अनुभव साझा गर्दै गीतकारहरूले राजनीतितर्फ भन्दा निरन्तर सिर्जनामा केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष वसन्तवित्यासी थापाले १६औं वार्षिक साधारणसभाले नयाँ सन्देश दिएको बताउँदै संस्थाको निरन्तर प्रगतिमा सक्रिय गीतकारहरूको योगदान रहेको उल्लेख गर्नुभयो । संघभित्र सबै सदस्य समान हैसियतमा रहेको अनुभूति भएको बताउँदै गीतकारहरूको रोयल्टी सुनिश्चित गर्न कठिन भए पनि नयाँ नीतिसहित अघि बढ्ने जानकारी दिनुभयो ।

तमु बौद्ध सेवा समिति नेपाल, अनामनगरस्थित हलमा सम्पन्न कार्यक्रमको सञ्चालन संघकी सदस्य देवी पराजुलीले गर्नुभएको थियो ।

**हकदावीको सूचना**

झापा जिल्ला, बिर्तामोड नगरपलिका वडा नं. ०४ बस्ने श्री शिवलाल अधिकारीको नाती काशीनाथ अधिकारीको छोरा, धन कुमारी अधिकारीको पति उध्दव प्रसाद अधिकारीको मिती २०८१/१२/०७ गतेको दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. ०१८०५०५०३०६२९४ मा भएको सम्पुर्ण रकम उपलब्ध गराई पाऊँ भनी निजको पत्नी धन कुमारी अधिकारीले आवश्यक कागजात सहित यस बैंकमा निबेदन दिनु भएको हुदा उक्त निक्षेप उपर निबेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित दाबी गर्न आउनुहुन बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दाबी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्धारा सुचित गरिन्छ ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय बिर्तामोड, झापा
फोन नं: ०२३-५३३८१०

**Road Division Tumlingtar**

**Invitation for Bids**

**Notice No.: 07/RDTLR/082/083**
**Date of Publication: 2082/09/21 (05th Jan,2026)**

**Road Division Tumlingtar, Sankhuwasabha** invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following works under National Competitive Bidding Procedure .Only eligible bidders should participate in this bidding:

| S.N | Contract Identification No./Work Description | Average Annual Construction Turnover, NRs | Specific Experience Requirements | Bid Capacity, NRs | Bid Security Amount (NRs) | Bid Validity Period Counting from the Day of Bid Opening | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | **RDTLR/337310113(Periodic)/082/083-15(Re)** Periodic Maintenance (Re-sealing) and related Pre-Treatment Works along Leguwaghat-Bhojpur Road Section ( NH03,CH:239.34 to CH:304.34 ), Bhojpur | 227 Million | As stated in Section III EQC of Bid Document | 152 Million | 39,41,000 | 120 Days | 10,000 | Single Stage Double Envelope |

1. Details of Bid:

| Pre-bid meeting | Last Date and Time of Submission of e-bids | Date and Time of Bid Opening | Bid Security Validity Period |
|---|---|---|---|
| 12th Jan, 2026 (2082-09-28) at 13:00 Hrs | On or Before 21th Jan, 2026 (2082-10-07) at 12:00 Hrs | On or After 21th Jan, 2026(2082-10-07) at 13:00 Hrs | Minimum 30 Days Beyond the Bid Validity Period |

2. Information to Purchase the Bidding Document

| Name of Bank | Name of the Office | Office Code No. | Office Revenue Account No. | Office Revenue Head No. |
|---|---|---|---|---|
| Rastriya Banijya Bank, Khandbari. | Roads Division Tumlingtar. | 337010402 | 1000100200010000 | 14229 |

3. Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)

| Name of Bank | Account Name | Deposit Account No. |
|---|---|---|
| Rastriya Banijya Bank,Khandabari, Sankhuwasabha | Ko. Le. Ni.Ka. Sankhuwasabha. Dharauti Khata | 2080100102030000 |

4. A complete set of Bidding document can be downloaded from PPMO's web site **https://bolpatra.gov.np/egp.** For further detail information eligible bidders may visit the web site or **Road Division, Tumlingtar** notice board **( Contact no. 9852058050).**
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. Road Division, Tumlingtar reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason/justification, whats ever.

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**सूचना नं. 08/RDTLR/082/083**
**प्रकाशित मिति: २०८२-०९-२१**

यस सडक डिभिजनबाट मिति २०८२।०८।१२ गतेको नेपाली राष्ट्रिय दैनिक हिमालय टाइम्स पत्रिकामा प्रकाशित सूचना नं. 04/RDTLR/082/083 तथा www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्र खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल अनुसार बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएको हुँदा सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ज) को उपनियम (४) र (५) अनुसार आर्थिक प्रस्ताव मिति २०८२/०९/२८ दिनको १ बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| सि.नं. | ठेक्का नं. | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| 1 | **RDTLR/337310113(Periodic)/082/083-16** | M/S. Ujjwal-Tara JV ,Bhojpur, Nepal. |
| 2 | | M/S. SK/Sumnima/Balali J/V, Khadbari-4, Sankhuwasabha. |
| 3 | | M/S. D.S.Builders/Super Like Jv,khandbari -3 ,Shankhuwasava. |
| 1 | **RDTLR/33701138/082/083-17** | M/S. Saalin-Dibya Darshan-Satya JV New Baneshwor-10, Kathmandu. |
| 2 | | M/S. Binayak Nirman Sewa,Chainpur Municipality Ward No. 2, Sankhuwasabha. |
| 3 | | M/S. Ramchandra/Masud JV,Khandbari Municipality-7, Nayabazaar, Sankhuwasabha. |

डिभिजन प्रमुख

# तेक्वान्दोमा चार स्वर्णसहित २६ पदक




**हिमालय टाइम्स**

काठमाडौं, २० पुस

चीनको नान्जिङमा भएको एसियाली तेक्वान्दो आमन्त्रण प्रतियोगिता तथा १०औँ मान सान तेक्वान्दो खुला च्याम्पियनसिपमा नेपाली खेलाडीले चार स्वर्ण, सात रजत र १५ कांस्य गरी २६ पदक जितेका छन् । गेरोगी, पुम्से र स्पिड किकमा खेलाडीले पदक जितेका हुन् ।

जोलिना बस्नेत, हृदयानी बस्नेत, कैरवप्रसाद लोहनी र गीता विष्टले स्वर्ण जित्नुभएको हो । आश्रय उपाध्याय, सक्षम श्रेष्ठ, आयाम पौडेल, मेघानी घतानी, जिग्मे तेन्जिङ शेर्पा, दीपक दुलाल र रञ्जिता भुसालले रजत हात पार्नुभयो ।

एभिनजंग केसी, आरभी ज्ञवाली, यत्ना तिम्सिना, इनाया महर्जन, माइरा कार्की, श्रेयान कार्की, युजेन तामाङ, सोहन पाठक, एञ्जल राई, जोसेफ गुरुङ, योन्डेन तामाङ, युब्साङ तामाङ, रिञ्जेन आक्याङमी थामी, रियान्स बस्नेत र जाम्याङ तेन्जिङ शेर्पाले कांस्य प्राप्त गर्नुभयो ।

प्रतियोगितामा लिटिल बड स्कुल, गोंगबु तेक्वान्दो डोजाङ र ड्याफोडिल पब्लिक स्कुलका खेलाडीले प्रतिस्पर्धा गरेका थिए । सरोज तामाङ र विकेश बिडारी टोली प्रशिक्षकको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

# नेपाली बक्सिङका हस्ती नामसिंह थापाको निधन

**हिमालय टाइम्स**

काठमाडौं, २० पुस



नेपाली खेलकुद इतिहासका अग्रणी खेलाडीमध्ये एक बक्सिङका हस्ती नामसिंह थापाको निधन भएको छ । हङकङस्थित हेवन एण्ड होप अस्पतालमा शनिबार बिहान उहाँको निधन भएको हो । स्वर्गीय थापा सन् १९६४ को टोकियो ओलम्पिकमा नेपालबाट सहभागिता जनाउने चार बक्सिङ खेलाडीमध्ये एक हुनुहुन्थ्यो । थापालाई नेपाली बक्सिङ इतिहासका साक्षी तथा जीवित इतिहासका रूपमा लिइन्थ्यो ।

नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेले शोक व्यक्त गर्दै उहाँले बक्सिङ खेलप्रति देखाउनुभएको योगदान, लगाव र समर्पण सधैं सम्झिरहने बताउनुभयो । थापा लामो समयदेखि क्यान्सरबाट पीडित हुनुहुन्थ्यो ।

थापा स्याङ्जा र पोखराको बीचमा रहेको दुर्गम पहाडी गाउँ मनकामना गाविसको बलेउ-५ मा जन्मिनुभएको थियो । उहाँले १८ वर्षको उमेरमा सन् १९६४ मा टोकियोमा भएको ग्रीष्मकालीन ओलम्पिकमा सहभागिता जनाउनुभएको थियो । जतिबेला पुरुष फ्लाइवेट बक्सिङ प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने उहाँ समग्रमा नवौं स्थानमा रहनुभयो ।

टोकियो ओलम्पिक्स नेपालले सहभागिता जनाएको पहिलो ओलम्पिक्स हो । ६ खेलाडीले एथलेटिक्स र बक्सिङमा प्रतिस्पर्धा गरेका थिए । थापासँगै ओमप्रकाश पुन, रामप्रसाद गुरुङ र भीमबहादुर थापाले बक्सिङमाा प्रतिनिधित्व गर्नुभएको थियो । त्यस्तै, गंगाबहादुर थापामगर र भूपेन्द्र सिलवालले म्याराथनमा भाग लिनुभएको थियो । दुर्गम क्षेत्रका खेलाडीहरूको पुस्तालाई अन्तर्राष्ट्रिय मञ्चमा जान प्रेरणा दिने थापाको निधनसँगै नेपाली खेलकुद शोकमा डुबेको छ । उहाँका श्रीमती, एक छोरा र चार छोरी छन् ।

# कायक च्याम्पियनसिपको उपाधि रञ्जन र रविनलाई

**धादिङ/हिटा ।** रञ्जन कँडेल र रविन चेपाङले प्रथम कायक च्याम्पियनसिपको उपाधि जित्नुभएको छ । त्रिशुली नदीको फिस्लिङमा भएको च्याम्पियनसिपमा रञ्जनले बोर्डरक्रस र रविनले फ्रिस्टाइल विधामा पहिलो स्थान हात पार्नुभएको हो । रञ्जन केही समयअघि चीनको नुजियाङमा सम्पन्न एसियाली वाइल्डवाटर क्यानोइङ च्याम्पियनसिपका कांस्य पदक विजेता खेलाडी पनि हुनुहुन्छ ।

हिमालय रिभर गाइड संघको आयोजनामा भएको च्याम्पियनसिपको बोर्डरक्रस विधामा मोहन राना दोस्रो, लक्ष्मण गुरुङ तेस्रो, सुमन थापा चौथो र सविन गुरुङ पाँचौं हुनुभएको थियो । यसैगरी फ्रिस्टाइल विधामा अमृत थापाले दोस्रो स्थान हासिल गर्नुभयो भने मोहन राना तेस्रो स्थानमा रहनुभयो । यस विधाको ओभरल च्याम्पियन भने मोहन राना बन्न सफल हुनुभयो । च्याम्पियनसिपमा स्वर्ण विजेतालाई १५ हजार, रजतलाई १० हजार र कांस्य पदक विजेतालाई पाँच हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation

## Department of Water Resources and Irrigation
## Irrigation and Water Resources Management Project
Gainde, Jhapa

### Invitation for electronic Bids

**First Date of Publication: 2082/09/21 (5th January, 2026)**

1. Government of Nepal, Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, **Irrigation and Water Resources Management Project, Gainde, Jhapa** invites electronic bids from eligible Nepalese bidders **under special circumstances (Section 66 of PPA, 2063), considering necessity and urgency of work** under NCB Single Stage Double Envelope bidding procedures for the procurement of various works as detailed in online notice through the **PPMO website www.bolpatra.gov.np/egp**.
2. Purchase, Submission, and Opening of bid:

| Activity | Date | Time |
|---|---|---|
| Purchase of Bidding Documents | Up to 2082/09/28 (12 January, 2026) | 12:00 hours. |
| Submission of Bids | Up to 2082/09/28 (12 January, 2026) | 12:00 hours. |
| Opening of Bids | 2082/09/28 (12 January, 2026) | 13:00 hours |

3. Information to deposit the cost of bidding documents:

| | |
|---|---|
| Name of the Bank: **Rastriya Banijay Bank, Badarpur, Jhapa.** | Name of Office: **District Treasury Comptroller's Office Jhapa** |
| Office Code no. : **308031201** | Rajaswa (revenue) Shirshak No.: **14229** |
| Account no.: **1000100200010000** | Dharauti: **2210100102030000 (for cash deposit)** |

4. For all other detail, please refer to the complete set of the bidding document through the **PPMO website www.bolpatra.gov.np/egp.**
5. Only electronic bids must be submitted to the office of **Irrigation and Water Resources Management Project, Gainde, Jhapa** through **PPMO's website: www.bolpatra.gov.np/egp.**

**Note: All bidders are informed that this procurement is issued under special circumstances (Section 66 of PPA, 2063) hence, considering necessity and urgency of work, it must be completed within the stipulated time (i.e. 2082/12/30 B.S.)**

**Project Manager**



## हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुर्छिम, खोटाङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।।

**प्रकाशन मिति : २०८२/०९/२१**

हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमका सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कीत बोलपत्रहरु स्वीकृतका लागिमूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम रु (without VAT) |
|---|---|---|---|---|
| १ | HTM/Works/NCB/ 2082/083/No-06 | Construction Works Of Locha Khanepani Yojana | Sudevi Construction And Suppliers Pvt. Ltd. | 6847656.60/- |
| २ | HTM/Works/NCB/ 2082/083/No-07 | Construction Works Of Shaharbote Khanepani Yojana Nirantarta | K.T.M CONSTRUCTION PVT LTD. | 5471727.00/- |

**प्रमुख प्रशासकीय अधिकृत**



## Myagde Rural Municipality
## Office of Rural Municipal Executive
Chhang, Tanahun, Gandaki Province

### Invitation for only electronic bids

*Date of publication: 2082/09/21 (Jan-05, 2026)*

1. Myagde Rural Municipality invites only electronic bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.

| S.N | Name Of the Project | Contract ID | Estimated amount (Inclusive of P.S and VAT ) | Bid Security Amount Rs. | Bid Document Fee Rs. | First Date of publication | Last Date Of Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION OF COMPOUND WALL,GATE AND MISCELLANEOUS IN WARD 3 OFFICE. | MRM-26-2082/083 | 40,34,656.18 | 1,05,000.00 | 3000/- | 2082/09/21 (2026-01-05 | 2082/10/21 (2026-02-04) |
| 2 | CONSTRUCTION OF WELCOME GATE REFLECTING CULTURAL NORMS,TRAFFIC POLICE BIT AND CHAUTARA. | MRM-27-2082/083 | 61,81,207.94 | 1,55,000.00 | 3000/- | 2082/09/21 (2026-01-05) | 2082/10/21 (2026-02-04) |
| 3 | PRAGATI TOLE MOTOR MARGA KALOPATRE AT MYAGDE-04, TANAHUN | MRM-28-2082/083 | 19,57,458.63 | 50,000.00 | 3000/- | 2082/09/21 (2026-01-05) | 2082/10/21 (2026-02-04) |
| 4 | SHIVAPANCHYAAN MOTOR MARGA KALOPATRE AT MYAGDE-07, TANAHUN | MRM-29-2082/083 | 46,74,901.12 | 1,18,000.00 | 3000/- | 2082/09/21 (2026-01-05) | 2082/10/21 (2026-02-04) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Myagde Rural Municipality, Office of Rural Municipal Executive, Chhang, Tanahun or may visit
3. PPMO website www.bolpatra.gov.np/egp for further information.
4. Bidders shall deposit the cost of bidding documents specified above for each contract in an account as specified below:
   **Name of the Bank: Laxmi Sunrise Bank Ltd, Tharpu, Tanahun**
   **Name of the Office: Myagde Rural Municipality**
   **Office Account no (For Bid Document Fee): 07803000130**
   **Office Account no(For Bid Security ): 07803000109**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Office**



## दोरम्बा शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

### २०८२/०८३ को लागि ढुंगा, बालुवा, गिट्टी, ग्राभेल तथा नदीजन्य लगायतका सामाग्रीहरूको संकलन तथा विक्रि कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०९/२१

दोरम्बा शैलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, टोकरपुर, रामेछापले स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११ को उपदफा २ को (घ) ६, सार्वजनिक खरिद ऐन तथा नियमावली, मिति २०७९/०२/०६ को नेपाल सरकार मन्त्री परिषदको बैठकबाट स्विकृत ढुंगा, गिट्टि, बालुवा, उत्खनन बिक्रि तथा व्यवस्थापन सम्बन्धि (पहिलो ) संसोधन मापदण्ड २०७९ बागमती प्रदेश सरकार वाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ बागमती प्रदेश आर्थिक ऐन, २०८२ दोरम्बा शैलुङ गाउँपालिका राजश्व परामर्श समितिको मिति २०८२/०९/१५ निर्णयानुसार चालु आ.ब. ०८२/८३ को लागि दोरम्बा शैलुङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको ब्रम्हा बिष्णु खोलाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (**IEE**) मा उल्लेखित र आसपासका क्षेत्रहरुबाट आयोजना तथा कार्यक्रमबाट उत्खनित देहायका परिमाणको ढुंगा, गिट्टी, बालुवा रोडा, ग्राभेल साधारण निर्माण सामाग्री संकलन तथा विक्रि कर असुली सम्बन्धि कार्य गर्नको लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्मले यो सूचना प्रकाशित मितिले ३० दिन भित्र यस कार्यालयको ग्लोबल आइएमइ बैंक दोरम्बा शैलुङ शाखामा रहेको आन्तरिक राजश्व खाता **R**९०४०१००००००८ (ग-१-१ आन्तिरक राजश्व खाता दोरम्बा) मा बोलपत्र दस्तुर बापतको रु. ३,०००।०० (तीन हजार) (फिर्ता नहुने) गरि नगदै जम्मा गरेको भौचरको स्क्यान कपि, नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, २०८१/०८२ को कर चुक्ता, सहित बोलपत्र फारम भरी ३१ औ दिनको १२:०० बजे भित्र आफुले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम ग्लोबल आइएमइ बैंक दोरम्बा शैलुङ शाखामा रहेको स्थानीय तह धरौटी खाता **R**९०४०१०००००००४ (ग-३-धरौटी खाता दोरम्बा) मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त (क) श्रेणीका बाणिज्य बैकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (**Bid Bond**) संलग्न राखि सार्वजानिक खरिद अनुगमन कार्यालयको **Website centralize EGP portal** मार्फत ई विड पेश गर्न सकिनेछ । रितपुर्वक पर्न आएका बोलपत्रहरु ३१ औ दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र गाउँपालिका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ। पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइनेछ र अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयको आन्तरिक आय शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण | कुल न्युनतम अंक (सेवा शुल्क र मु.अ. कर बाहेक | बोलपत्र फारम दस्तुर रू. | बोलपत्र जामानत बापतको रकम रू. | बोलपत्र मान्य हुने अबधि | धरौटी रकम | कै. |
|---|---|---|---|---|---|---|---|
| DSRM/ Revenue/ 2082/083-01 | रामेछाप जिल्ला दोरम्बा शैलुङ गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेको ब्रम्हा बिष्णु खोलाको किनार बाट निस्कने र आसपासका क्षेत्रहरुमा उत्खिनत ढुंगा, गिट्टि, बालुवा, ग्राभेल, रोडा, यस गाउँपालिलकामा निर्माणधिन योजना आयोजनाहरुले प्रयोग गर्ने निर्माणजन्य सामाग्री (नदीजन्य बाहेक अनुमानित) | ११,०५,०८९।८६ | ३,०००।०० | ३७,४६३।०० | ९० दिन | कवोल अंकको ५ प्रतिशत | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# सिड्नीका उद्यमी–कलाकार म्याक्स बाबुको नयाँ गीत 'लाग्छ सरमै'

हिमालय टाइम्स
काठमाडौं, २० पुस

अष्ट्रेलियाको सिड्नीमा उद्यमी तथा समाजसेवीका रूपमा परिचित महेश प्रसाईं 'म्याक्स बाबु'ले नयाँ वर्षको अवसरमा नयाँ गीत सार्वजनिक गर्नुभएको छ। उहाँको चर्चित गायिका रचना रिमालसँग स्वर दिएको 'लाग्छ सरमै' बोलको गीत दर्शक-श्रोतामाझ आएको हो।



आउनुभएका म्याक्स बाबुले सिड्नीको आइकोनिक थिएटर, राउण्ड हाउसजस्ता ठूला इभेन्टहरूमा प्रस्तुति दिनुभएको छ। पछिल्लो समय नेपाली चलचित्र 'पीआर' मा समेत उहाँको अभिनय देख्न सकिन्छ। कुन्ती मोक्तान, रामकृष्ण ढकाल, शिव परियार, रचना रिमाल, समीक्षा अधिकारीलगायत चर्चित कलाकारसँग मञ्च साझा गरिसक्नुभएका म्याक्स बाबु आफ्नो नयाँ गीतले युवा पुस्तादेखि वृद्धवृद्धासम्मको मन जित्नेमा आशावादी हुनुहुन्छ।

पूर्वी नेपालको ताप्लेजुङमा जन्मिनुभएका म्याक्स बाबु सन् २००८ मा विद्यार्थीका रूपमा अष्ट्रेलिया जानुभएको थियो। प्रारम्भिक संघर्षपछि निरन्तर मिहिनेत र आत्मविश्वासका साथ उहाँले सन् २०१५ मा सिड्नीको रकडेलमा 'एभरेष्ट बुचरी' स्थापना गर्नुभयो। दशकभन्दा बढी समयदेखि व्यवसाय गर्दै आउनुभएका उहाँले हालै 'कन्ट्री फ्रेश रकडेल' सञ्चालनमा ल्याउनुभएको छ, जसको उद्घाटन न्यू साउथ वेल्सका प्रिमियरद्वारा गरिएको थियो। न्यू साउथ वेल्स राज्यबाट एकै वर्षमा तीन पुरस्कार प्राप्त गर्ने पहिलो नेपाली मूलका व्यक्ति बन्नुभएका उहाँको काम त्यहाँको राष्ट्रिय मिडिया 'द लिडर'मा समेत फिचर भएको छ। व्यवसायसँगै सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै आउनुभएका म्याक्स बाबु 'भिजन फर मोटिभेसन' नामक गैर-नाफामूलक संस्थाका संस्थापकसमेत हुनुहुन्छ, जसले नेपाली अन्तर्राष्ट्रिय विद्यार्थीहरूको हितमा विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

म्याक्स बाबुको यात्रा संगीत र अभिनयमा मात्र सीमित छैन। उद्यमशीलता र कलाकारितालाई सन्तुलित रूपमा अघि बढाउँदै आउनुभएका उहाँ व्यावसायिक सफलतासँगै सांस्कृतिक पहिचान जोगाउने अभियन्ताका रूपमा पनि चिनिनुहुन्छ। मञ्चमा होस् वा व्यवसायमा, उहाँको प्रस्तुतिमा आत्मविश्वास, मिहिनेत र नेपालीपनको स्पष्ट झल्को देखिन्छ, जसले उहाँलाई उद्यमी-कलाकारको प्रेरणादायी पहिचान दिलाएको छ।

सिड्नीका नेपाली सांस्कृतिक कार्यक्रमहरूमा निरन्तर प्रस्तुति दिँदै आउनुभएका म्याक्स बाबु कुशल परफर्मरका रूपमा समेत परिचित हुनुहुन्छ। सार्वजतिक गीत 'लाग्छ सरमै'कै भिडियोमा नायिका गरिमा शर्मासँग उहाँले अभिनय गर्नुभएको छ। कला र सिर्जनशीलतालाई जीवन यात्रासँग जोड्दै आउनुभएका उहाँले यो सांगीतिक प्रस्तुतिले नेपाली गीत-संगीत क्षेत्र र नेपाली समुदायमा विशेषस्थान बनाउने विश्वास व्यक्त गर्नुभएको छ।

युवा अवस्थामा अष्ट्रेलिया पुग्नुभएका म्याक्स बाबुले सिड्नीमा आयोजना भएका सन् १९७४ एडीदेखि हालसम्मका विभिन्न सांगीतिक कार्यक्रममा नेपालका ख्यातिप्राप्त गायक-गायिका तथा कलाकारहरूसँग दर्जनौं पटक मञ्च साझा गरिसक्नुभएको छ। गीत-संगीतसँगै हास्य क्षेत्रमा पनि सक्रिय रहँदै आउनुभएका उहाँले मह जोडीसँग समेत आफ्नो प्रस्तुति दिइसक्नुभएको छ।

दुई दशकदेखि अष्ट्रेलियामा बसोबास गर्दै

# 'मिलिनियम किड्स इन्टरनेशनल'का विजेता घोषित



हिमालय टाइम्स
काठमाडौं, २० पुस

चौथौ संस्करणको 'मिलिनियम किड्स इन्टरनेशनल'का विजेता घोषित गरिएको छ। 'मिलिनियम किड्स इन्टरनेशनल २०२६'मा एकसाथ चार विजेता छानिएका हुन्। प्रतियोगितामा जुनियर र सिनियर बालक तथा बालिका गरेर एकसाथ चार विजेता छानिएको हो।

जमलस्थित राष्ट्रिय नाचघरमा शनिबार साँझ सम्पन्न प्रतियोगितामा जुनियर बालकतर्फ रिवान बस्नेत विजेता बन्दा जुनिएर बालिकातर्फको उपाधि आरुसी बुढाथोकीले हात पार्नुभयो। त्यस्तै, सिनियर बालकतर्फ इंगसोजंग थापा शीर्ष विजेता घोषित हुँदा सिनियर केटीतर्फको उपाधि मानस्वी बस्नेतले हात पार्नुभयो। शीर्ष विजेता सबैले उपाधिको साथमा विभिन्न अवसरसमेत पुरस्कारको रूपमा प्राप्त गरेका छन्।

प्रतियोगीतामा जुनियर बालकतर्फ शिवांशु आर्याल सेकेण्ड रनरअप र प्रान्शु बस्नेत फष्ट रनरअप छानिदा जुनियर बालिकातर्फ क्यारिन बाडेकर फोर्थ अनरअप, अनिता महर्जन थड रनरअप, शुभानी पाण्डे सेकेण्ड रनरअप र अलिमा थापा फष्ट रनरअप बन्नुभयो।

त्यस्तै, सिनियर बालकतर्फ शिबाम्सु कटेल सेकेन्ड रनरअप बन्दा ब्रायन श्रेष्ठ फष्ट रनर अप बन्नुभयो। सिनियर बालिकातर्फ रेनेश्मी स्थापित फोर्थ रनरअप, इभानी पुनमगर थर्ड रनरअप, डिजा आभा तिम्सेना सेकेण्ड रनरअप, सुशासिका घर्तीमगर फष्ट रनरअप विजेता बन्न सफल रहनुभयो।

प्रतियोगिताको निर्णयकमा होमनाथ आचार्य (प्रिन्सिपल माछापुच्छ्रे आइबी वर्ल्ड स्कुल ) सन्तोष दाहाल प्रिन्सिपल (ललितपुर युरो स्कुल), बुनु राई (प्राइमरी स्कुल को-अडिनेटर, काठमाडौं वर्ल्ड स्कुल) सुरैया शाक्य (प्राइमरी को-अडिनेटर ज्ञानोदय बालवाटिका उच्च माध्यमिक विद्यालय) कल्पना त्रिपाठी (इवाईपी को-अडिनेटर जेभियर इन्टरनेशनल स्कुल) लगायत निर्णायक रहनुभएको थियो। रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको प्रतियोगिताको कोरियोग्राफी अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले गर्नुभएको थियो।

विभिन्न आकर्षक शैलीमा बालबालिकाको स्टेज प्रस्तुतिसहित आयोजित प्रतियोगिता बालबालिकालाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले बताउनुभयो। प्रतियोगीको ड्रेस डिजाइन श्रीषा बैदारले गर्नुभएको थियो।

# अडियो–भिडियो सोसाइटी अफ नेपाल गठन




हिमालय टाइम्स
काठमाडौं,२० पुस

अडियो-भिडियो सोसाइटी अफ नेपाल गठनको औपचारिक घोषणा गरिएको छ। चलचित्र विकास बोर्डमा कार्यक्रम आयोजना गर्दै सोसाइटी घोषणा गरिएको हो।

सोसाइटी गठनले अडियो-भिडियो, डिजिटल प्रविधि, नवीन सोच र सिर्जनात्मक प्रयोगलाई संस्थागतरूपमा अघि बढाउँदै नेपाली चलचित्र उद्योगलाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउने अपेक्षा गरिएको छ।

सोसाइटीको अध्यक्षमा विपीन स्थापित, उपाध्यक्षमा वनिष विक्रम शाह, महासचिवमा मणिरत्न त्रिपाठी, सचिवमा रोमी तण्डुकार चयन हुनुभएको छ।

कोषाध्यक्षमा डिकेस शाही खड्गी चयन हुँदा सदस्यहरूमा सञ्जीवरत्न शाक्य, निरीक्षा घतानी, उषा कार्की, अमित श्रेष्ठ निर्वाचित हुनुभएको छ।

कार्यक्रममा प्रमुख अतिथि चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले अत्याधुनिक प्रविधि र गुणस्तरमा आधारित निर्माण प्रक्रियामार्फत स्वदेशी चलचित्रलाई विश्व बजारसम्म स्थापित गर्न सकिने धारणा राख्नुभयो। उहाँले चलचित्र अब केवल मनोरञ्जनको माध्यम मात्र नभई प्रविधि, सिर्जनशीलता र व्यावसायिकताको संयोजनबाट अघि बढ्ने उद्योग भएको उल्लेख गर्नुभयो।

कार्यक्रममा उदय सुब्बा (नेपाल चलचित्र निर्माता संघ अध्यक्ष), गोपालकाजी कायस्थ (नेपाल चलचित्र संघ उपाध्यक्ष), राजभाई सुवाल (मानवरहित विमान ड्रोन संघ अध्यक्ष) तथा समिर बलामी (चलचित्र पत्रकार संघ अध्यक्ष)लगायतले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो। वक्ताहरूले एआई, ड्रोन र आधुनिक अडियो-भिडियो प्रविधिको सुरक्षित, जिम्मेवार र सिर्जनात्मक प्रयोगमा अडियो-भिडियो सोसाइटी अफ नेपालको भूमिका महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरेका थिए।

# चलचित्र विकास बोर्डले पोष्टर संकलन र प्रदर्शन गर्ने

हिमालय टाइम्स
काठमाडौं, २० पुस

चलचित्र विकास बोर्डले बोर्डअन्तर्गत स्थापना गरिएको चलचित्र संग्राहलयमा राख्ने उद्देश्यले नेपाली चलचित्रका पोस्टर (डिजिटल तथा फिजिकल) संकलन कार्य सुरु गरेको छ। स्वदेशी चलचित्रको इतिहास, कला तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित बोर्डले नेपाली चलचित्रका पोष्टरहरू समेटिएको विशेष प्रदर्शनी आयोजना गर्न लागेको जनाएको छ। उक्त प्रदर्शनीका लागि बोर्डले चलचित्र निर्माता, निर्देशक तथा सम्बन्धित सरोकारवालालाई आफू सम्बन्धित चलचित्रका पोष्टर उपलब्ध गराउन सूचना जारी गर्दै अनुरोध गरेको छ।



चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीका अनुसार नेपाली चलचित्रका पोष्टरहरू केवल प्रचार सामग्रीमात्र नभई चलचित्र इतिहास र समयको महत्त्वपूर्ण अभिलेख हुन्। 'यस्ता सामग्रीको संरक्षण तथा सार्वजनिक प्रदर्शनीमार्फत नयाँ पुस्तालाई नेपाली चलचित्रको यात्रासँग परिचित गराउनु बोर्डको मुख्य उद्देश्य हो,' अध्यक्ष डिसीले बताउनुभयो।

बोर्डले सम्बन्धित सबै चलचित्रकर्मी तथा अधिकार प्राप्त व्यक्तिहरूलाई आगामी मंगलबारभित्र आफू संलग्न चलचित्रका पोष्टरहरू डिजिटल वा फिजिकल स्वरूपमा उपलब्ध गराई यो महत्त्वपूर्ण कार्यमा सहयोग गर्न आग्रह गरेको छ। पोष्टर संकलन तथा थप जानकारीका लागि चलचित्र विकास बोर्डले तोकिएका व्यक्तिहरूसँग सम्पर्क गर्न अनुरोध गरेको छ।


## Lisankhu Pakhar Rural Municipality
### Office of the Rural Municipal Executive
Attarpur, Sindhupalchowk
Bagamati Province, Nepal

**Invitation for Electronic Bid**

**First Date of Publication: 2082/09/21 (5th Jan 2025)**

1. ***Lisankhu Pakhar Rural Municipality*** invites bids from Nepalese eligible bidders for the **Construction of the works in the table below,** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality, Attarpur, Sindhupalchowk, Nepal, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall be held at **Lisankhu Pakhar Rural Municipality-4, Attarpur, Sindhupalchowk, at 13:00 HRs on 2082/10/11 (25th Jan 2026).**
4. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e., 2083/02/21 (4th June 2026)).**

| S. N. | Contract Identification No. | Description of work | Bid Security Amount (NRs) | Last date & Time of | | Estimated Amount with VAT & PS (NRs) |
|---|---|---|---|---|---|---|
| | | | | Submission | Opening | |
| 1. | LPRM/Works/Road/ NCB/082/83-12 | Upgrading works of Kolko Road ((CH-0+267) to (CH-0+616.5)), Lisankhu Pakhar RM-07 | 1,21,000.00 | 2082/10/21 (4th Feb 2026) 12:00 HRs | 2082/10/21 (4th Feb 2026) 13:00 HRs | 48,42,793.14 |
| 2. | LPRM/Works/CSH/ NCB/082/83-13 | Construction of miscellaneous civil structures at Cold Store, Lisankhu Pakhar RM-07 | 1,21,000.00 | 2082/10/21 (4th Feb 2026) 12:00 HRs | 2082/10/21 (4th Feb 2026) 14:00 HRs | 48,70,196.14 |

**Chief Administrative Officer**



Sudurpaschim Provincial Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
## Infrastructure Development Office
Dhangadhi, Kailali

**Letter of Intent**

**Date of Publication: 2082/09/21 (5th Jan 2026)**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| S.N | Contract Identification No: | Name Of Procurement Works | Lowest evaluated substantially responsive Bidder | Bid Price in NRs (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IDOKAILALI/W/ NCB/82/83-01 | Construction of Different 3 Roads in Dhangadhi Sub - Metropolitan City ward no -01, Kailali (Package-1) | M/S Daghari Nirman Sewa, Dhangadhi-05, Kailali | 7,307,183.08 |
| 2 | IDOKAILALI/W/ NCB/82/83-02 | Construction of Different 3 Roads in Dhangadhi Sub - Metropolitan City ward no -01, Kailali (package-2) | M/s Chatrapal Nirman Sewa, Dhangadhi-05, Kailali | 7,029,718.35 |
| 3 | IDOKAILALI/W/ NCB/82/83-03 | Construction of Different 6 Roads in Dhangadhi Sub - Metropolitan City ward no -02, Kailali | M/S BINDHEBASANI/ PRAKRITI-JV, Bhajani-01, Kailali | 11,861,364.67 |
| 4 | IDOKAILALI/W/ NCB/82/83-04 | Construction of Different 4 Roads in Dhangadhi Sub - Metropolitan City ward no -3, Kailali (Package-1) | M/s New Era Engineering Consultants Pvt.Ltd, Purbichauki Doti. | 9,151,172.07 |
| 5 | IDOKAILALI/W/ NCB/82/83-08 | Construction of Different 3 Roads in Lamkichuha Municipality Ward no -01 Kailali | M/S Panchakoshi National Construction Pvt. Ltd, Lamkichuha-1, Kailali | 7,004,838.10 |
| 6 | IDOKAILALI/W/ NCB/82/83-09 | Construction of Different 3 Roads in Lamkichuha Municipality Ward no -04 Kailali | M/S Laxmi builders and suppliers pvt.ltd, Bardagoriya 2 kailali | 5,329,465.86 |
| 7 | IDOKAILALI/W/ NCB/82/83-10 | Construction of Different 5 Roads in Lamkichuha Municipality Ward no -03 Kailali | M/S Jaya Bhawani Construction Pvt.Ltd, Ghodaghodi 01, kailali | 8,863,346.24 |
| 8 | IDOKAILALI/W/ NCB/82/83-11 | Construction of Different 5 Roads in Lamkichuha Municipality Ward no -07 Kailali | M/S Anukul Nirman Sewa private limited, Lamki chuha 1 Kailali | 7,762,992.57 |
| 9 | IDOKAILALI/W/ NCB/82/83-12 | Construction of Different 5 Roads in Lamkichuha Municipality Ward no -06 Kailali | M/S Laxmi builders and suppliers pvt.ltd, Bardagoriya-02, kailali | 10,394,150.74 |
| 10 | IDOKAILALI/W/ NCB/82/83-13 | Construction of Different 4 Roads in Lamkichuha Municipality Ward no -09 &10 Kailali | M/S Prakash Nirman Sewa, Tikapur-01, Kailali | 10,658,015.08 |
| 11 | IDOKAILALI/W/ NCB/82/83-14 | Construction of Different 3 Roads in Lamkichuha Municipality Ward no -08, Kailali | M/S Bist Construction, Lamkichuha-10, Kailali | 5,819,836.00 |
| 12 | IDOKAILALI/W/ NCB/82/83-15 | Construction of Different 6 Roads in Tikapur Municipality Ward no -01, 2 & 3, Kailali | M/S R.D. Engineering Solution, Lamkichuha-01, Kailali | 8,305,286.74 |
| 13 | IDOKAILALI/W/ NCB/82/83-16 | Construction of Different 2 Roads in Joshipur Rural Municipality Ward no -05 & 6 , Kailali | M/S Nidim Nirman Sewa, Tikapur, Kailali | 5,274,272.25 |
| 14 | IDOKAILALI/W/ NCB/82/83-17 | Construction of Different 4 Roads in Dhangadhi Sub - Metropolitan City ward no -3, Kailali (Package-2) | Shree Pawan Nirman Sewa, Saileshikhar -9, Darchula | 7,792,354.29 |
| 15 | IDOKAILALI/W/ NCB/82/83-18 | Construction of Different 4 Roads in Dhangadhi Sub -Metropolitan City ward no -3, Kailali (package-3) | Shree Pawan Nirman Sewa, Saileshikhar -9, Darchula | 7,633,063.21 |
| 16 | IDOKAILALI/W/ NCB/082/083-19 | Construction of Different 4 Roads in Dhangadhi Sub-Metropolitan City Ward no-19, kailali | M/S Top Construction Pvt. Ltd, Dhangadhi-5, Kailali | 10,299,109.24 |
| 17 | IDOKAILALI/W/ NCB/82/83-20 | Construction of Different 4 Roads of Dhangadhi Sub-Metropolitan City ward no -18, Kailali | M/S N.P.S./Lipulek/Saud JV, Dhangadhi-01 Kailali | 7,702,253.78 |
| 18 | IDOKAILALI/W/ NCB/82/83-20 | Construction of Different 4 Roads of Dhangadhi Sub-Metropolitan City ward no -18, Kailali | M/S N.P.S./Lipulek/Saud JV, Dhangadhi-01 Kailali | 7,702,253.78 |

**Office Chief**


CMYK

# रियलस्टेट क्षेत्रमा बैंकहरूको कर्जा लगानी स्थिर



**हिमालय टाइम्स**

काठमाडौं, २० पुस

रियलस्टेट क्षेत्रमा वाणिज्य बैंकहरूको कर्जा लगानी स्थिर देखिएको छ। चालु आर्थिक वर्षमा धेरैजसो वाणिज्य बैंकको घरजग्गा क्षेत्रमा कर्जा लगानी घटेको भए पनि कुल कर्जा भने अघिल्लो वर्षकै हाराहारी देखिएको छ। वाणिज्य बैंकहरूले चालु आर्थिक वर्ष २०८२/८३ को चार महिना अर्थात् कात्तिकसम्म रियलस्टेट क्षेत्रमा करिब साढे दुई खर्ब लगानी गरेका छन्। जुन गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिको तुलनामा ०.०२ प्रतिशतले मात्रै कम हो। गत आर्थिक वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूले सो क्षेत्रमा दुई खर्ब २५ अर्ब ९७ करोड ८० लाख रुपैयाँ कर्जा प्रवाह गरेका थिए। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार वाणिज्य बैंकहरूले चालु आर्थिक वर्षको कात्तिकसम्म कुल दुई खर्ब २५ अर्ब ९१ करोड ९० लाख रुपैयाँ घरजग्गा कर्जा प्रवाह गरेका हुन्।

नेपाल बैंकले चालु आर्थिक वर्ष कात्तिकसम्म रियलस्टेट क्षेत्रमा १० अर्ब १४ करोड ३२ लाख रुपैयाँ ऋण प्रवाह गरेको छ। जुन गत आर्थिक वर्षको तुलनामा २६.४९ प्रतिशतले कम हो। गत आर्थिक वर्षको सोही अवधिमा बैंकले सो क्षेत्रमा १३ अर्ब ७९ करोड ९० लाख रुपैयाँ लगानी गरेको थियो। त्यस्तै, राष्ट्रिय वाणिज्य बैंकले कात्तिकसम्म नौ अर्ब ६७ करोड ८६ लाख लगानी गरेको छ। जुन गत आर्थिक वर्षको तुलनामा ०.४१ प्रतिशतले कम हो। गत आर्थिक वर्षको सोही अवधिमा बैंकले नौ अर्ब ७२ करोड ५७ लाख रुपैयाँ जग्गामा लगानी गरेको थियो भने नबिल बैंकले घरजग्गामा २२ अर्ब ९५ करोड ६८ लाख रुपैयाँ लगानी गरेको छ। जुन गत आर्थिक वर्षभन्दा ३.३२ प्रतिशतले कम हो। गत आर्थिक वर्षको सोही अवधिमा उक्त बैंकले २३ अर्ब ७४ करोड ६८ लाख रुपैयाँ  लगानी गरेको थियो। नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले २३ अर्ब ८८ करोड ५६ लाख रुपैयाँ लगानी गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा २४ अर्ब ७४ करोड ७२ लाख रुपैयाँ लगानी गरेको थियो भने स्ट्याण्डर्ड चार्टर्ड बैंकले सात अर्ब १९ करोड ८९ लाख रुपैयाँ लगानी गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त बैंकले घरजग्गामा आठ अर्ब २८ करोड ८५ लाख रुपैयाँ लगानी गरेको थियो भने हिमालयन बैंकले ११ अर्ब ४८ करोड ८३ लाख रुपैयाँ लगानी गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा बैंकले १३ अर्ब २९ करोड ९८ लाख रुपैयाँ लगानी गरेको थियो।

त्यसैगरी नेपाल एसबिआई बैंकले चार अर्ब तीन करोड नौ लाख रुपैयाँ लगानी गरेको छ भने एभरेष्ट बैंकले आठ अर्ब छ करोड ७४ लाख, एनआइसी एसिया बैंकले २२ अर्ब ८३ करोड २९ लाख, माछापुच्छ्रे बैंकले एक अर्ब ५९ करोड ३६ लाख, कुमारी बैंकले सात अर्ब ६२ करोड २६ लाख, लक्ष्मी सनराइज बैंकले १५ अर्ब ४६ करोड ५३ लाख रुपैयाँ लगानी गरेको छ।

त्यस्तै, सिद्धार्थ बैंकले चार अर्ब ३१ करोड ३८ लाख, कृषि विकास बैंकले दुई अर्ब ५८ करोड ३८ लाख, ग्लोबल आइएमई बैंकले १७ अर्ब ४१ करोड ६९ लाख, सिटिजन्स बैंकले तीन अर्ब ९७ करोड १२ लाख, प्राइम बैंकले २३ अर्ब ६८ करोड ७७ लाख, एनएमबी बैंकले पाँच अर्ब ११ करोड, प्रभु बैंकले १६ अर्ब ७५ करोड नौ लाख र सानिमा बैंकले सात अर्ब ११ करोड ९५ लाख रुपैयाँ घरजग्गामा लगानी गरेका केन्द्रीय बैंकको तथ्यांकमा उल्लेख छ।

राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को चार महिना अर्थात् कात्तिकसम्म बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ३.१ प्रतिशत (दुई खर्ब २२ अर्ब ३८ करोड) ले बढेर ७४ खर्ब ८६ अर्ब २५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप २.३ प्रतिशत (एक खर्ब ४९ अर्ब ८४ करोड) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ कात्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १३.४ प्रतिशतले बढेको छ।

२०८२ कात्तिकमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३५.५ प्रतिशत रहेको छ। २०८१ कात्तिकमा यस्तो निक्षेपको अंश ३५.८ प्रतिशत रहेको थियो। त्यस्तै, समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १.२ प्रतिशत (६५ अर्ब चार करोड) ले बढेर ५५ खर्ब ६२ अर्ब ७५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा एक खर्ब २८ अर्ब ४७ करोड(२.५ प्रतिशत) ले बढेको थियो। आर्थिक वर्ष २०८२/८३ को चार महिनामा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये निर्माण क्षेत्रतर्फको कर्जा ३.२ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा २.९ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १.९ प्रतिशत, उपभोग्य क्षेत्रतर्फको कर्जा १.७ प्रतिशत, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ०.४ प्रतिशत र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ०.१ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा २.६ प्रतिशत र वित्त बीमा र अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा २.५ प्रतिशतले घटेको छ।

# अकबरे खुर्सानी खेतीबाट वार्षिक १० लाख बढी आम्दानी



**ध्रुवसागर शर्मा/हिटा**

म्याग्दी, २० पुस

पूर्वतर्फ मोहोडा फर्किएको भिरालो तर घमाइलो ठाउँ। कृषिबाट नै समृद्धिका संसाधनहरू प्राप्त गर्न सफल भएको म्याग्दीको बेनी नगरपालिका वडा नं. ३ मा पर्ने भकिम्ली गाउँमा पछिल्लो समय स्थानीयले परम्परागत कृषि पद्धति त्यागेर व्यावसायिक कृषि अपनाई प्रशस्त आम्दानी गर्न सफल भएका छन्। तिनै व्यक्तिहरूमध्ये एक हुनुहुन्छ लालबहादुर पुन।

बेलायत जान भनेर गरेको प्रयास सफल भई भिसासमेत लागेको समयमा पुनको मन परिवर्तन भयो। गाउँमै बसेर मासिक एक लाख जति कमाउन सक्ने हो भने किन जाने विदेश भन्ने विचार मनमा आएपछि बेलायतको भिसालाई त्यागेर उहाँ कृषिकर्मसँग जोडिनुभयो। बेलायत (युके) जाने भिसा लागेको भए पनि उहाँले विदेश जानुको सट्टा गाउँमै बसेर सुरु गरेको कृषि व्यवसायले अहिले प्रशस्त आम्दानी दिन थालेको छ।  विगत १६ वर्षदेखि पुनले भकिम्लीको माटोमा नै सम्पत्ति र सन्तुष्टिको आनन्द लिइरहनुभएको छ। 'युकेको भिसा लाग्दा पनि नजाने भनेर गाउँघरमा पहिला धेरैले कुरा काटे तर अहिले अकबरे खुर्सानीबाट प्राप्त हुने आम्दानीले कुरा काट्नेहरूको मुख थुनिदिएको छ,' पुनले भन्नुभयो। उहाँले यस वर्ष उत्पादन गरेको १० क्विन्टल अकबरे खुर्सानी बिक्री गरेर १० लाख बढी आम्दानी भएको बताउनुभयो।

प्रतिकेजी दुई सय रुपैयाँका दरले बिक्री गरेको र अझै पनि करिब तीन क्विन्टल हाराहारी खुर्सानी टिप्नै बाँकी रहेको उहाँको भनाइ छ। बेनी नगरपालिका-३ भकिम्लीको सिममा अकबरे खुर्सानी र किवी खेती गरेर बस्नुभएका ४५ वर्षीय पुन आफ्नो कमाइ र उत्पादन दुवैबाट सन्तुष्ट हुनुहुन्छ। उत्पादन भएको अकबरे खुर्सानी म्याग्दी जिल्लाको सदरमुकाम बेनी, बागलुङ, पोखरा र पर्वतको कुस्मालगायतका बजारमा पठाइएको उहाँले बताउनुभयो।

बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले लालबहादुरले आफ्नै घरमा बसेरै परिवार पाल्नेमात्र नभएर शिक्षादीक्षाका लागि पनि महत्त्वपूर्ण काम गर्दै आफ्नै ठाउँलाई खनीखोस्नी गरेर राम्रो आम्दानी गर्नुभएको बताउनुभयो। वडाध्यक्ष पुनका अनुसार लालबहादुरले घरमै बसेर परिवारसहित कृषिमा गरेको मिहिनेतका कारण वार्षिक १० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ। उहाँले भन्नुभयो, 'लालबहादुरले देखाएको उदाहरणले स्वदेशमै पनि राम्रो आम्दानी र सम्मान प्राप्त गर्न सकिन्छ भन्ने सन्देश दिएको छ।'

कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बास्तोलाले लालबहादुरको खुर्सानीका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराएको बताउनुभयो। उच्च पहाडी क्षेत्रमा हुने अकबरे खुर्सानी उत्पादनका हिसाबले निकै राम्रो तवरले भकिम्लीमा भएको उहाँको भनाइ छ। पुन कृषिसँगै फलफूल तथा व्यावसायिक खेतीमा पनि लाग्नुभएको छ । उहाँको बगानमा हाल २५० वटा किवीका बोट रहेका छन्। साथै गाउँमै सञ्चालन गरिएको फर्निचर व्यवसायबाट पनि उहाँले उल्लेख्य आम्दानी गर्न सफल भएको वडाध्यक्ष पुनको भनाइ छ।

# ज्योति बैंकद्वारा स्वास्थ्य संस्थाहरूलाई बेबी वार्मर

**काठमाडौं।** ज्योति विकास बैंकले देशका ग्रामीण क्षेत्रहरूमा जीवनरक्षक चिकित्सा उपकरणहरूको महत्त्वलाई दृष्टिगत गर्दै कोशी प्रदेशका विभिन्न जिल्लाका स्वास्थ्य चौकीहरूमा नवजात शिशुको शारीरिक तापक्रम उचित राख्न र हाइपोथर्मिया (अल्पताप) बाट जोगाउन बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको छ। सुरक्षित प्रसूति सेवाको पहुँच दुर्गम क्षेत्रमा पनि सुनिश्चित गर्ने उद्देश्यले बैंकले आफ्नो शाखा नभएका स्थानमा समेत उक्त स्वास्थ्य उपकरणहरू उपलब्ध गराउँदै आएको बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हालसम्म देशभर ७० वटा मेसिन जडान गरिसकेको जनाएको छ। ज्योति विकास बैंकको पहलमा संखुवासभा जिल्लाको सिलिचोङ गाउँपालिका १२ स्थित सिसुवाखोला हेल्थ पोस्ट र मकालु गाउँपालिका ५ स्थित नुम प्राथमिक स्वास्थ्य केन्द्रमा बेबी वार्मर जडान गरिएको छ।

त्यस्तै, खोटाङको जालपा १२ स्थित पुजनसेवा नगर अस्पताल र पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका २ स्थित एकतीन हेल्थ पोस्टमा पनि बेबी वार्मर जडान गरिएको बैंकले जनाएको छ। सोही अवसरमा अस्पतालका डाक्टर, नर्सलगायत सम्बन्धित कर्मचारीहरूलाई विज्ञमार्फत् बेबी वार्मर सञ्चालनसम्बन्धी विशेष तालिम पनि प्रदान गरिएको बैंकले जनाएको छ। बैंकका अनुसार विभिन्न चरणहरूमार्फत् देशका विभिन्न अस्पताल, स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरहरूमा यसअघि प्रदान गरेका ६६ वटा बेबी वार्मर उपकरणमार्फत् हरेक वर्ष करिब २४ सय ४२ भन्दा बढी शिशु लाभान्वित भएका छन्।




## शिखर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
तल्कोट डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

**आन्तरिक आयको ठेक्का सम्बन्धि सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२।०९।२१**

शिखर नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयको ठेक्काको लागि बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय ठेक्काको लागी सार्वजनिक खरिद नियमावलीको नियम (४०) को उप नियम (२) वमोजिम सबै योग्य बोलपत्रदाताहरुको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम कबोल अंक रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | बोलपत्र पेश तथा खुल्ने अन्तिम मिति | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| SMDOTI/NCB/R/06/2082/083 | शिखर नगरपालिका सेती नदीबाट प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा ,भरान तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु. ७७,८५,५९१।७७ | कबोल अंक (मु.अ. कर सहित) को ५ (पाँच) प्रतिशत हुन आउने रकम | **पेश मिति :** २०८२।०९।२८ गते दिउसो १२:०० बजे **खुल्ने मिति र समय :** २०८२।०९।२८ गते दिउसो ०१:०० बजे शिखर नगरपालिका तल्कोट डोटी। | ३,०००।०० |

यस सम्बन्धि विस्तृत जानकारीका लागी यस सम्बन्धि यस सम्बन्धि विस्तृत जानकारीका लागी यस सम्बन्धि www.bolpatra.gov.np/egp मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Warm Temperate Horticulture Centre, Kathmandu
### Invitation for Bids

**Date of publication: 5th January 2026**

1. **Warm Temperate Horticulture Centre, Kathmandu** ***invites*** electronic bids from Nepalese eligible bidders for the construction of ***following bids.*** Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Warm Temperate Horticulture Centre, Kathmandu** or may visit PPMO website www.bolpatra.gov.np/egp.
2 Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp.**. Bidders, submitting their bid electronically, should deposit **Rs. 3000** for the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank. Office Code no. : 312013501
   Account no. : 1000100200010000, Rajaswa (revenue) Shirshak no. : 142294.
3. Electronic bids must be submitted to the office **Warm Temperate Horticulture Centre, Kathmandu** through PPMO website www.bolpatra.gov.np/egp on or before ***following date.*** Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Warm **Temperate Horticulture Centre, Kathmandu.** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of followings amount, which shall be valid for 30 days beyond the validity period of the bid.

| S.N | Contract ID | Contract Name | Bid doc Fee (Nrs) | Bid Security (Nrs) | Bid Submission Date | Bid Opening Date | Estimate amount (without Vat & PS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/WORKS/NCB/WTHC/2082/83 | Flexible Pavement works from Gate to office of WTHC, Kirtipur, Kathmandu | 3000 | 100,000 | 5th Feb 2026, 12:00 | 5th Feb 2026, 14:00 | Nrs.34,76,209.14 |

## Itahari Sub-Metropolitan City
### Office of the Municipal Executive
Itahari, Sunsari

**Invitation for Bids**

**Date of Publication: 2082/09/21 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari, Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount (without VAT and contingency but including PS) NRs. | Bid Price NRs. | Bid Validity Period/ Bid Security Period | Bid Security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/16W/082/083 | Construction of Bituminous Asphalt Concrete Road (Tengra River Corridor North of Narayan Gopal Marga), Itahari-4, Sunsari | 22,01,288.28 | 3,000.00 | 90/120 days | 62,000.00 | Single-Stage, Single-Envelope (NCB) |
| 2 | ITR/NCB/18W/082/083 | Construction of Bituminous Asphalt Concrete Road From Sera Chowk to South Road , Itahari-19, Sunsari | 35,18,979.72 | 3,000.00 | 90/120 days | 1,00,000.00 | Single-Stage, Single-Envelope (NCB) |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at **www.bolpatra.gov.np/egp.**

# विदेशमा उच्च शिक्षा सोचेजस्तो छैन सहज

म पनि त एउटा रोजगारदाता हुँ। जब नेपाली विद्यार्थीहरूको सिभी हेर्छु, उनीहरूसँग स्किल नै हुँदैन। अहिलेको जमानामा बाइक चलाउन आउँछ, बरिस्ता कफी बनाउन आउँछ भनेर हुँदैन। कफी त मेसिनले नै बनाउँछ। एआईको जमाना आइसक्यो, आइटी इञ्जिनियरहरूको जागिर जाँदैछ।



हरि कार्की

नेपाली विद्यार्थीहरूका लागि विदेशमा उच्च शिक्षा अध्ययन सोचेजस्तो सहज छैन। खासगरी मध्यम र निम्नमध्यम वर्गीय परिवारका विद्यार्थीहरूका लागि विदेशमा अध्ययन खर्च व्यवस्थापन निकै चुनौतीपूर्ण देखिएको छ। तर, विदेशमा सफल पाँच-दश प्रतिशत विद्यार्थीलाई देखाएर नेपालबाट उच्च शिक्षा अध्ययनका लागि बजारीकरण गर्ने काम भइरहेको छ। जसका कारण विद्यार्थीहरू सकी नसकी विदेश जाने प्रवृत्ति बढेर गएको छ। त्यसरी जाने अधिकांश विद्यार्थीहरू चरम मानसिक तनावमा छन्।

उच्च शिक्षाका लागि विदेशिने लाखौं लाख विद्यार्थीमध्ये केही हजारमात्र ग्राजुयट भएका छन्। लाखौं विद्यार्थी पढ्न सकेका छैनन्, बेलायत, अष्ट्रेलिया, क्यानाडा, न्युजिल्याण्डलगायत विभिन्न देशहरूमा। के हामीले शैक्षिक जनशक्ति बनाउन पठाएका हाम्रा कलिला विद्यार्थीहरू शैक्षिक जनशक्तियुक्त भएका छन् ? यसबारेमा मैले भन्दा तपाईंहरू नपत्याउनु होला भनेर नै सोही वास्तविकता उजागर गर्न हामीले 'डेस्टिनेसन युके' भन्ने प्रोग्राम नै सञ्चालन गरेका छौं। हामीले बेलायतका विभिन्न शहर र बेलायतका विभिन्न युनिभर्सिटीमा त्यहाँ नेपाली विद्यार्थीहरूसँग भेटेर त्यहाँका समुदायसँग भेटेर उनीहरूले भनेका वास्तविकता हामीले भिडियोमार्फत् उजागर गर्ने प्रयास गरिरहेका छौं। डेस्टिनेसन १ पछि हामीले भर्खरै डेस्टिनेसन २ लञ्च सञ्चालन गरेका छौं। जसको उद्देश्य के हो भने बेलायत एउटा उचित र एकदमै राम्रो शैक्षिक जनशक्ति उत्पादन गर्ने देश हो तर त्यसका लागि हाम्रो देश नेपालमै हामी सक्षम छौं कि छैनौं ? किनभने मैले यसो भन्दा केही समयअघिमात्रै शिक्षामन्त्री डा. महावीर पुनसँग मेरो कुराकानी भएको थियो, उहाँले मलाई के भन्नुभयो भने 'हरि, डाटा कहाँ छ ? छ भने देऊ।' तर, बेलायतका युनिभर्सिटीहरूले हामीलाई डाटा दिँदैनन्। भन्छन्, पर्सनल गोप्यता दिन मिल्दैन। त्यही भएर हामीले भिडियो खिचेर त्यहाँको वास्तविकता लिइरहेका छौं। अब डाटा कुनै पनि मन्त्री या प्रधानमन्त्रीलाई चाहियो भने पनि हामी दिन पनि सक्षम भएका छौं, हामीसँग डाटा रेडी छ, बेलायतमा विद्यार्थीहरूले के गरेर बसिरहेका छन् भनेर।

त्यसो त मैले विद्यार्थीलाई बेलायत पढ्न नजानु भन्न खोजेको होइन। मैले यसो भनिरहँदा बेलायत जानका लागि सबै प्रक्रिया पूरा गरिसकेका हाम्रा विद्यार्थीलाई नराम्रो लाग्न पनि सक्छ। त्यसो त यस्ता कुराले बेलायत नजाने सोच आएको छ भने हामी विद्यार्थीसँग लिएको ट्यूसन फी पूरै रिफण्ड गर्न पनि तयार छौं। 'यु क्यान स्टे विथ योर फ्यामिली एण्ड यु क्यान लिभ ह्यापिली।' तर, यदि संघर्ष गर्न जाँदै हुनुहुन्छ भने प्लिज यो कुरा ध्यान दिनुस्। हामीले १२ कक्षापछि आफ्ना बच्चाहरूलाई पढाउन विदेश पढ्न पठाउनुभन्दा अगाडि हामीसँग भोकेसनल ट्रेनिङका विभिन्न संस्थाहरू छन्। जस्तो सिटिइभिटी छ, उनीहरूलाई सिटिइभिटीको ट्रेनिङ किन नदिने ? यदि उनीहरूसँग एउटामात्र स्किल भयो भने केही गर्न सक्छन् तर हाम्रा विद्यार्थीहरूसँग एउटा पनि स्किल छैन। घरमा पानी तताउनसमेत नजान्ने बच्चालाई हामीले विदेशमा पठाइरहेका छौं।

म पनि त एउटा रोजगारदाता हुँ, म बेलायतमा बस्छु। जब नेपाली विद्यार्थीहरूको सिभी हेर्छु, उनीहरूसँग स्किल नै हुँदैन। अहिलेको जमानामा बाइक चलाउन आउँछ, बरिस्ता कफी बनाउन आउँछ भनेर हुँदैन। अहिले कफी त मेसिनले नै बनाउँछ। एआईको जमाना आइसक्यो, अब आइटी इञ्जिनियरहरूको जागिर जाँदैछ। बेलायतका सबै जनशक्तिहरू दक्ष छन्, स्किल छ, उनीहरू पढेका छन् तर उनीहरूलाई के स्किल चाहिएको छ भने प्लम्बर चाहिएको छ, कार्पेन्टर चाहिएको छ, इलेक्ट्रिसियन चाहिएको छ। त्यस्ता स्किलयुक्त मान्छेहरू चाहिएको छ। यसो भनेर मैले हाम्रा बच्चाहरूलाई फेरि इलेक्ट्रिसियन बनाउनु भनेको होइन, यदि उनीहरूसँग इलेक्ट्रिसिटीसम्बन्धी ज्ञान छ भने आफ्नो पढाइ सकेपछि नेपालमा आएर इलेक्ट्रिसिटीसम्बन्धी राम्रो कम्पनी सञ्चालन गर्न सक्छन्। बेलायतको पढाइले मात्र विद्यार्थीले केही पनि गर्ने वाला छैन।

स्किल नभएको व्यक्ति बेलायतमात्रै होइन, कुनै पनि विकसित देशमा बिक्न सक्दैन। मैले राज्यलाई पनि भनेँ, हामी पाँच प्रतिशत सक्सेसफुल मान्छेहरू जो विदेशमा छन्, उनीहरूलाई देखेर ९५ प्रतिशत हाम्रा विद्यार्थी बेलायत, अष्ट्रेलिया, अमेरिका, क्यानडा, पठाइरहेका छौं। विदेश पढ्न गएको विद्यार्थीले सुसाइड गर्‍यो, डिप्रेसन भयो। त्यस्तो किन भइरहेको छ ? किनभने त्यसमा मुख्य फाइनान्सियल कारण छ। त्यो फाइनान्सियल कारण के हो भने उचित परामर्श नभएर हो। विदेश पढ्न जान सक्ने आर्थिक अवस्था नभएकाहरू पनि विदेश गइरहेको अवस्था छ। धेरैजसो अभिभावकहरूले ऋण लिएर, जग्गा बेचेर बच्चालाई पठाएका हुन्छन्, त्यसपछि आशा के हुन्छ भने बच्चाले त्यो ब्याज तिरिदियोस्, ऋण तिर्ने त आशा हुँदैन, छोराछोरीले ब्याज तिरिदियोस् भन्ने आशा हुन्छ। विद्यार्थीलाई आधा ट्यूसन फी तिरेर पठाइएको हुन्छ। युनिभर्सिटीको फी टोटल ३० लाख लाग्ने भए पनि अभिभावकहरू नआत्तिऊन् भनेर कतिपय कन्सल्टेन्सीहरूले २० लाखमा पनि जान मिल्छ भन्दिन्छ। कसरी जान मिल्छ भने आधा फी तिरेर जान मिल्छ। बाँकी आधा फी कसरी तिर्ने थाहा हुँदैन। त्यहाँ गएर कमाउँदै तिर्दै गर्न सकिन्छ भन्ने भ्रममात्रै हो। मानिलिऊँ, सेप्टेम्बरमा गएको विद्यार्थीले जनवरीमा फी तिर्नुपर्छ या जनवरीमा गएको छ भने अप्रिल, मेमा फी तिर्नुपर्छ। त्यो अवस्थामा के हुन्छ भने त्यहाँ पुगेको भर्खर तीन महिनामात्रै भएको हुन्छ। आमाबुबाले हजार, १५ सय पाउण्ड दिएर पठाएको हुन्छ, जुन तीन महिनालाई मात्रै पुग्ने पैसा हुन्छ तर युनिभर्सिटीले तैंले फी तिरिनस् भने तँलाई निकालिदिन्छु भन्छ। निकालिदियो भने त भिसा सिद्धियो। काम गरेर तिर्छु भन्दा पनि सक्दैन। किनभने काम गरेर १३ पाउण्ड कमाइ हुन्छ, १३ हजार पाउण्ड तिर्नुपर्ने हुन्छ। वर्षभरि काम गरेको पैसाले पनि त्यो फी तिर्न पुग्दैन। खानबस्न त कुरै छोडौं। यता आमाबुबाले भन्न थाल्छन्, 'ए बाबु, त्यहाँ पल्ला घरेले त पठाइसक्यो, तैंले किन पठाइनस्।' अहिले हाम्रा ९० प्रतिशत नेपाली विद्यार्थीहरू त्यस्तै भिसामा छन्।

यताबाट बुबाआमाको ऋण तिर्न सकेको छैन, युनिभर्सिटीको फी तिर्न सकेको छैन अनि विद्यार्थी अन्धकारमा हुन्छ। उसले बाटो देख्दैन, बाटो नदेखेपछि त्यही अवस्था आउँछ। अहिले पनि बेलायतमा मानसिक तनावमा भएका धेरै बच्चाहरू छन्। जसबारेमा यहाँ कुरा नै हुँदैन। त्यसैले म भन्छु, अहिले सकीनसकी विदेश पढ्न जानुपर्ने अवस्था छैन। जो विद्यार्थीले सक्दैन, विदेशकै जस्तो गुणस्तरीय शिक्षा प्रदान गर्ने संस्थाहरू नेपालमै पनि धेरै छन्।

त्यसैले बच्चाहरूलाई विदेशमै पठाउने भए पनि यहीँ पढाएर यही स्किलफुल बनाएर पठाऊँ। ब्याचलर्स पढ्ने विद्यार्थीहरू यहीँ नै पढून्। तीन वर्षसम्म सरकारले एनओसी नै बन्द गरोस्। किनभने यहीँ पढाएर, यहीँ रोजगारी सिर्जना गर्न सकियो भने देशले केही पाउने हो। सिटिइभिटीको ट्रेनिङ सर्टिफिकेट भएको विद्यार्थीलाई मात्र सरकारले एनओसी देओस्, किनभने हाम्रा विद्यार्थी विदेश गएर स्किल छैन भनेर बाटोमा सुत्नुपर्ने दिन नआओस्। फाइनान्सियल डकुमेन्ट चेक गरेरमात्र एनओसी देओस्। बेलायतका युनिभर्सिटीहरूले हामीलाई नेपाली विद्यार्थीले तीन वर्ष पुग्ने फाइनान्सियल लोन पेपर दिन्छ तर किन सेकेण्ड इयरको फी पनि तिर्न सक्दैनन् भनेर सोधिरहन्छन् तर हामीसँग कुनै जवाफ हुँदैन। हुँदाहुँदा अहिले यस्तो दिन आइसक्यो कि हामीले भारत र बिहारको डुप्लिकेट सर्टिफिकेट आयो भन्थ्यौं, अहिले नेपालकै सर्टिफिकेट डुप्लिकेट आउन थालिसक्यो।

(कार्की बिज एजुकेसन(युके)को डाइरेक्टर हुनुहुन्छ।)






# नेपाल लाइफको २१.०५ लाभांश पारित

**काठमाडौं।** नेपाल लाइफ इन्स्योरेन्सको २६औं वार्षिक साधारणसभा शनिबार वीरगञ्जमा सम्पन्न भएको छ। कम्पनीका सञ्चालक समितिका अध्यक्ष गोविन्दलाल संघईको अध्यक्षतामा भएको साधारणसभामा अध्यक्ष संघईले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यप्रगति प्रतिवेदन छलफलपछि पारित गरिएको थियो। साथै साधारणसभाले आर्थिक वर्ष २०८१/८२ को वितरणयोग्य मुनाफाबाट कम्पनीको हाल कायम चुक्ता पुँजी नौ अर्ब दुई करोड ८७ लाख रुपैयाँको २१.०५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मतरूपमा पारित गरेको छ। जसअनुसार सेयरधनीलाई १६.०५ प्रतिशत नगद लाभांश (करसहित) र पाँच प्रतिशत बोनस सेयर प्रदान गरिनेछ। त्यस्तै, साधारणसभाले संस्थापक समूहतर्फबाट गोविन्दलाल संघई, कमलेशकुमार अग्रवाल र विवेककुमार अग्रवाललाई निर्विरोध निर्वाचित गरेको छ। सञ्चालक समितिको ४०७औं बैठकले संघईलाई पुनः सर्वसम्मतरूपमा अध्यक्ष चयन गरेको छ।

अध्यक्ष संघईले कम्पनीको व्यावसायिक हिस्सा र गरिमालाई थप उचाइमा पुर्‍याउन संरचनात्मक सुधार, संस्थागत सुशासनमा कडाइ, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, नवीन प्रविधि प्रयोग, ग्राहक केन्द्रित योजना र डिजिटल रूपान्तरणमा जोड दिँदै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। सञ्चालक कमलेशकुमार अग्रवालले प्रतिकूल परिस्थितिका बाबजुद पनि कम्पनीले अग्रस्थान कायम गर्न सफल भएको बताउनुभएको थियो भने प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले आर्थिक वर्ष २०८१/८२ मा सामना गरिएका चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै हासिल गरिएका उपलब्धि र आगामी योजना प्रस्तुत गर्नुभएको थियो। कम्पनीका अनुसार २०८२ असोजसम्म कम्पनीको कुल लगानी दुई सय ५४ अर्ब रुपैयाँ पुगेको छ भने जीवन बीमा कोष दुई सय ४५ अर्ब र सेयरधनी कोष १३ अर्ब रुपैयाँभन्दा बढी रहेको छ। कम्पनीले हालसम्म तीन सय २६ अर्ब रुपैयाँ बीमाशुल्क आर्जन गरेको र एक सय तीन अर्ब रुपैयाँभन्दा बढी दाबी भुक्तानी गरिसकेको जनाएको छ।

## भोटखोला गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सखुवासभा

**शिलबन्दी बोलपत्र स्वीकृतिको आशय पत्र जारी गरिएको सम्बन्धमा**

**प्रकाशित मिति : - २०८२/०९/२१ गते।**

यस गाउँपालिकाको आ.व.२०८२।०८३ को लागी मिति २०८२।०८।०७ र २०८२।०८।११ गते मध्यान्ह र प्रभाव राष्टिय दैनिकमा बिधुतिय माध्यमबाट प्रकाशित खुल्ला बोलपत्रको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये परिक्षण र मुल्याङ्कन गर्दा रितपुर्वक देखिएका बोलपत्रहरु मूल्यांकन समितिबाट प्राबिधिक एंव आर्थिक पक्षको मुल्यांकन गर्दा निम्न बोलपत्र न्युन्तम मुल्यांकित सारभूत रुपमा प्रवाहग्राही ठहर भई स्वीकृतिको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो आशयको सुचना प्रकाशित गरिएको छ।

| ठेक्का न. | निर्माण कार्यको बिवरण | स्वीकृत भएको फर्मको नाम | कबोल अंक (मु.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|
| BKRM/NCB/WORKS /01/082/83 | Construction of Hostel Building of Krishna Madhyamik Bidhyalaya, Gola | Bhaichung Engineering Constructionऽ Bhotkhola-3 | Rs.74,46,078 |
| BKRM/NCB/WORKS /02/082/83 | Construction of Truss Building and Compound work | Shree Handrix Construction and Suppliers Pvt.Ltd. Phidim-1 | Rs.33,54,183.5 |
| BKRM/NCB/WORKS /03/082/83 | Construction Work for Hostel Building of Shree Arunodaya Ma Bi, Lingam | Prashika Construction & Suppliers Pvt. Ltd.Tokha | Rs.56,97,162.5 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Bagmati Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office,Sindhupalchok**

**Invitation for Bids**

**IFB No : 03/082-83**

***First Date of publication: 2082/09/21 (5th-Jan-2026)***

1. Infrastructure Development Office (IDO), Sindhupalchok Bagmati Province invites electronic bids from eligible bidders for the Construction of contracts mentioned below.

| SN | Description of Work and Contract Id No. | Bid Security Amount (NRs.) | Estimated Cost NRs excluding PS & VAT (NRs.) |
|---|---|---|---|
| 1 | Upgrading of different road at barhabise municipality ward-6[Baseri danda kateri gati mandra road +Yarsa dekhi yansinghpole jane road] [IDOSIN/W/NCB/42/082-83] | 1,05,000 | 41,26,721.57 |
| 2 | Upgrading of chilaune tole nagedanda road,Barhbise-3,Sindhupalchok [IDOSIN/W/NCB/43/082-83] | 30,000 | 11,65,011.93 |
| 3 | Upgrading of kulomuni daldanda road,tripurasundari ga pa 4 , sindhupalchok. [IDOSIN/W/NCB/44/082-83] | 28,000 | 10,78,185.69 |
| 4 | Lamosanghu Topka Besari Pahari Gaun Sadak, Balefi 8 , Sindhupalchok. [IDOSIN/W/NCB/45/082-83] | 35,000 | 13,77,535.99 |
| 5 | Salghari Thagam Bhairabkunda Sadak Ba.Na.Pa-7,Sindhupalchok [IDOSIN/W/NCB/46/082-83] | 44,000 | 17,19,990.58 |
| 6 | Upgrading of Amaldanda Magargaun Sadak,Ba.Na.Pa-7,Sindhupalchok [IDOSIN/W/NCB/47/082-83] | 53,000 | 20,69,135.37 |
| 7 | Upgrading different roads of barhabise ward-8[Kaavrekhola harre jambu sadak+Suryekaaji harre lakuridanda sadak] [IDOSIN/W/NCB/48/082-83] | 59,000 | 23,21,046.5 |
| 8 | Upgrading of ghude sadak Ba.Na.Pa.-8,Sindhupalchok. [IDOSIN/W/NCB/49/082-83] | 44,000 | 17,28,276.07 |
| 9 | Bagain danda basnet tol pokhari sahid marga Barhabise Na.Pa.2,Sindhupalchok [IDOSIN/W/NCB/50/082-83] | 30,000 | 11,66,730.47 |
| 10 | Upgrading of Chhermadong Manang Gholang Khola ,Lisankhupakhar-2,Sindhupalchok [IDOSIN/W/NCB/51/082-83] | 35,000 | 13,77,410.87 |
| 11 | Upgrading of Kodari Lalbirchok Ringroad,Bhotekoshi-02,Sindhupalchok [IDOSIN/W/NCB/52/082-83] | 30,000 | 11,60,584.09 |
| 12 | Sunkoshi bange daregauda sadak ,Ba.Na.Pa-4,Sindhupalchok [IDOSIN/W/NCB/53/082-83] | 35,000 | 13,82,194.51 |
| 13 | Upgrading of Gairekhet hudai kisandorge sadak Ba.Na.Pa-5,Sindhupalchok [IDOSIN/W/NCB/54/082-83] | 30,000 | 11,64,582.59 |
| 14 | Upgrading of lahuretole dekhi mankamana jambot samma jane sakad,tripurasundari-3,Sindhupalchok [IDOSIN/W/NCB/55/082-83] | 44,000 | 17,19,454.03 |
| 15 | Upgrading of Pipaldanda Nepalgau Sadak Ba. Na. Pa.-8, Sindhupalchok [IDOSIN/W/NCB/56/082-83] | 53,000 | 20,73,795.52 |
| 16 | Upgrading of ward karelaya dekhi Bulkote basti samma 4 km sammko sadak Bhotekoshi Ga.Paa.-5, Sindhupalchok [IDOSIN/W/NCB/57/082-83] | 35,000 | 13,81,862.83 |
| 17 | Upgrading of Tinchautara ghatekhola sadak Tripurasundari Ga.Paa.-4, Sindhupalchok [IDOSIN/W/NCB/58/082-83] | 44,000 | 17,19,879.04 |
| 18 | Upgrading of different road projects at Ba. Na. Pa. -3 [Ambudanda Purano Gaun Nigale Gaun Road + Purano Gaun Nigale Gogane Khani Krishi Sadak] [IDOSIN/W/NCB/59/082-83] | 96,000 | 37,98,518.46 |

2. Cost of each Biding Document is Nrs. 3,000.00, Should be Deposited in Office account mentioned in Bid Document.
3. Pre-bid meeting shall be held 25th Jan, 2026 A.D. (2082/10/11 B.S.) at 12:00 in IDO office, Sindhupalchok.
4. Last date of bid submission is 5th Feb, 2026 A.D. (2082/10/22B.S.) at 12:00 and bid opening shall take place in IDO office on 5th Feb, 2026 A.D. (2082/10/22B.S.) at 13:00 & detail information related to respective invitation for bids can be obtained from PPMO's e-GP system Website: http:/www.bolpatra.gov.np/egp

**Senior Divisional Engineer**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल